# परवानीपुर गाउँपालिका

## दिगो विकास लक्ष्य स्वैच्छिक पुनरावलोकन प्रतिवेदन, २०७९




परवानीपुर गाउँपालिका
मधेश प्रदेश, बारा, परवानीपुर, लिपनी मल

# परवानीपुर गाउँपालिका

## दिगो विकास लक्ष्य स्वेच्छिक पुनरावलोकन प्रतिवेदन, २०७९




**परवानीपुर गाउँपालिका**

मधेश प्रदेश, बारा, परवानीपुर, लिपनी मल

# परवानीपुर गाउँपालिका
# दिगो विकास लक्ष्य स्वेच्छिक पुनरावलोकन प्रतिवेदन, २०७९

**प्रतिलिपि अधिकार @ परवानीपुर गाउँपालिका**
**मधेश प्रदेश, बारा, परवानीपुर, लिपनी मल**

प्रकाशकः परवानीपुर गाउँपालिका

फोनः ९७७-०५१-४१०१६३

ईमेल: parwanipurgaunpalika@gmail.com

वेबः parwanipurmun.gov.np

प्राविधिक सहयोग: Reorienting Public Finance for SDGs Acceleration and Leveraging Additional Resource in Nepal Project

पान नं. २०१२५११९३
कार्यालय कोड:- ८०२२१५०४३००

# परवानीपुर गाउँपालिका

मो. ९८५५०४८५६५

# गाउँ कार्यपालिकाको कार्यालय

लिपनीमाल, बारा

मधेश प्रदेश, नेपाल

## मन्तव्य



सङ्घीयतामा प्रवेश गरेसँगै नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहलाई उत्तरदायी सरकारको रुपमा स्थापित गरेको छ। संविधान र कानून बमोजिम यी तीन वटै तहले आफ्नो अधिकार क्षेत्र भित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था समेत गरिएको छ। मूलतः देशको आर्थिक विकास र समृद्धिका लागि नेपालले पनि संयुक्त राष्ट्र संघका अन्य सदस्य राष्ट्रहरुले जस्तै दिगो विकासका लक्ष्यहरुलाई आफ्नो देशको आवधिक तथा वार्षिक योजनामा समाहित गरी कार्यान्वयन गर्ने प्रतिबद्धता जनाए अनुसार यसको कार्यान्वयन गर्दै अगाडी बढिरहेको यथार्थलाई हामीले धेरै सकारात्मक रुपमा लिएका छौं।

दिगो विकासका लक्ष्यहरुले लिएका गन्तव्यहरुलाई निश्चित समय भित्र पुरा गर्न यसको स्थानीयकरण गर्नु अहिलेको प्रमुख आवश्यकता रहेको वास्तविकतालाई हामी सवैले गम्भिर रुपमा मनन गरेका छौं। तर यो कसरी संभव हुन सक्छ भन्ने मुख्य प्रश्न हो। स्थानीय तहमा विद्यमान सिमित आर्थिक श्रोत र जन साधन मार्फत असीमित योजनाहरु सम्पन्न गर्नु निकै चुनौतीपूर्ण विषय छ। यस विषय माथि समय-समयमा विभिन्न सरोकारवाला पक्षहरु सँग छलफल गरिए पश्चात, गाउँपालिका तहमा दिगो विकास लक्ष्यको आन्तरिकीकरणको अभियानलाई मूर्तरूप दिनका लागि सर्वप्रथम यस गाउँपालिकाको दिगो विकास लक्ष्य स्वैच्छिक पुनरावलोकन प्रतिवेदन तयार गरी अगाडी वढ्नु पर्ने ठोस निष्कर्षमा पुगिएको हो।

माथि उल्लेखित पृष्ठभमिबाट अगाडि वढ्दै हामीले उक्त प्रतिवेदन तयार पार्न आर्थिक तथा प्राविधिक सहयोगका लागि संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम सँग लिखित आग्रह गरेका थियौं। हाम्रो आग्रहलाई संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमका कार्यक्रम सल्लाहकार लगायत अन्य सम्वन्धित निकायका महानुभावहरुले समेत सकारात्मक रुपमा ग्रहण गरी आर्थिक तथा प्राविधिक सहयोगको प्रतिवद्धता जाहेर गर्नु भएको थियो। आज हामी माझ हाम्रो परवानीपुर गाउँपालिकाको दिगो विकास लक्ष्य स्वच्छिक पुनरावलोकन प्रतिवेदन तयार भएको छ। यो संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमका कार्यक्रम सल्लाहकार लगायत अन्य सम्वन्धित निकायका महानुभावहरुको आर्थिक तथा प्राविधिक सहयोगको प्रतिफल हो भन्दा अतिसयोक्ती नहोला। यो एउटा प्रतिवेदन मात्र नभएर दिगो विकास लक्ष्यको स्थानीय तहमा आन्तरिकीकरणको पहिलो महत्वपूर्ण खुट्किला समेत रहेको विश्वास दिलाउन चाहन्छु।

तसर्थ, हाम्रो यस परवानीपुर गाउँपालिकाको दिगो विकास लक्ष्यको आन्तरिकीकरण गर्ने हेतुले दिगो विकास लक्ष्य स्वैच्छिक पुनरावलोकन प्रतिवेदन तयार गर्न अध्ययनका लागि प्राविधिक सहयोग प्रदान गर्ने संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमका कार्यक्रम सल्लाहकार डा. गिरिधारी शर्मा पौडेल लगायत अन्य राष्ट्र संघीय निकायहरु र ती निकायका प्रतिनिधीहरु, यस अध्ययनका लागि प्राविधिक सहयोग स्वरुप सहजीकरण गरी प्रतिवेदन तयार पार्न महत्वपूर्ण सहयोग पुऱ्याउने ट्रान्सेण्ड भिजन नेपाल तथा उक्त संस्थावाट यस गाउँपालिकामा सहजीकरणका लागि आउनु भएका परामर्शदाता व्यक्तित्वहरु क्रमश श्री उद्दव प्रसाद खनाल र श्री रमेश प्रसाद मैनालीलाई हार्दिक धन्यवाद दिन चाहन्छौं।

अन्त्यमा, यस प्रतिवेदनलाई यस तहसम्म ल्याइ पुऱ्याउनका लागि हर संभव सहयोग गर्ने यस गाउँपालिकाका तमाम कर्मचारी मित्रहरु, आफ्ना अमूल्य राय, सल्लाह तथा सुझावहरु प्रदान गर्नु हुने राजनीतिकर्मीहरु, र स्थानीय सरोकारवाला समुहका साथीहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु।

...............................

रामक्षत्री प्रसाद कुर्मी
गा.पा. अध्यक्ष

फोन नं. ०५१-४१०१६३, ९८०२५८९१६३, मो. ९८५५०४८५६५
website:parwanipurmun.gov.np, info@parwanipurmun.gov.np, parwanipurgaupalika@gmail.com

पान नं. २०१२५११९३
कार्यालय कोडः- ८०२२१५०४३००

# परवानीपुर गाउँपालिका

मो. ९८५५०४८५६५

# गाउँ कार्यपालिकाको कार्यालय

लिपनीमाल, बारा

मधेश प्रदेश, नेपाल

## मन्तव्य



नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्य शक्तिको प्रयोग संविधान र कानून बमोजिम यी तीन वटै तहले गर्ने व्यवस्था गरेको छ। यस अनुसार संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार सम्बन्धी विषयमा कानून वनाउने, नीति तथा कार्यक्रम र वार्षिक बजेट बनाउने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था समेत गरेको छ । यसो गरिरहँदा देशको विकास, सुशासन, शान्ति र समृद्धिका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लक्ष्य एवं प्रतिवद्धतालाई कार्यान्वयन गर्न स्थानीय तहका नीति, कार्यक्रम तथा बजेट सहयोगी हुनुपर्ने हुन्छ। नेपालले संयुक्त राष्ट्रसंघका अन्य सदस्य राष्ट्रहरुले जस्तै दिगो विकास लक्ष्यलाई आफ्नो देशको आवधिक तथा वार्षिक योजनामा समाहित गरी कार्यान्वयन गर्ने प्रतिवद्धता जनाए अनुसार यसको कार्यान्वयनमा स्थानीय तहको पनि अहम भूमिका रहने कुरामा दुईमत छैन।

दिगो विकास लक्ष्यले लिएका गन्तव्यहरुलाई निश्चित समय भित्र पुरा गर्न यसलाई स्थानीयकरण गरी स्थानीय सरकारको नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्ने र कार्यान्वयनमा लैजाने काम गाउँ तथा नगरपालिकाले गर्दै आएका छन्। अहिले सम्म दिगो विकासका कार्यक्रम संचालन गरी लक्ष्य भेट्ने आधा समय गुज्रिसकेको छ। सन् २०३० सम्ममा हासिल गरिसक्नु पर्ने लक्ष्यहरु मध्ये कतिपय लक्ष्यमा राष्ट्र पछि परिरहेको यथार्थ हाम्रो सामू छ। अझ कतिपय स्थानीय तह त दिगो विकासमा राष्ट्रिय औषत रुपमा हासिल भएका उपलव्धी भन्दा पनि पछि परेका छन्। यस पृष्ठभूमिमा अहिले सम्मका उपलव्धीहरुलाई स्वैच्छिक पुनरावलोकन तथा मूल्यांकन गर्दै आगामी दिनमा गर्नुपर्ने कार्यको पृष्ठपोषण लिन यो स्वैच्छिक पुनरावलोकन प्रतिवेदन तयार गरिएको छ।

यो पुनरावलोकन प्रतिवेदनको विश्वसनीयता, निष्पक्षता तथा स्तरीयता कायम गर्न सम्वन्धित क्षेत्रका विभिन्न सरोकारवालाहरु सँग छलफल, अन्तरकृया तथा संवादका माध्यमवाट सहभागिता सुनिश्चित गरिएको थियो। यस परवानीपुर गाउँपालिकाका पदाधिकारीहरु, विषयगत समितिहरु, सहकारी, गैर सरकारी तथा निजी क्षेत्रका प्रतिनिधीहरु, राजनीतिक दलका प्रतिनिधीहरु, पत्रकार, युवा, आमा समूह र स्थानीय वुद्धिजीविहरु सँग सघन छलफल गरी यो प्रतिवेदन तयार पारिएकाले स्थानीय सवै सरोकारवालाको यसमा स्वामीत्व रहेको छ। दिगो विकास लक्ष्य हासिल गर्ने क्रममा हाल सम्म भएका उपलव्धीलाई सुदृढ गर्दै यो प्रतिवेदनले औंल्याएका थप विषयहरु आगामी वर्षहरुमा हाम्रो परवानीपुर गाउँपालिकाले कार्यान्वयन गर्दै जानेछ।

यो प्रतिवेदन तयार गर्न आर्थिक तथा प्राविधिक सहयोगका लागि संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम सँग लिखित आग्रह गरिएकोमा हाम्रो आग्रहलाई संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमका कार्यक्रम सल्लाहकार लगायत अन्य सम्वन्धित निकायका महानुभावहरुले आर्थिक तथा प्राविधिक सहयोगको प्रतिवद्धता जाहेर गर्नु भएको थियो। तदनुरुप आज हामी माझ हाम्रो गाउँपालिकाको दिगो विकास लक्ष्य स्वैच्छिक पुनरावलोकन प्रतिवेदन तयार भएको छ। खासगरी यो प्रतिवेदन तयार पार्ने कार्यका लागि प्राविधिक सहयोग प्रदान गर्ने संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमका कार्यक्रम सल्लाहकार डा. गिरिधारी शर्मा पौडेल लगायत अन्य राष्ट्र संघीय निकायहरु र ती निकायका प्रतिनिधीहरु, यस अध्ययनका लागि प्राविधिक सहयोग स्वरुप सहजीकरण गरी प्रतिवेदन तयार पार्न महत्वपूर्ण सहयोग पुऱ्याउने ट्रान्सेण्ड भिजन नेपाल तथा उक्त संस्थावाट यस गाउँपालिकामा सहजीकरणका लागि आउनु भएका परामर्शदाता व्यक्तित्वहरु क्रमश श्री उद्दव प्रसाद खनाल र श्री रमेश प्रसाद मैनालीलाई हार्दिक धन्यवाद दिन चाहन्छौं।

अन्त्यमा, यस प्रतिवेदनलाई यस तहसम्म ल्याइ पुऱ्याउनका लागि हर संभव सहयोग गर्ने यस पालिकाका तमाम कर्मचारी मित्रहरु, आफ्ना अमूल्य राय सल्लाह तथा सुझावहरु प्रदान गर्नु हुने राजनीतिकर्मीहरु, र स्थानीय सरोकारवाला समुहका साथीहरुप्रति उहाँहरुको सुझाव तथा सल्लाहको लागि आभारी छु।

...............................
सुगान्धी देवी कनुईन
गा.पा. उपाध्यक्ष

फोन नं. ०५१-४१०१६३, ९८०२५८९१६३, मो. ९८५५०४८५६५
website:parwanipurmun.gov.np, info@parwanipurmun.gov.np, parwanipurgaupalika@gmail.com



## प्राक्कथन

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्य शक्तिको प्रयोग संविधान र कानून बमोजिम यी तीन वटै तहले गर्ने व्यवस्था गरेको छ। यस अनुसार संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार सम्बन्धी विषयमा कानून वनाउने, नीति तथा कार्यक्रम र वार्षिक बजेट बनाउने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था समेत गरेको छ। यसो गरिरहँदा देशको विकास, सुशासन, शान्ति र समृद्धिका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लक्ष्य एवं प्रतिवद्धतालाई कार्यान्वयन गर्न स्थानीय तहका नीति, कार्यक्रम तथा बजेट सहयोगी हुनुपर्ने हुन्छ। नेपालले संयुक्त राष्ट्रसंघका अन्य सदस्य राष्ट्रहरुले जस्तै दिगो विकास लक्ष्यलाई आफ्नो देशको आवधिक तथा वार्षिक योजनामा समाहित गरी कार्यान्वयन गर्ने प्रतिवद्धता जनाए अनुसार यसको कार्यान्वयनमा स्थानीय तहको पनि अहम भूमिका रहने कुरामा दुईमत छैन।

दिगो विकास लक्ष्यले लिएका गन्तव्यहरुलाई निश्चित समय भित्र पुरा गर्न यसलाई स्थानीयकरण गरी स्थानीय सरकारको नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्ने र कार्यान्वयनमा लैजाने काम गाउँ तथा नगरपालिकाले गर्दै आएका छन्। अहिले सम्म दिगो विकासका कार्यक्रम संचालन गरी लक्ष्य भेट्ने आधा समय गुज्रिसकेको छ। सन् २०३० सम्ममा हासिल गरिसक्नु पर्ने लक्ष्यहरु मध्ये कतिपय लक्ष्यमा राष्ट्र पछि परिरहेको यथार्थ हाम्रो सामू छ। अझ कतिपय स्थानीय तह त दिगो विकासमा राष्ट्रिय औसत रुपमा हासिल भएका उपलव्धी भन्दा पनि पछि परेका छन्। यस पृष्ठभूमिमा अहिले सम्मका उपलव्धीहरुलाई स्वैच्छिक पुनरावलोकन तथा मूल्यांकन गर्दै आगामी दिनमा गर्नुपर्ने कार्यको पृष्ठपोषण लिन यो स्वैच्छिक पुनरावलोकन प्रतिवेदन तयार गरिएको छ।

यो पुनरावलोकन प्रतिवेदनको विश्वसनीयता, निष्पक्षता तथा स्तरीयता कायम गर्न सम्वन्धित क्षेत्रका विभिन्न सरोकारवालाहरु सँग छलफल, अन्तरकृया तथा संवादका माध्यमवाट सहभागिता सुनिश्चित गरिएको थियो। यस परवानीपुर गाउँपालिकाका पदाधिकारीहरु, विषयगत समितिहरु, सहकारी, गैर सरकारी तथा निजी क्षेत्रका प्रतिनिधीहरु, राजनीतिक दलका प्रतिनिधीहरु, पत्रकार, युवा, आमा समूह र स्थानीय वुद्धिजीविहरु सँग सघन छलफल गरी यो प्रतिवेदन तयार पारिएकाले स्थानीय सवै सरोकारवालाको यसमा स्वामीत्व रहेको छ। दिगो विकास लक्ष्य हासिल गर्ने क्रममा हालसम्म भएका उपलव्धीलाई सुदृढ गर्दै यो प्रतिवेदनले औंल्याएका थप विषयहरु आगामी वर्षहरुमा हाम्रो परवानीपुर गाउँपालिकाले कार्यान्वयन गर्दै जानेछ।

यो प्रतिवेदन तयार गर्न आर्थिक तथा प्राविधिक सहयोगका लागि संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम सँग लिखित आग्रह गरिएकोमा हाम्रो आग्रहलाई संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमका कार्यक्रम सल्लाहकार लगायत अन्य सम्वन्धित निकायका महानुभावहरुले आर्थिक तथा प्राविधिक सहयोगको प्रतिवद्धता जाहेर गर्नु भएको थियो। तदनुरुप आज हामी माझ हाम्रो गाउँपालिकाको दिगो विकास लक्ष्य स्वैच्छिक पुनरावलोकन प्रतिवेदन तयार भएको छ। खासगरी यो प्रतिवेदन तयार पार्ने कार्यका लागि प्राविधिक सहयोग प्रदान गर्ने संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमका कार्यक्रम सल्लाहकार डा. गिरिधारी शर्मा पौडेल लगायत अन्य राष्ट्र संघीय निकायहरु र ती निकायका प्रतिनिधीहरु, यस अध्ययनका लागि प्राविधिक सहयोग स्वरुप सहजीकरण गरी प्रतिवेदन तयार पार्न महत्वपूर्ण सहयोग पुऱ्याउने ट्रान्सेण्ड भिजन नेपाल तथा उक्त संस्थावाट यस गाउँपालिकामा सहजीकरणका लागि आउनु भएका परामर्शदाता व्यक्तित्वहरु क्रमश श्री उद्दव प्रसाद खनाल र श्री रमेश प्रसाद मैनालीलाई हार्दिक धन्यवाद दिन चाहन्छौं।

अन्त्यमा, यस प्रतिवेदनलाई यस तहसम्म ल्याइ पुऱ्याउनका लागि हर संभव सहयोग गर्ने यस गाउँपालिकाका तमाम कर्मचारी मित्रहरु, आफ्ना अमूल्य राय सल्लाह तथा सुझावहरु प्रदान गर्नु हुने राजनीतिकर्मीहरु, र स्थानीय सरोकारवाला समुहका साथीहरुप्रति उहाँहरुको सुझाव तथा सल्लाहको लागि आभारी छु।

..............................
मुन्ना साह रौनियार
प्रमुख प्रशासकीय अधिकृत

# विषय सूची


**कार्यकारी सारांश** ........ १

**अध्याय १: परिचय** ........ ५

१.१ गाउँपालिकाको परिचय ........ ५

१.२ गाउँपालिकाको कार्यक्षेत्र ........ ५

१.३ गाउँपालिका सञ्चालनसम्बन्धी संघ तथा प्रदेशले बनाएको कानुन, ऐन, नियम, तथा कार्यविधि ........ ६

१.४ गाउँपालिका सञ्चालनसम्बन्धी गाउँपालिका आफैंले बनाएको कानुन, ऐन, नियम, तथा कार्यविधि ........ ७

१.५ गाउँपालिकामा योजना तथा बजेट तर्जुमा प्रक्रिया ........ ७

१.६ गाउँपालिकामा क्षेत्रगत, आवधिक तथा वार्षिक विकास योजनामा दिगो विकास लक्ष्यको आन्तरिकीकरण.. ८

१.७ गाउँपालिकाका क्षेत्रगत, आवधिक तथा वार्षिक विकास योजनाको प्रदेश तथा संघीय योजनासँगको सम्बन्ध ८

१.८ दिगो विकास लक्ष्य स्थानीयकरण गर्न नेपाल सरकारले बनाएका रणनीति कार्यनीति दीग्दर्शन तथा स्रोत पुस्तिका र तिनको प्रयोग ........ ९

१.९ मध्यमकालीन खर्च संरचनामा दिगो विकास लक्ष्यको आन्तरिकीकरण ........ १०

१.१० गाउँपालिकाको अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा दिगो विकास लक्ष्यको आन्तरिकीकरण ........ १०

१.११ गाउँपालिकाको प्रथम पञ्चवर्षीय योजनाका प्राथमिकता ........ ११

**अध्याय २: प्रतिवेदनका उद्देश्य र विधि** ........ १३

२.१ गाउँपालिकाको दिगो विकास लक्ष्य स्वेच्छिक पुनरावलोकन प्रतिवेदनको उद्देश्य ........ १३

२.२ गाउँपालिकाको दिगो विकास लक्ष्य स्वेच्छिक पुनरावलोकन प्रतिवेदन बनाउनुको औचित्य ........ १३

२.३ प्रतिवेदन तयार गर्ने विधि ........ १४

२.४ सङ्कलित सूचनाको विश्लेषण र प्रयोग ........ १६

२.५ प्रतिवेदन माथि छलफल, सुधार र स्वीकृति ........ १६

२.६ प्रतिवेदन तयार गर्न आवश्यक सूचना सङ्कलनका स्रोत ........ १७

**अध्याय ३: दिगो विकास लक्ष्यअनुसार सूचकहरूको अवस्था र भावी योजना** ........ १९

३.१ दिगो विकास लक्ष्य स्थानीयकरण गर्ने प्रक्रिया, अवस्था र नेपालमा देखिएका असल अभ्यास ........ १९

३.२ दिगो विकास लक्ष्य प्राप्त गर्न परवानीपुर गाउँपालिकाले गरेका प्रयास ........ २०

३.३ दिगो विकास लक्ष्य प्राप्त गर्न परवानीपुर गाउँपालिकाले सञ्चालन गरेको नयाँ तथा नवप्रर्वतनीय कार्यक्रम तथा क्रियाकलाप ........ २१

३.४ गाउँपालिकाको विगत तीन वर्षको आम्दानी तथा खर्चको विश्लेषण ........ २१

३.५ दिगो विकास लक्ष्यअनुसार स्रोत विनियोजन र खर्चका प्राथमिकता ........ २२

३.६ दिगो विकास लक्ष्य प्राप्त गर्न गाउँपालिकाले आन्तरिक स्रोत परिचालनमा गरेको प्रयास ........ २५

३.७ दिगो विकास लक्ष्यका सूचकको अवस्था ........ २६

३.८ कसैलाई पनि पछि नछोड्ने ........ ४५

३.९ लक्ष्य र प्रगतिको तुलना ........ ४६

३.१० एक लक्ष्य र अर्को लक्ष्यबीचको सम्बन्ध र परिपूरकता ........ ४६

३.११ दिगो विकास लक्ष्य कार्यान्वयनमा सहजीकरण गर्ने पक्ष ........ ४७

३.१२ दिगो विकास लक्ष्य कार्यान्वयनमा वाधा पुर्याउने पक्ष ........ ४७
**अध्याय ४: दिगो विकास लक्ष्यको प्रभावकारी कार्यान्वयन गर्न ध्यान दिनुपर्ने पक्ष........ ४९**
४.१ गाउँपालिकामा अपनाउनुपर्ने दिगो विकास लक्ष्यमैत्री योजना र बजेट तर्जुमा प्रक्रिया........ ४९
४.२ दिगो विकास लक्षका परिमाणात्मक लक्ष र सूचक प्राप्त गर्न गाउँपालिकाले ध्यान दिनुपर्ने पक्ष........ ५०
४.३ स्रोतहरूको आधार र विनियोजन पुनः प्राथमिकीकरण गर्ने तरिका........ ५०
४.४ दिगो विकास लक्ष्य प्राप्त गर्न चाहिने स्रोतहरू परिचालन विधि........ ५१
४.५ राजनीतिक र विकास एजेन्डाबीच समन्वय र सन्तुलन गर्ने विधि........ ५१
४.६ अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन विकास लक्ष्य र कार्यक्रमबीच सन्तुलन गर्ने विधि........ ५१
४.७ अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन विकास लक्ष्य र कार्यक्रममा लगानीका प्राथमिकता तोक्ने विधि ........ ५२
४.८ दिगो विकास लक्ष्य प्राप्त गर्न गाउँपालिकालाई प्रोत्साहनको व्यवस्था........ ५२
४.९ स्रोत परिचालन गर्न गाउँपालिकाको समुदाय, गैह्रसरकारी क्षेत्र, निजी क्षेत्र, विकास साझेदार संस्था, प्रदेश सरकार र संघीय सरकारसँगको सम्बन्ध........ ५३
४.१० प्रस्तावित कार्य कार्यन्वयनको लागि अनुगमन तथा मूल्याङ्कनको व्यवस्था........ ५३
**अनुसूचीहरू ........ ५५**
**सन्दर्भसूची ........ ६२**

# कार्यकारी सारांश

## परिचय

नेपालले दिगो विकास लक्ष्यलाई मुलुकको आर्थिक सामाजिक र पर्यावरणीय परिवेशअनुसार कार्यान्वयनमा ल्याउँदै पन्ध्रौं योजनामा आन्तरिकीकरण र तादाम्यता मिलाउने कार्य गरिसकेको छ। नेपालले अवलम्बन गरेको तहगत शासन प्रणालीमा समग्र दिगो विकास लक्ष्य हासिल गर्न संघ, प्रदेश तथा स्थानीय तहको सहकार्य र समन्वय अनिवार्य हुन्छ। संघले आफ्ना आवधिक तथा वार्षिक योजनामा दिगो विकास लक्ष्यको नीतिगत आन्तरिकीकरण गरेको हुन्छ भने त्यसको कार्यान्वयन प्रदेश तथा स्थानीय तहले गर्नुपर्ने हुन्छ। यस गाउँपालिकाले नेपाल सरकार र मधेस प्रदेश सरकारले अवलम्बन गरेको समष्टिगत आर्थिक नीति, दिगो विकास लक्ष्य र दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यसँग तादाम्यता हुने गरी आफ्नो दीर्घकालीन सोच, वार्षिक नीति तथा कार्यक्रमहरू र मध्यमकालीन खर्च संरचना तयार गरेको छ।

## स्वैच्छिक पुनरावलोकन प्रतिवेदनको उदेश्य र औचित्य

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको सहयोगमा गाउँपालिकाले आफ्नो स्वैच्छिक स्थानीय पुनरावलोकन प्रतिवेदन तयार गर्नुको मुख्य उदेश्य दिगो विकास लक्ष्यलाई पालिकास्तरमा स्थानीयकरण गर्नु हो।यस प्रतिवेदन तयार गर्नुको मुख्य औचित्यहरू गाउँपालिकास्तरमा दिगो विकास लक्ष्यका परिमाणात्मक लक्ष्य र सूचकहरूको आधाररेखा तय गर्नु, गाउँपालिकामा उपलव्ध दिगो विकास लक्ष्यसम्बन्धी आधारभूत सूचना सङ्कलन गरी हालसम्म लक्ष्य र सूचकहरूमा भएको प्रगतिको समीक्षा गर्नु, गाउँपालिकाले प्रत्यक्ष हासिल गर्नुपर्ने दिगो विकास लक्ष्यका सूचकहरूको तथ्याङ्क संकलन विधि पहिचान गरि संकलन प्रणाली विकास गर्नु, दिगो विकास लक्ष्य प्राप्त गर्न उपलब्ध स्रोत साधनहरू र अपुग भएका स्रोत साधनहरूको आँकलन गर्नु र स्रोतको उपलव्धता र आवश्यकता बीचको अन्तर पहिचान गरी दिगो विकास लक्ष्य प्राप्त गर्न आवश्यक कार्यादिशा निर्धारण गर्नु रहेका छन्।

## प्रतिवेदन तयारी विधि

परवानीपुर गाउँपालिकाको दिगो विकास लक्ष्य स्वैच्छिक पुनरावलोकन प्रतिवेदन तयार गर्ने चरणहरूमा विभिन्न तथ्याङ्क र सूचना सङ्कलन उपकरण/औजारहरू प्रयोग गरी आवश्यक परिमाणात्मक र गुणात्मक तथ्याङ्क, हालसम्मको लक्ष्य प्राप्ति समीक्षा, गाउँपालिकाको वार्षिक बजेट र कार्यक्रममा दिगो विकासका लक्ष्यअनुसार विनियोजनको खण्डीकृत तथ्याङ्कलाई एकीकृत गरी दिगो विकास लक्ष्यअनुसारका सूचना सङ्कलन गरिएको छ।संकलित सूचनाहरूको आधारमा दिगो विकास लक्ष्य प्राप्तिमा स्रोतको आवश्यकता र विनियोजनबीच स्रोत कमीको (Gap) पहिचान र विश्लेषण गरिएको छ। प्रतिवेदन तयार गर्ने क्रममा गाउँपालिकामा रहेको विषयगत समिति तथा सरोकारवालाहरूसँग छलफल गरी आवश्यक सुझाव संकलन गरीयो। यसरी तयार भएको मस्यौदा प्रतिवेदनमाथि संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमले सुझाइएका विषयहरूलाई सम्बोधन गरी परवानीपुर गाउँपालिकाको दिगो विकास लक्ष्य स्वेच्छिक पुनरावलोकन प्रतिवेदन तयार गरिएको छ।

## दिगो विकास लक्ष्यका सूचकहरूको अवस्था

परवानीपुर गाउँपालिकाले **"समुन्नत औद्योगिक नगर, हाम्रो परवानीपुर"**भन्ने दीर्घकालीन सोच सहित आफ्नो वार्षिक कार्यक्रमहरूमा दिगो विकास लक्ष्य हासिल गर्ने कार्यक्रमहरू समावेश गरी त्यस्ता कार्यक्रमहरू संचालन गर्न आवश्यक कानूनी दस्तावेजहरू निर्माण र मध्यमकालीन खर्च संरचना मार्फत दिगो विकासमैत्री

कार्यक्रमहरूको प्राथमिकीकरण र आर्थिक प्रक्षेपण गरी एक असल अभ्यास को सुरुवात गरेको छ। गाउँपालिकामा दिगो विकास लक्ष्यअनुसारका सूचकहरूको अवस्था निम्नअनुसार रहेको छ।

दिगो विकास लक्ष्य १ ले नेपालको हरेक क्षेत्रमा रहेका सबै स्वरुपका गरीवीहरूको अन्त्य गर्ने सोच बनाएको छ।यस परवानीपुर गाउँपालिकाका ५५ प्रतिशत जनसङ्ख्या तुलनात्मक गरीवीको रेखा मुनि छन्। त्रिभुवन राजपथ र वीरजंग-पथलैया औधोगिक क्षेत्र नजिक भएका कारण ३० मिनेट को पैदल यात्रामा बजारको केन्द्रसम्म पहुँच भएका परिवारहरू शत प्रतिशत रहेका छन।

दिगो विकास लक्ष्य २ ले भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दिगो कृषि प्रवर्धन गर्ने लक्ष्य लिएको छ। यस गाउँपालिकामा प्रति व्यक्ति खाद्यन्न उत्पादन वार्षिक १६० किलो ग्राम रहेको छ भने कूल उपभोगको २/३ भन्दा बढी खानामा खर्च गर्ने परिवार २५ प्रतिशत रहेका छन्। यस गाउँपालिकामा कूल क्षेत्रफलको ५५ प्रतिशत खेतीयोग्य जमिन रहेकोमा र त्यसको ७७ प्रतिशत जमिनमा बाह्रै महिना सिँचाई सुविधा उपलब्ध छ।

दिगो विकास लक्ष्य ३ ले सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्धन गर्ने लक्ष्य लिएको छ। यस गाउँपालिकामा दक्ष प्रसूतिकर्मीको सहयोगमा गराइएको जन्म ९९ प्रतिशत रहेको छ भने प्रोटोकलअनुसार प्रसूति पूर्व ४ पटक स्वास्थ्य सेवा लिने महिलाहरूको प्रतिशत ६८ रहेको छ। यस गाउँपालिकमा घरबाट स्वास्थ्य संस्था पुग्न ३० मिनेट वा सो भन्दा कम समय लाग्ने घरधुरीको शतप्रतिशत रहेको छ।

दिगो विकास लक्ष्य ४ ले सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाइ अवसरहरूको प्रवर्धन गर्ने लक्ष्य लिएको छ। यस गाउँपालिकामा प्राथमिक विद्यालयमा विद्यार्थी खुद भर्नादर ९४.१ प्रतिशत, कक्षा ५ सम्मको सिकाई उपलब्धि ५८ प्रतिशत र भर्ना भएका विद्यार्थी मध्ये कक्षा ८ सम्म अध्ययन सम्पन्न गर्ने दर ८०.५ प्रतिशत रहेको छ। यसैगरी यस गाउँपालिकाका शतप्रतिशत विद्यालयमा इन्टरनेट सुविधा उपलब्ध छ भने वास (wash) सुविधा ११ प्रतिशत विद्यालयहरूमा मात्र रहेको छ।

दिगो विकास लक्ष्य ५ ले लैंगिक समानता हासिल गर्ने र सबै महिला तथा किशोरीहरूलाई सशक्त बनाउने लक्ष्य लिएकोछ। गाउँपालिकाका घरधुरी मध्ये सम्पत्तिको स्वामित्व ग्रहण गरेका महिलाको घरधुरी २५ प्रतिशत रहेको छ भने ७० प्रतिशत पुरुषहरूले मोवाइल प्रयोग गर्दा ४९ प्रतिशत महिलाहरूले मात्र मोवाइल फोन प्रयोग गर्दै आएका छन।

दिगो विकास लक्ष्य ६ ले सबैका लागि स्वच्छ पिउने पानी र सरसफाइको दिगो व्यवस्थापन र उपलब्धता सुनिश्चित गर्ने लक्ष्य लिएको छ। गाउँपालिकामा आधारभूत खानेपानी पहुँच भएका घरपरिवार करीव ८५ प्रतिशत रहेका छन् भने ९५ प्रतिशत घरधुरीमा शौचालयको सुविधा उपलब्ध रहेको छ।

दिगो विकास लक्ष्य ७ ले सबैका लागि खर्चले धान्ने, भरपर्दो, दिगो र आधुनिक ऊर्जाको पहुँच सुनिश्चित गर्ने लक्ष्य लिएको छ। यस गाउँपालिकामा खाना पकाउनको लागि दाउरा, गुइठा प्रयोग गर्ने जनसङ्ख्या ३७.६ प्रतिशत र एलपी ग्यास प्रयोग गर्ने जनसङ्ख्या ६२.४ प्रतिशत रहेका छन्।

दिगो विकास लक्ष्य ८ ले भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनमूलक रोजगारी र मर्यादित कामको प्रवर्धन गर्ने लक्ष्य लिएको छ। यस गाउँपालिका भौगोलिक क्षेत्रमा सानो

गाउँपालिका भएपनि भित्रुवन राजपथको कारणले गर्दा बस्तीहरू सडक दुरीबाट ३० मिनेट भित्र नै रहेका छन्। सहकारीमा पहुँच शतप्रतिशत नै रहेको छ भने बेरोजगारी दर २.६ प्रतिशत मात्र रहेको अनुमान गरिएको छ।

**दिगो विकास लक्ष्य ९** ले उत्थानशील/बलियो पूर्वाधार निर्माण गर्ने, समोवशी तथा दिगो औद्योगिकीकरणको प्रवर्धन र नवप्रर्वतनलाई प्रेरित गरी जनतालाई नवप्रर्वतनले ल्याएका प्रविधि उपभोग गर्ने अधिकार प्रत्याभूति गर्ने कार्यमा जोड दिएको छ। सडकको पहुँचको सुविधा पर्याप्त भएतापनि कालोपत्रे सडकको घनत्व ०.३८ वर्ग कि.मि. मात्र रहेकोछ। गाउँपालिकाका बसिन्दाहरू मध्ये ४३.१ प्रतिशत ब्यक्तिहरू उद्योग रोजगारीमा संलग्न रहेका छन।

**दिगो विकास लक्ष्य १०** ले देशभित्र तथा देशहरूबीचको असमानता हटाउने लक्ष्य लिएको छ। यस गाउँपालिकाले गाउँपालिका क्षेत्र भित्रका बसिन्दाहरू बीचको असमानता घटाउन कार्यक्रमहरू सञ्चालन गरिरहेको छ।

**दिगो विकास लक्ष्य ११** ले शहर तथा मानव बसोबास समावेशी, सुरक्षित, उत्तथानशील र दिगो बनाउँदै नेपाली नागरिककलाई पर्याप्त र सुरक्षित आवासको अधिकार प्रत्याभूति गर्ने लक्ष्य लिएको छ। यस गाउँपालिकामा १७ प्रतिशत मानिसहरू खर र परालले छाएको घरमा बस्दै आएका छन भने ९३.७ प्रतिशत मानिसहरू सुरक्षित घरमा बसोबास गर्दछन। यस गाउँपालिकमा शतप्रतिशत यातायात सुविधा उपलब्ध रहेको छ।

**दिगो विकास लक्ष्य १२** दिगो उपभोग र उत्पादन ढाँचाको सुनिश्चितता गर्ने तर्फ उन्मुख छ। परवानीपुर गाउँपालिकामा कृषि उत्पादनका लागि ५५.१ प्रतिशत भूमिको प्रयोग भएको छ भने बाली भित्राइसके पछिको नोक्सानी करीव १ प्रतिशत रहेको छ।

**दिगो विकास लक्ष्य १३** ले जलवायु परिवर्तन र यसको असर नियन्त्रण गर्न तत्काल कदम चाल्ने लक्ष्य लिएको छ। परवानीपुर गाउँपालिका नेपालकै सानो गाउँपालिका भएता पनि यस क्षेत्रमा वीरगंज-पथलैया औद्योगिक कोरिडोर समेत रहेकाले उद्योग धन्दाबाट उत्सर्जन हुने हरित गृह ग्याँस र प्रदुषण प्रचुर मात्रामा रहेको छ।

**दिगो विकास लक्ष्य १५** ले स्थलीय पर्यावरणको संरक्षण, पुनःस्थापना र दिगो व्यवस्थापन, मरुभूमिकरण र भूक्षयको नियन्त्रण र जैविक विविधताको संरक्षण गरी नेपाली जनताले वन-जङ्गल, सिमसार, हिमाल तथा सुख्खा भूमिको संरक्षण र दिगो उपयोग गर्ने अधिकार प्रवर्धन गरेको छ। यस गाउँपालिका भरी ७ वटा पोखरी छन् जसको कूल क्षेत्रफल ५ विघा ५ कठ्ठा रहेको छ। ती पोखरीहरू गाउँपालिकाले माछा पालन प्रयोजनको लागि भाडामा लगाउने गरेको छ। पोखरी भाडाबाट प्राप्त आम्दानी रकमबाट सडक किनारमा वृक्षारोपण गर्ने गाउँपालिकाको योजना रहेको छ।

**दिगो विकास लक्ष्य १६** ले दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजहरूको प्रवर्द्धन गर्ने, सबैका लागि न्यायमा पहुँच सुनिश्चित गर्ने र प्रभावकारी, जवाफदेही तथा समावेशी संस्थाहरूको निर्माण गर्ने ध्येय राखेको छ। यस गाउँपालिकाले आफ्ना श्रोतहरूको अधिकतम उपयोग गरी गाउँवासीहरूलाई सुशासन को प्रत्याभूति दिदै आएको छ।

**दिगो विकास लक्ष्य १७** ले दिगो विकास लक्ष्य कार्यान्वयनका उपायहरू सुदृढ गर्दै राष्ट्रिय तथा अन्तरराष्ट्रिय साझेदारीलाई जीवन्त तुल्याउदै देशको आत्मनिर्णयको अधिकार प्रत्याभूति गर्ने प्रयास गरेको छ। यो लक्ष्य हासिल गर्न गाउँपालिकाले निजी क्षेत्र सहकारी र सामुदायिक संस्थाहरूलाई समेत सरिक गराउने लक्ष्य लिएको छ।

यस गाउँपालिकाले दिगो विकास लक्ष्यको "कसैलाई पनि पछि नछोड्ने" नीतिअनुसार बेरोजगारलाई मौसमी रोजगार प्रदान गरी वार्षिक आयमा वृद्धि गर्ने कार्यक्रम, अध्यक्ष बालिका सगुन कार्यक्रम अन्तर्गत उमेर पुगेका तथा स्नातक उत्तीर्ण युवतीहरूको जीविकोपार्जनमा सहयोग कार्यक्रम, विपन्न नागरिकलाई आवास सुविधा जस्ता कार्यक्रमहरू संचालन गर्दै आएको छ।

**दिगो विकास लक्ष्यको प्रभावकारी कार्यान्वयनमा ध्यान दिनुपर्ने पक्ष**

नगरपालिकाले दिगो विकास लक्ष्य हासिल गर्न आगामी दिनमा चाल्नुपर्ने कदमहरू बुदगत रुपमा प्रस्तुत गरिएको छ।

१. दिगो विकास लक्ष्य प्राप्त गर्न चाहिने स्रोतहरू परिचालन गर्दा परवानीपुर गाउँपालिकाले पूर्व योजना र बजेटको तयारी, सम्भाव्य स्रोत साधनको पूर्वानुमान र प्रक्षेपण, विकास आयोजना तथा कार्यक्रमको पहिचान तथा प्राथमिकताक्रम निर्धारण गर्ने, उपभोक्ताहरूको सहभागिता अभिबृद्धि गर्ने र गाउँपालिकाले तयार गर्नुपर्ने कानूनी दस्ताबेजहरू समयमै तयार गरी लागू गर्ने कार्य अघि बढाउदै लाग्नु पर्ने महसुस गरिएको छ।


२. गाउँपालिकाले दिगो विकास लक्ष्यलाई अझ बढ़ी आन्तरिकीकरण गर्न संघ र प्रदेश सरकारका नीति तथा कार्यक्रमहरू तथा गाउँ पालिकाको आवश्यकता र श्रोतहरूको आँकलन गरी गाउँपालिकाको आवधिक र गुरुयोजना बनाई अगाढ़ी बढ्नु पर्ने आवश्यकता महसुस गरिएको छ।

३. विकासमा गरिएको लगानीको प्रतिफल मापन गर्ने र सेवाग्राहीको जीवनस्तरमा त्यसले पारेको असर तथा प्रभाव आंकलन गरि उत्तरदायित्व र जवाफदेहिता प्रवर्द्धन गर्न अनुगमन तथा मूल्याङ्कन विधिलाई परिष्कृत गर्दै अघि बढ्नु पर्ने आवश्यकता रहेको छ।

# अध्याय १: परिचय

## १.१ गाउँपालिकाको परिचय

मधेश प्रदेश अन्तर्गत पर्ने बारा जिल्लाका १६ स्थानीय तह मध्येको एउटा गाउँपालिका हो परवानीपुर। तत्कालीन चार गाउँविकास समितिहरू बुनियादबहु अरि, लिपनीमाल र रामपुर टोकनी समावेश भई गठन भएको गाउँपालिकाको क्षेत्रफल १५ ४८.वर्ग किलोमीटर छ। पाँचवटा वडा भएको यस गाउँपालिका क्षेत्रफलको हिसाबले नेपालका ७५३ स्थानीय तहमध्ये चौथो सानो पालिका हो। गाउँपालिकाका ५ वडा मध्ये वडा ३, ४ र ५ पत्लैया-वीरगंज राजमार्गसँग जोडिएका छन्। यस गाउँपालिकामा रहेका २,९७५ घरधुरीमा २१,७४७ जनसङ्ख्या बसोबास गर्दै आएका छन्। प्राय समथल भूमि र वीरगंज औद्योगिक कोरिडोर समेत रहेको यस गाउँपालिकाको पूर्वमा प्रसौनी गाउँपालिका, पश्चिममा पर्सा जिल्ला, उत्तरमा जितपुर-सिमरा उप-महानगरपालिका र पर्सा जिल्ला र दक्षिणमा प्रसौनी गाउँपालिका र वीरगंज महानगरपालिका पर्दछन्। गाउँपालिकबासीको आम्दानीको मुख्य स्रोत कृषि, उद्योग र व्यापार रहेको छ। परवानीपुर गाउँपालिकाका प्रमुख खाद्यान्न वालीहरूमा धान, गहुँ र मकै पर्दछन्। औधोगिक कोरिडोर भएकोले कपड़ा, औषधि, स्टील, खाद्यान्न प्रशोधन उत्पादन, आदिले पनि पालिकाको आर्थिक गतिविधिमा योगदान पुर्‍याउँदै आएको छ। परवानीपुर यातायात लगायतका भौतिक पूर्वाधारहरूले सम्पन्न गाउँपालिका हो।




## १.२ गाउँपालिकाको कार्यक्षेत्र

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले संविधानको अनुसूची ८ र ९ मा उल्लेखित अधिकार अन्तर्गत स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न गाउँपालिकाको सञ्चालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गरेको छ। संविधानले प्रत्यायोजन गरेको आधारभूत स्वास्थ्य, विद्यालयतहको शिक्षा, कृषि तथा पशुपालन विस्तार, खानेपानी, सरसफाइ, कृषि सडक, सिँचाई, नहर, जस्ता स्थानीय पूर्वाधार विकास लगायतका कार्य, सेवा प्रवाह गाउँपालिकाको कार्यक्षेत्रमा पर्दछन्। गाउँपालिकाले तोकिएको कार्यक्षेत्र बमोजिमको काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा आवश्यकताअनुसार कानुन, नीति, योजना, मापदण्ड तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ। संविधान र कानुनले प्रदेश सरकारको परामर्शमा संघीय सरकारको पूर्वस्वीकृति लिई विदेशका कुनै स्थानीय सरकारसँग भगिनी सम्बन्ध पनि कायम गर्नसक्ने सम्मको अधिकार दिएको छ। गाउँपालिकाको भूमि व्यवस्थापन, सञ्चार र यातायात सेवा उपयोगी नीति, योजना, कार्यक्रम

तर्जुमा र कार्यान्वयन, अनुमति नवीकरण र नियमनसम्बन्धी एकल तथा साझा अधिकारहरूको सूची अनुसूची १.१ मा प्रस्तुत गरिएको छ।

परवानीपुर गाउँपालिका संघीय तथा मधेश प्रदेश सरकारका नीति तथा कार्यक्रमहरूलाई गाउँपालिकावासी माझ पुर्‍याउने प्रत्यक्ष निकाय हो। जनतासँग प्रत्यक्ष जोडिएर सेवा प्रवाह र समस्या सम्बोधन गर्नुपर्ने भएकाले गाउँपालिकातहबाट दिगो विकास लक्ष्य प्राप्तिमा यस गाउँपालिकाको महत्वपूर्ण भूमिका रहेको छ। गाउँपालिकाले एकल अधिकारको सूचीमा तोकिएका नगर प्रहरी, सहकारी संस्था, एफ.एम सञ्चालन, स्थानीय कर, सेवा शुल्क तथा दस्तुर, स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन, विपद् व्यवस्थापन लगायतका स्थानीय सेवा व्यवस्थापनसम्बन्धी एकल अधिकार र खेलकुद, पत्रपत्रिका, वातावरण, पर्यावरण तथा जैविक विविधता, सामाजिक सुरक्षा र गरीवी निवारण, व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह दर्ता र तथ्याङ्क सङ्कलन, पुरातत्व, प्राचीन स्मारक र सङ्ग्रहालय, सुकुम्बासी व्यवस्थापनसम्बन्धी कार्यक्रमहरूलाई जनतामाझ पुर्‍याउन आवश्यकताअनुसार कानुन, नीति, योजना, मापदण्ड तथा कार्यविधि बनाई लागू गरी रहेको छ। यस्तै साझा अधिकारका क्षेत्रमा पनि गाउँपालिकाले तोकिएको कार्यक्षेत्र बमोजिमको काम, कर्तव्य र अधिकारको प्रयोग गर्न र संघ तथा प्रदेशबाट हस्तान्तरित योजना तथा कार्यक्रमहरूलाई जनता माझ पुर्‍याउन संघ र मधेश प्रदेश सरकारबाट मार्गनिर्देश प्राप्त गर्दै समन्वय, सहकार्य गर्दै आएको छ।

## १.३ गाउँपालिका सञ्चालनसम्बन्धी संघ तथा प्रदेशले बनाएको कानुन, ऐन, नियम, तथा कार्यविधि

दिगो विकासको अवधारणा अनुरूप समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्न र स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न संविधानले अधिकार सम्पन्न स्थानीय तहको परिकल्पना गरेको छ। संविधानले सुनिश्चित गरेको अधिकार, कार्यक्षेत्रको अधीनमा रही दिगो विकास एजेण्डा हासिल गर्दै स्थानीय सरकार सञ्चालन गर्न संघ र प्रदेशहरूले कानुन, ऐन, नियम तथा कार्यविधि, निर्देशिका र नियमावलीहरू बनाएका छन्।

संघले स्थानीय तह सञ्चालनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ जस्ता ऐन, स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापनसम्बन्धी आदेश, २०७४, स्थानीय शासन स्रोत पुस्तिका लगायतका दस्तावेजहरू जारी गरेको छ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रत्येक गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन विकास योजना बनाउनुपर्ने भनेको छ भने अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले राजस्व बाँडफाँट, संघीय विभाज्य कोष, प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट, वित्तीय समानीकरण अनुदान, ससर्त अनुदान, समपूरक अनुदान, वैदेशिक सहायता तथा आन्तरिक ऋणसम्बन्धी प्रावधानहरू कार्यान्वयन गर्न बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने र मध्यमकालीन खर्च संरचना समेत तयार गर्नुपर्ने व्यवस्था गरेको छ।

यसैगरी नेपाल सरकारले दिगो विकास लक्ष्य २०१६-२०३० हासिल गर्न अन्तरष्ट्रिय प्रतिवद्धता जनाएअनुसार राष्ट्रिय दीर्घकालीन सोच, २१०० तथा पन्ध्रौं राष्ट्रिय योजना (२०७६/७७-२०८१/८२), दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५-२०३०) लगायतका दिगो विकास लक्ष्य हासिल गर्न हालसम्म भएका प्रगति र भावी योजनासम्बन्धी दस्तावेजहरू तर्जुमा गरी प्रकाशन गरेको छ। मधेश प्रदेशस्तरबाट पनि गाउँ तथा नगर सभाका सदस्यहरूले पाउने सुविधाको सम्बन्धमा बनेको ऐन, २०७५, प्रदेश वित्तीय हस्तान्तरण

व्यवस्थापन ऐन, २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययितासम्बन्धी निर्देशिका, २०७५ जस्ता कानुनी दस्तावेज तर्जुमा गरी लागू भएका छन्। संघ र मधेश प्रदेशले स्थानीय तह सञ्चालनसम्बन्धी हालसम्म बनाएका कानुन, ऐन, नियमहरू, नियमावली, निर्देशिका, कार्यविधि र अन्य दस्तावेजहरूको सूची अनुसूची १.२ मा प्रस्तुत गरिएको छ।

## १.४ गाउँपालिका सञ्चालनसम्बन्धी गाउँपालिका आफैंले बनाएको कानुन, ऐन, नियम, तथा कार्यविधि

संविधानतः प्रत्यायोजित एकल अधिकारका कार्यक्षेत्र र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रही पर्वानीपुर गाउँपालिकाले आफ्नो कार्यसम्पादन र सञ्चालनसम्बन्धी केही ऐन र कार्यविधिहरू बनाएको छ भने दिगो विकास लक्ष्य स्थानीयकरणका आयाम निर्दिष्ट गर्दै थप कानुनी दस्तावेज निर्माण गर्नुपर्ने छ।

गाउँपालिकाले हालसम्म बनाएको जनप्रतिनिधि तथा कर्मचारी स्वास्थ्य उपचार कल्याण कोष सञ्चालन ऐन, २०७९ र स्थानीय जनप्रतिनिधिहरू तथा कर्मचारीहरूले पाउने सुबिधासम्बन्धी कार्यविधि, २०७९ ले जनप्रतिनिधि तथा कर्मचारीको स्वास्थ्यसम्बन्धी आवश्यकताको सम्बोधन गर्दै संस्थागत सुशासन नतिजापरक बनाउन प्रोत्साहन गर्ने अपेक्षा गरिएको छ।

गाउँपालिकाले निर्माण गरेको स्थानीय तह वित्त व्यवस्थापन कोष कार्यविधि,२०७९ परवानीपुर गाउँपालिका आर्थिक सहायतासम्बन्धी कार्यविधि, २०७९ र घरजग्गा, कोठा, टहरा बहालमा लीनेसम्बन्धी कार्यविधि, २०७९ ले गाउँपालिकाको आन्तरिक तथा वाह्य वित्तीय स्रोत परिचालनमा मितव्ययितता कायम गर्न मद्दत पुग्नेछ भने कृषक समूह गठन व्यवस्थापन तथा कार्यक्रम सञ्चालनसम्बन्धी नमुना कार्यविधि, २०७९ र परवानीपुर गाउँपालिकाको बजार व्यवस्थापन कार्यविधि, २०७९ कार्यान्वयन गरी कृषि तथा पशुजन्य उत्पादन तथा बजारीकरणलाई थप व्यवस्थित गर्न, पालिकाको आन्तरिक आय वृद्धि गर्न, बसोबासलाई व्यवस्थित गर्न मार्गदर्शन मिल्ने छ। त्यस्तै नगर सरसफाई कार्यविधि, २०७९ अनुसरण गर्दै फोहोरमैलालाई व्यवस्थित गरी गाउँपालिकालाई सफा र सुन्दर बनाउने लक्ष्य लिईएको छ। गाउँपालिकाले आगामी दिनहरूमा तयार गरी लागू गर्ने कानुनी दस्तावेजहरूमा दिगो विकास लक्ष्यलाई थप आन्तरिकीकरण गर्दै तादाम्यता कायम गरिनेछ। गाउँपालिका आफैंले बनाएको कानुन, ऐन, नियम, तथा कार्यविधिहरू र अन्य दस्तावेजहरूको सूची अनुसूची १.३ मा प्रस्तुत गरिएको छ।

## १.५ गाउँपालिकामा योजना तथा बजेट तर्जुमा प्रक्रिया

परवानीपुर गाउँपालिकाले आफ्ना नीति तथा कार्यक्रमहरू तर्जुमा गर्दा विगतमा तयार गरेको आफ्नो आवधिक योजना, नीतिहरू र संघीय र प्रदेश सरकारबाट प्राप्त निर्देशन तथा परिपत्रहरूको आधारमा संघीय सरकारको वार्षिक नीति तथा कार्यक्रम, आर्थिक ऐन, तथा मधेश प्रदेश सरकारको नीति तथा कार्यक्रम, आर्थिक ऐनको परिधिभित्र रही आवश्यक बजेट तर्जुमा गर्दै आएको छ। वार्षिक बजेट तर्जुमा गर्दा जनप्रतिनिधिहरूले नगरको विकासका लागि आफ्ना घोषणा पत्रमा उल्लेख भएका कार्यक्रमहरूलाई पनि समसायिकता र औचित्य पहिल्याई समावेश गर्ने गरिएको छ।

गाउँपालिका विशेषतः आफ्ना योजना तथा कार्यक्रम सञ्चालन गर्न संघ र प्रदेश सरकारको वित्तीय हस्तान्तरण मार्फत् प्राप्त समानीकरण, सशर्त, समपुरक अनुदान र राजश्व बाँडफाँटबाट उपलव्ध रकममा निर्भर रहेको हुँदा योजना तथा बजेट तर्जुमा गर्ने क्रममा यस्ता अनुदानबाट गाउँपालिकास्तरमा सञ्चालित कार्यक्रमहरूको निरन्तरतालाई प्राथमिकतामा राख्ने गरेको छ। संघ र प्रदेशबाट सशर्त अनुदानका कार्यक्रमहरूका लागि आवश्यक रकम, समपुरक कोष आवश्यक पर्ने आयजोनाका लागि चाहिने रकम र गाउँपालिको प्राथमिकतामा

परेका योजनाहरू सहित अन्य अत्यावश्यक देखिएका योजनाहरूलाई निरन्तरता दिन आवश्यक रकम अनुमान गरी बजेट सीमा निर्धारण गर्ने गरिएको छ। बार्षिक बजेट निर्धारण गर्दा आन्तरिक स्रोत परिचालनको अवस्था र लागत सहभागिताको अवस्था समेत मूल्याङ्कन गरी वडास्तरीय योजनाहरूमा खर्चको आवश्यकता र औचित्य पहिचान गरिन्छ। यसरी तयार गरिएको आय व्ययको प्रक्षेपण सहितको निर्धारित बजेट सीमाको विवरण संघ तथा प्रदेश सरकारमा पेश गरिन्छ।

संघ र मधेश प्रदेश सरकारबाट वार्षिक वित्तीय हस्तान्तरणको खाका तथा मार्गदर्शन प्राप्त भएपछि उक्त खाका, मार्गदर्शनअनुसारका योजना एवम् स्रोत तथा आयको प्रक्षेपण, वितरणको खाका र बजेट सीमा समेतको आधारमा बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरिन्छ। दिगो विकास हासिल गर्न सबै वर्ग र समुदाय-महिला, दलित, आदिवासी जनजाति, सीमान्तकृत, अल्पसङ्ख्यक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति लगायतका समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चितताको प्रयास सहित टोल, गाउँ र वडास्तरका आवश्यकतालाई बजेट तथा कार्यक्रम तर्जुमा समितिले गाउँपालिका तथा वडास्तरमा सञ्चालन गर्न अत्यावश्यक देखिएका आयोजना/कार्यक्रम तथा वडा समितिबाट प्राथमिकीकरण भई आएका आयोजना/कार्यक्रमहरू समेतका आधारमा विकास योजनाहरूको सूची तयार गरी बजेट विनियोजन गर्ने गरिन्छ।

## १.६ गाउँपालिकामा क्षेत्रगत, आवधिक तथा वार्षिक विकास योजनामा दिगो विकास लक्ष्यको आन्तरिकीकरण

नेपालले चौधौं पञ्च वर्षे योजनादेखि नै दिगो विकास लक्ष्य आन्तरिकीकरणको थालनी गरिसकेको छ। नेपालले अवलम्बन गरेको तहगत शासन प्रणालीमा समग्र दिगो विकास लक्ष्य हासिल गर्न संघ, प्रदेश तथा स्थानीय तहको सहकार्य र समन्वय अनिवार्य हुन्छ। संघले आफ्ना आवधिक तथा वार्षिक योजनामा दिगो विकास लक्ष्यको नीतिगत आन्तरिकीकरण गरेको हुन्छ भने त्यसको कार्यान्वयन प्रदेश तथा स्थानीय तहले गर्नुपर्ने हुन्छ।

परवानीपुर गाउँपालिकाले आफ्नो क्षेत्रगत, आवधिक तथा वार्षिक विकास योजनामा दिगो विकास लक्ष्यको आन्तरिकीकरण प्रयासको थालनी गरिसकेको छ। गाउँपालिकाले निर्माण गरेका ऐन र कार्यविधिहरूमा दिगो विकास लक्ष्यका आयामहरू समेट्ने प्रयत्न गरिएको छ र भविष्यमा निर्माण गरिने यस्ता दस्तावेजहरू दिगो विकास लक्ष्यमैत्री बनाउँदै आन्तरिकीकरणको नीतिगत आधार तयार गरिने छ। गाउँपालिकाले आफ्नो कार्यक्षेत्रभित्र रही आवधिक, वार्षिक, रणनीतिगत र विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था अनुरूप हालै तयार गरेको मध्यमकालीन खर्च संरचनामा आफ्ना योजना तथा कार्यक्रम र दिगो विकास लक्ष्यबीच तादाम्यता मिलउने कम गरेको छ। दिगो विकास लक्ष्य पूरा गर्ने खालका योजना तर्जुमा गर्ने प्रक्रिया सुरू गरी दिगो विकास लक्ष्यहरूको पूर्ण आन्तरिकीकरण सहितको पन्च वर्षे आवधिक योजना तयार हुने क्रममा छ। गाउँपालिकाले आफ्नो वार्षिक नीति तथा कार्यक्रमा दिगो विकासको मूल मन्त्र **"कसैलाई पनि पछि नछोड्ने"** सम्बोधन गर्ने प्रयास सहित महिला, दलित, आदिवासी जनजाति, सीमान्तकृत वर्गको अर्थपूर्ण सहभागिता र आवश्यकता सम्बोधन गर्ने प्रयास गरेको छ।

## १.७ गाउँपालिकाका क्षेत्रगत, आवधिक तथा वार्षिक विकास योजनाको प्रदेश तथा संघीय योजनासँगको सम्बन्ध

स्थानीय तहको योजना प्रक्रियाको सुन्दर पक्ष भनेको संघ, प्रदेश र समुदायबीच सूचनाको संयोजन हुनु हो। स्थानीय योजना तथा बजेट तर्जुमा गर्दा प्रदेश तथा संघीय निकाय र समुदायबाट गरी दुईतर्फबाट प्राप्त हुने सूचनाहरूको कुशल व्यवस्थापन गर्नुपर्ने हुन्छ। संघीय निकायबाट राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता, बजेटको

सीमा, मार्गदर्शन कार्यक्रम कार्यान्वयनको खाका आदि प्राप्त भएको हुन्छ भने समुदाय तहबाट सहभागितामूलक प्रणालीमा स्थानीय समुदायका माग र आवश्यकताको सूचना प्राप्त भएको हुन्छ। जनताको नजिक रहेर जनताका दैनिक आवश्यकता पूरा गर्ने, समस्या समाधान गर्ने र स्थानीय विकास निर्माण तथा सेवा प्रवाहसम्बन्धी कार्य गाउँपालिकाको कार्यक्षेत्रभित्र पर्छन्। संघ र प्रदेशका प्राथमिकतामा परेका योजनाहरूको कार्यान्वयन गर्दै गाउँपालिकावासीहरूको आवश्यकता पूरा गरी विकास लक्ष्य हासिल गर्न गाउँपालिकाको महत्वपूर्ण भूमिका रहन्छ।

गाउँपालिकाको प्रमुख आयको स्रोत संघ र प्रदेशबाट प्राप्त हुने वित्तीय अनुदान नै भएकोले आफ्नो क्षेत्राधिकारको विषयमा आवधिक, वार्षिक, क्षेत्रगत योजनाहरू बनाउँदा संघ र प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, आन्तरिक आयको अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गरी तय गर्ने गरेको छ। सहभागितामूलक योजना तर्जुमाको पद्धति अवलम्बन गरेर सरोकारवालाहरूको अधिकतम सहभागिता सुनिश्चित गर्न गाउँपालिका प्रयासरत छ।

समग्र दिगो विकास लक्ष्य हासिल गर्न संघ, मधेश प्रदेश र परवानीपुर गाउँपालिकाले सञ्चालन गरेका योजना तथा कार्यक्रमहरू अन्तरसम्बन्धित, समपूरक र परिपूरक छन्। उदाहरणका लागि संघीय सरकारको सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने लक्ष्य हासिल गर्न मधेश प्रदेशले सञ्चालन गरेको विद्यालय जाने बालिकालाई साइकिल प्रदान गर्ने कार्यक्रमले समपूरकता प्रदान गरेको छ भने परवानीपुर गाउँपालिकाले सञ्चालन गरेको महिला लक्षित सशक्तिकरण कार्यक्रमले प्रदेशको लक्ष्य हासिल गर्न परिपूरक भूमिका खेलेको छ। त्यस्ता योजना तथा कार्यक्रम तर्जुमा गर्दा संघलाई मधेश प्रदेशले पछ्याइएको छ भने यस गाउँपालिकाले पनि संघ र प्रदेशलाई नै पछ्याएको छ।

### १.८ दिगो विकास लक्ष्य स्थानीयकरण गर्न नेपाल सरकारले बनाएका रणनीति कार्यनीति दिग्दर्शन तथा स्रोत पुस्तिका र तिनको प्रयोग

दिगो विकास लक्ष्य स्थानीकरण भनेको राष्ट्रिय लक्ष्यलाई प्रदेश र स्थानीय तहसम्म सान्दर्भिक बनाएर प्राथमिकीकरण गर्ने र सोही अनुरूप नीति, कार्यक्रम तर्जुमा, समन्वय र कार्यान्वयन गर्ने कुरा हो। नेपालमा दिगो विकास लक्ष्यका परिमाणात्मक लक्ष्य तथा सूचकहरू हासिल गर्ने योजना कार्यान्वयनलाई तीव्रता दिन नेपाल सरकारले विभिन्न नीति तथा कार्यक्रमहरू अवलम्बन गर्दै संस्थागत तथा वित्तीय व्यवस्था गरेको छ।

परवानीपुर गाउँपालिकाले स्थानीय सरकारको वार्षिक योजना तथा बजेट तर्जुमा हाते पुस्तिका (संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय नेपाल, २०७७), दिगो विकास लक्ष्यः स्थानीयकरण स्रोत पुस्तिका, २०७७ जस्ता प्रकाशनहरूको मार्गनिर्देशलाई आधार मानी आफ्नो वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दै आएको छ। त्यसैगरी प्रथम पटक निर्माण गरेको आफ्नो मध्यमकालीन खर्च संरचना (२०७९/८०-२०८१/८२) तर्जुमा गर्दा दिगो विकास लक्ष्यः आवश्यकता पहिचान, लागत अनुमान तथा वित्तीय रणनीति, दिगो विकास लक्ष्यहरू वर्तमान अवस्था र भावी मार्गचित्रः २०१६-२०३० जस्ता प्रकाशित दस्तावेजले सुझाइएका विधि तथा प्रक्रियाहरू अवलम्बन गर्दै दिगो विकास लक्ष्य स्थानीयकरण अभ्यासको थालनी गरिएको छ। परवानीपुर गाउँपालिका दिगो विकास लक्ष्य आन्तरिकीकरण अभ्यासको सुरुवाती चरणमै छ। हाल पाँच विकास क्षेत्रअनुसार बार्षिक बजेट तथा कार्यक्रम तयार गरी कार्यान्वयन गरिरहेको अवस्थालाई परिमार्जन गर्दै आगामी दिनहरूमा अनुसूची ४ मा प्रस्तुत राष्ट्रियस्तरमा स्थापित भएका महत्वपूर्ण दिगो विकास लक्ष्यमैत्री रणनीति कार्यान्वयनलाई थप सहजीकरण गर्न प्रकाशित प्रमुख दस्तावेजहरूको प्रभावकारी प्रयोग गर्दै नतिजामूलक स्थानीयकरण गर्न परवानीपुर गाउँपालिका उन्मुख छ।

## १.९ मध्यमकालीन खर्च संरचनामा दिगो विकास लक्ष्यको आन्तरिकीकरण

दिगो विकास लक्ष्यको आन्तरिकीकरण प्रयास सहित तयार गरिएको परवानीपुर गाउँपालिकाको पहिलो मध्यमकालीन खर्च संरचना (२०७९/८०-२०८१/८२) तयार भएको छ। परवानीपुर गाउँपालिकाको कार्यपालिका, विषयगत समिति, कार्यदल, विषयगत शाखा र वडा कार्यालय र सेवा केन्द्रसँग राय परामर्श गरी नीति कार्यक्रम, गाउँपालिकामा उपलब्ध अन्य सूचना र चालु आर्थिक वर्षको वार्षिक कार्यक्रमलाई आधार मानि आगामी तीन वर्षको खर्चको प्रक्षेपण सहित तयार गरिएको यस मध्यमकालीन खर्च संरचनामा दिगो विकास लक्ष्य हासिल गर्न आवश्यक स्थानीय अत्यावश्यक योजना तथा कार्यक्रमहरूलाई प्राथमिकतामा राखिएको छ।

दिगो विकास लक्ष्यमैत्री बनाउने प्रयास गरिएको यस मध्यमकालीन खर्च संरचनामा दिगो विकासका लक्ष्य तथा सूचकहरूबीच अधिकतम सामञ्जस्यता/एकरुपता कायम गर्ने प्रयास गरिएको छ। यसमा प्रस्तुत आर्थिक खाका तथा नतिजा खाकामा प्रस्तुत सबै सूचकहरूले प्रत्यक्ष वा परोक्ष रुपमा दिगो विकास लक्ष्यका सूचकहरूलाई कुनै न कुनै रुपमा योगदान गर्दछन्। दिगो विकास लक्ष्यको आधारमा बजेट बाँडफाँटको अवस्था अध्ययन गरी योजना अवधिमा कुन-कुन दिगो विकास लक्ष्यमा के कति बजेट प्राप्त हुन सक्छ भनी अनुमान तथा प्रक्षेपण गरिएको छ। दिगो विकास लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउने आयोजना तथा कार्यक्रमहरू र दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित क्षेत्रलाई प्राथमिकीकरण गरी लगानीको सुनिश्चितता गर्ने कार्यलाई पनि यस मध्यमकालीन खर्च संरचना तर्जुमाका क्रममा विशेष ध्यान दिइएको छ।

समग्रमा यस मध्यमकालीन खर्च संरचनालाई अधिकतमरुपमा दिगो विकास लक्ष्यमैत्री बनाउने प्रयास गरिएको छ। मध्यमकालीन खर्च संरचनासँग आफ्नो वार्षिक नीति तथा कार्यक्रम र बजेट विनियोजनको तादाम्यता कायम गर्दै गाउँपालिकाले असल अभ्यासको थालनी गरेसँगै दीर्घकालीन सोच, आवधिक योजना, प्रदेश तथा राष्ट्रिय लक्ष्य र दिगो विकासका लक्ष्य प्राप्त गर्न सहयोग पुऱ्याउने विश्वास लिइएको छ।

## १.१० गाउँपालिकाको अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा दिगो विकास लक्ष्यको आन्तरिकीकरण

परवानीपुर गाउँपालिकाको योजनाको नतिजा खाका अनुरूप विकास तथा सेवा प्रवाहका कार्यबाट अपेक्षित नतिजा प्राप्त भए नभएको सुनिश्चितताको लागि प्रभावकारी अनुगमन प्रणाली आवश्यक छ। यसका लागि नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरी लागू गर्नुपर्दछ। नतिजामूलक अनुगमनलाई प्रभावकारी बनाउन नतिजामूलक व्यवस्थापनलाई संस्थागत गरिनुपर्दछ भन्ने मान्यता परवानीपुर गाउँपालिकाले लिएको छ। यस्तो व्यवस्थापनले प्रतिफल र असरलाई लगानी र क्रियाकलापसँग आवद्ध गरी लगानीको प्रभावकारिता अभिवृद्धि गर्न जोड दिन्छ।

हाल गाउँपालिकाले अवलम्बन गरेको अनुगमन तथा मूल्याङ्कन प्रक्रिया अन्तर्गत गाउँपालिकाले वार्षिक रुपमा तय गरेका कार्यक्रमहरूको प्रगति समीक्षाका लागि त्रैमासिक रुपमा बैठक बसी सञ्चालित कार्यक्रमहरूको प्रगति र अपेक्षित लक्ष्यको आँकलन गरिन्छ। त्रैमासिक प्रगतिको आधारमा गाउँपालिकाले चाल्नुपर्ने आगामी कदमहरू अध्यावधिक गरी आवश्यकताअनुसार कार्यान्वयनको ढाँचा परिमार्जन गरिन्छ। गाउँपालिका प्राथमिकताका साथ आफ्ना नीति, कार्यक्रम तथा योजनाहरू दिगो विकासमैत्री बनाउँदै दिगो विकास लक्ष्यको सबल आन्तरिकरण गर्न प्रयासरत छ। यस अन्तर्गत विकास प्रक्रियाका सबै चरणमा नतिजा सुनिश्चित गर्ने, कार्यक्रम तर्जुमा र अनुगमन तथा मूल्याङ्कनलाई नतिजासँग आवद्ध गर्ने, नतिजा मापनका लागि सरल सूचकहरू एवम् फारमको प्रयोग गर्ने, लगानी तथा क्रियाकलापलाई नतिजासँग आवद्ध गर्ने र हासिल भएका नतिजाबाट

शिक्षा लिई निर्णय गर्ने विषय र प्रक्रियाहरूलाई आवधिकरुपमा मापन गरी परिष्कृत गर्दै लैजाने अनुगमन तथा मूल्याङ्कन पद्धतिको विकासमा जोड दिइएको छ। दिगो विकास लक्ष्यको नतिजामूलक अनुगमन र तथ्यमा आधारित निर्णयका लागि खण्डीकृत तथ्याङ्कको अभिलेख सुनिश्चित गर्न गाउँपालिका प्रयासरत छ।

## १.११ गाउँपालिकाको प्रथम पञ्चवर्षीय योजनाका प्राथमिकता

यस गाउँपालिकाले माध्यकालीन खर्च संरचनाले प्राथमिकतामा राखेका कार्यक्रमहरू र गाउँपालिकाको दीर्घकालीन सोच “समुन्नत औद्योगिक नगर, हाम्रो परवानीपुर”को आधारमा आफ्ना वार्षिक नीति तथा कार्यक्रममार्फत् दिगो विकास लक्ष्य हासिल गर्ने उद्देश्य लिएको छ। गाउँपालिकाले निकट भविष्यमा नै दिगो विकास लक्ष्यअनुसार आफ्नो आवधिक योजना निर्माण गर्ने सोच लिएको छ।

# अध्याय २ः प्रतिवेदनका उद्देश्य र विधि

## २.१ गाउँपालिकाको दिगो विकास लक्ष्य स्वेच्छिक पुनरावलोकन प्रतिवेदनको उद्देश्य

नेपालले दिगो विकास लक्ष्यलाई मुलुकको आर्थिक सामाजिक र पर्यावरणीय परिवेशअनुसार कार्यान्वयनमा ल्याउँदै चौधौं योजनादेखि नै आन्तरिकीकरण गर्न सुरु गरेको हो। राष्ट्रिय योजना आयोगले दिगो विकास लक्ष्य पूरा गर्न तथा कार्यान्वयन गरी हासिल गर्न पन्ध्रौं योजनामा आन्तरिकीकरण र तादाम्यता मिलाउने कार्य गरिसकेको छ। पन्ध्रौं योजनाले दिगो विकासको सन्दर्भमा राष्ट्रिय विकासका आकाङ्क्षा निर्धारण गरेको छ।

दिगो विकास लक्ष्य स्थानीयकरण गर्नु भनेको स्थानीय विकासको सन्दर्भमा यी लक्ष्यहरूलाई दुरुस्त अवलम्बन गर्नु नभई तिनका सिद्धान्त र सारलाई आत्मसात् गरी स्थानीय वस्तुस्थिति र आवश्यकताअनुसार परिमार्जन गर्दै लैजानु हो। दिगो विकास लक्ष्यको स्थानीयकरणले राष्ट्रिय, प्रादेशिक र स्थानीय आवधिक योजनाबीच अन्तरसम्बन्ध कायम गराउन योगदान पुऱ्याउँने अपेक्षा गरिन्छ।

यसै सन्दर्भमा दिगो विकास लक्ष्य हासिल गर्न हालसम्म भएका राष्ट्रिय आकाङ्क्षाअनुसार भएको कार्य प्रगतिको स्थिति र लक्ष्य तथा सूचकहरूको अवस्था यकीन गरी परवानीपुर गाउँपालिकाको आधाररेखा तयार गर्नु नै यस स्वेच्छिक पुनरावलोकन प्रतिवेदनको मूल उद्देश्य हो। दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्ने सम्बन्धमा तयार भएका कार्यविधि तथा निर्देशिकाहरूको अध्ययन गरी गाउँपालिकाले दिगो विकास लक्ष्य कार्यन्वयन गर्न आवश्यक भूमिका र दायित्वको बारेमा संक्षिप्त विवरण तयार गर्नु पनि यस स्वेच्छिक पुनरावलोकन प्रतिवेदनको उद्देश्य हो।

## २.२ गाउँपालिकाको दिगो विकास लक्ष्य स्वेच्छिक पुनरावलोकन प्रतिवेदन बनाउनुको औचित्य

दिगो विकास लक्ष्यको कार्यान्वयनको विषयमा यस पालिकाको अधिकार र जिम्मेवारीको अध्ययन तथा सोसम्बन्धी कार्यप्रक्रियालाई मार्गदर्शन गर्ने संवैधानिक र हालसम्म जारी भएका संघीय, प्रादेशिक र स्थानीय तहका कानुनी दस्तावेज, नीति तथा निर्देशिका र कार्यक्रमहरू अध्ययन पुनरावलोकन गरी यस गाउँपालिकाको कार्यक्षेत्रको पहिचान र दिगो विकास लक्ष्य आन्तरिकीकरण र कार्यन्वयन गर्न परवानीपुर गाउँपालिकाको भूमिका र दायित्व पहिचान र आवश्यक कार्यदिशा तय गर्नु नै यस प्रतिवेदनको औचित्य हो। यो प्रतिवेदन तयार गर्नुको थप औचित्यहरू निम्नानुसार छन्ः

क) परवानीपुर गाउँपालिका तहमा दिगो विकास लक्ष्यका परिमाणात्मक लक्ष्य र सूचकहरूमा भएका प्रगतिको बारेमा आधारभूत सूचना सङ्कलन गरी आधाररेखा तय गर्न,

ख) गाउँपालिकामा हालसम्म दिगो विकास लक्ष्य र सूचकहरूमा भएको प्रगतिको समीक्षा गर्न,

ग) गाउँपालिकाको दिगो विकास लक्ष्यको सन् २०२५ र २०३०को लक्ष्य निर्धारण गर्न,

घ) दिगो विकास लक्ष्य प्राप्त गर्न उपलव्ध स्रोत-साधन र अपुग भएका स्रोत-साधनको आँकल गर्न र

ङ) स्रोतको उपलव्धता र आवश्यकताबीचको खाडल पहिचान गरी दिगो विकास लक्ष्य प्राप्त गर्न आवश्यक कार्यादिशा निर्धारण गर्न।

## २.३ प्रतिवेदन तयार गर्ने विधि

दिगो विकास लक्ष्य कार्यन्वयनकालागि हालसम्म भएका प्रमुख प्रकाशनहरू जस्तै दिगो विकास लक्ष्यः स्थानीयकरण स्रोत पुस्तिका, राष्ट्रिय योजना आयोग २०७७, स्थानीय सरकारको वार्षिक योजना तथा बजेट तर्जुमा हाते पुस्तिका, संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय नेपाल, २०७७, दिगो विकास लक्ष्यको स्थानीयकरणसम्बन्धी प्रदेशस्तरीय अन्तरक्रियात्मक कार्यक्रमको प्रतिवेदन, संघीय संसद, राष्ट्रिय सभा -दिगो विकास तथा सुशासन समिति, २०७६, स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको साङ्केतीकरण स्रोत पुस्तिका, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय नेपाल, २०७९ लगायतका दस्तावेजलाई आधार मानी यस परवानीपुर गाउँपालिकाको दिगो विकास लक्ष्य स्वेच्छिक पुनरावलोकन प्रतिवेदन तयार गरिएको छ। यस प्रक्रियामा विभिन्न तथ्याङ्क र सूचना सङ्कलन गर्न देहाय बमोजिमको चरण तथा प्रक्रिया अवलम्बन गरिएको छः

### १. प्रविधिक सहयोगका लागि परामर्शदाता टोली परिचालन

यस परवानीपुर गाउँपालिकाको दिगो विकास लक्ष्य स्वेच्छिक पुनरावलोकन प्रतिवेदन तयार गर्न संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको आर्थिक तथा प्राविधिक सहयोग लिईयो। परामर्शदाता टोली ७ देखि १२ असोज २०७९ सम्मको कार्ययोजनासहित गाउँपालिकालाई सहयोग गर्न परिचालन भएको थियो। परामर्शदाताले गाउँ कार्यपालिकाको कार्यालयमै बसेर निर्वाचित पदाधिकारी तथा कर्मचारीलाई अभिमुखीकरण गर्ने, कार्यदल निर्माण गर्ने, जनप्रतिनिधिहरूको निर्देशिका, नीति तथा कार्यक्रमहरूको बारेमा बुझाई र तिनको कार्यान्वयनबीच देखिएको अन्तरको पहिचान गर्ने र कार्यान्वयन गर्न उनीहरूको भूमिका र दायित्वको विश्लेषण गर्ने, आय-व्यय, तथा बजेट कार्यान्वयनको अवस्था विश्लेषण गर्ने, खर्च संरचनाको समेत अध्ययन/विश्लेषण गरी गाउँपालिकाको लगानी प्राथमिकता पहिचान गर्ने र गाउँपालिकाका महत्त्वपूर्ण कार्यक्षेत्रभित्र दिगो विकास लक्ष्यका परिमाणात्मक लक्ष्य र सूचकहरूमा भएका प्रगतिका बारे आधारभूत सूचना सङ्कलन गर्ने जस्ता कार्यमा सहयोग तथा सहजीकरण गरेको थियो।

### २. कानूनी दस्तावेज र अन्य सन्धर्भ सामग्री सङ्कलन र समीक्षा

गाउँपालिकाको मार्गनिर्देशनमा परामर्शदाताद्वारा संघीय, मधेश प्रदेश सरकार र यस गाउँपालिकाले हालसम्म जारी गरेका ऐन, नियम, कार्यविधि तथा निर्देशिकाहरू लगायतका दस्तावेजको अध्ययन गरियो। गाउँपालिकामा दिगो विकास लक्ष्यको स्थानीयकरण एवं सो लक्ष्य प्राप्तिका लागि चालिएका कदमहरूको पुनरावलोकन गरियो। नेपालको संविधान, कार्य विस्त्रितीकरण प्रतिवेदन २०७३, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तर-सरकारी वित्तीय हस्तान्तरण ऐन २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६, योजना वर्गीकरण मापदण्ड ऐन २०७६, दिगो विकास लक्ष्यः स्थानीयकरण स्रोत पुस्तिका २०७७, स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको साङ्केतीकरण स्रोत पुस्तिका २०७९ र यस गाउँपालिकाका सान्दर्भिक नीति, कानुन तथा प्रगति प्रतिवेदन लगायतका प्रकाशनहरूको पनि अध्ययन गरियो। यो दिगो विकास लक्ष्य स्वेच्छिक पुनरावलोकन प्रतिवेदन तयारीका सन्दर्भमा अध्ययन तथा समीक्षा गरिएका अन्य प्रमुख सन्दर्भ सामाग्री यस प्रतिवेदनको अन्त्यमा प्रस्तुत गरिएको छ।

## ३. प्रतिवेदन तयारी कार्ययोजना तर्जुमा र प्रारम्भिक प्रतिवेदन पेश

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमले सुझाएको ढाँचामा गाउँपालिकाको दिगो विकास लक्ष्य स्वेच्छिक पुनरावलोकन प्रतिवेदन तयार गर्नका लागि अपनाउनु पर्ने विधि, आवश्यक औजार एवम् कार्ययोजना सम्बन्धमा तयारी बैठकको आयोजना गरी छलफल गरियो। बैठकमा जनप्रतिनिधि, गाउँपालिकाका कर्मचारी र परामर्शदाता टोली संलग्न थिए। छलफलको निष्कर्षका आधारमा दिगो विकास लक्ष्य स्वेच्छिक पुनरावलोकन प्रतिवेदन तयारी विधि तथा प्रक्रिया, औजार र ढाँचा स्वीकार गरी छलफलमा आएका सुझाव तथा पृष्ठपोषणका आधारमा गाउँपालिकाको स्वेच्छिक पुनरावलोकन प्रतिवेदन तयारी कार्ययोजना तर्जुमा गरियो।

गाउँपालिकाको दिगो विकास लक्ष्य स्वेच्छिक पुनरावलोकन प्रतिवेदन निर्माणका क्रममा सन्दर्भ सामाग्री अध्ययन तथा विश्लेषण र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमका प्रतिनिधिहरूसँग छलफल गरी सोको निष्कर्षका आधारमा दिगो विकास लक्ष्य स्वेच्छिक पुनरावलोकन प्रतिवेदन तयारी विधि तथा प्रक्रिया, औजार, दस्तावेजको ढाँचा र कार्ययोजना निर्धारण गरियो।

## ४. अभिमुखीकरण कार्यशाला गोष्ठी सञ्चालन

गाउँपालिकाको मार्गनिर्देशनमा परामर्शदातामार्फत् निर्वाचित जनप्रतिनिधि, गाउँपालिकाका कर्मचारीहरू, विषयगत समितिका प्रतिनिधि तथा अन्य सरोकरवाला सम्मिलित अभिमुखीकरण कार्यशाला गोष्ठी सञ्चालन गरियो। यस अभिमुखीकरण कार्यशाला गोष्ठीमा प्रत्येक दिगो विकास लक्ष्यको व्याख्या र दिगो विकासका लागि २०३० एजेन्डा पूरा गर्न समुदाय, निजी क्षेत्र र स्थानीय सरकारको भूमिकाबारे सघन छलफल गरी सबैको बुझाइ एकाकार गरियो। अभिमुखीकरण कार्यशाला गोष्ठीका सदस्यहरूले गाउँपालिका स्तरमा सूचना र तथ्याङ्क सङ्कलनका क्रममा प्रयोग गर्ने परिमाणात्मक र गुणात्मक औजार, अवलम्बन गर्ने विधि लगायत अन्य प्रक्रियागत विषयहरूको बारेमा आवश्यक जानकारी प्राप्त गर्नुभयो। अन्त्यमा विषयगत समिति, कार्यदल र विषयगत शाखाको जिम्मेवारी तथा भूमिका समेत स्पष्ट गरियो।

## ५. विषयगत समिति तथा शाखासँग परामर्श

गाउँपालिकाको दिगो विकास लक्ष्य स्वेच्छिक पुनरावलोकन प्रतिवेदन निर्माण गर्न आवश्यक लक्ष्यअनुसारका सूचना र तथ्याङ्क सङ्कलन तथा गाउँपालिकामा सञ्चालित कार्यक्रमहरूको दिगो विकास लक्ष्य अनुरूप वर्गीकरण प्रयोजनार्थ गरिएको परामर्श छलफलबाट योजनाहरूको साङ्केतिकरण गरी लक्ष्यका सूचकहरूलाई आवश्यक तथ्याङ्क, सूचना सङ्कलन विधि तय गरियो।

## ६. दिगो विकास लक्ष्य र सूचकाङ्कअनुसारको सूचना सङ्कलन

गाउँपालिकाको दिगो विकास लक्ष्य स्वेच्छिक पुनरावलोकन प्रतिवेदन तयारी कार्यदल र परामर्शदाता सम्मिलित टोलीबाट गाउँपालिकास्तरमा उपलव्ध सूचना तथा तथ्याङ्क सङ्कलन गर्ने कार्य गरियो तथ्याङ्क तथा सूचना उपलव्धताको विश्लेषण गर्दा, गाउँपालिकासँग सम्बन्धित तर गाउँपालिकामा प्रत्यक्ष रुपमा उपलब्ध नभएका दिगो विकास लक्ष्यका सूचकहरूलाई चाहिने परिमाणात्मक तथ्याङ्क अभिलेख, विभिन्न जिम्मेवार निकायहरू जस्तै, स्थानीय स्वास्थ संस्था, विद्युत कार्यालय, प्रहरी कार्यालय आदिसँग समन्वय गरी सङ्कलन गरियो।

### ७. सम्बन्धित स्थानीय निकाय, सरोकारवाला संस्था तथा जानिफकारहरूसँग बैठक

गाउँपालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत लगायतका विभिन्न विभागका कर्मचारीहरूसँग अन्तरक्रिया बैठक गरेर गाउँपालिकाको यस स्वेच्छिक स्थानीय पुनरावलोकन प्रतिवेदन तयार पार्न आवश्यक सहयोग र भूमिकाको बारेमा छलफल गरियो। बैठकमा गाउँपालिकाको योजना तर्जुमा, योजना कार्यान्वयनको अवस्था, बजेट बिनियोजन र कार्यान्वयनको अवस्था र दिगो विकास लक्ष्यसम्बन्धी भए गरेका प्रगति जस्ता विषयमा तथ्याङ्कहरूको अध्ययन, समीक्षा गरी सङ्कलन गरिएको परिमाणात्मक सूचनाका आधारमा गहन छलफल गरी थप गुणात्मक सूचना सङ्कलन गरियो। निजीक्षेत्र तथा गैरसरकारी संस्थाका प्रतिनिधि, सहकारीका प्रतिनिधि र अन्य विषयगत जानिफकारहरूसँग दिगो विकास लक्ष्यको "कसैलाई पनि पछि नपरून्" मूल मर्मअनुसार महिला, दलित, आदिवासी जनजाति, सीमान्तकृत, अल्पसङ्ख्यक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति लगायतका समुदाय लक्षित नवीनतम कार्यक्रमहरू साथै, गाउँपालिकामा सञ्चालन भएका अन्य कार्यक्रमहरू र उक्त कार्यक्रमहरूको लागि भएका आवश्यक स्रोत परिचालनबारे पनि छलफल गरियो।

## २.४ सङ्कलित सूचनाको विश्लेषण र प्रयोग

सङ्कलित सूचनाको निम्न बमोजिम विश्लेषण र प्रयोग गरियोः

१. परवानीपुर दिगो विकास लक्ष्य प्राप्तिमा स्रोतको आवश्यकता र विनियोजनबीच स्रोत कमीको (Gap) पहिचान र विश्लेषण;

२. स्थानीय विकास र गाउँपालिकास्तरमा दिगो विकास लक्ष्यहरूबीचको समन्वय र पूरकतामा कुन दिगो विकास लक्ष्यले प्रभावकारी रूपमा योगदान गरिरहेको छ भन्ने मूल्याङ्कन र पहिचान;

३. आधारभूत स्वास्थ्य, आधारभूत शिक्षा, खानेपानी तथा सरसफाइ, विद्युतीकरण, सामाजिक तथा वातावरण संरक्षण, साना पूर्वाधार र आर्थिक विकासजस्ता गाउँपालिकाको कार्यक्षेत्रलाई विशेष ध्यान दिएर मूल्याङ्कन गरी दिगो विकास लक्ष्यको उपलब्धिमा भएको प्रगतिको तुलना;

४. दिगो विकास लक्ष्य हासिल गर्न हाल प्राथमिकतामा परेका योजनाहरू र पुनःप्राथमिकीकरणको आवश्यकता विश्लेषण।

## २.५ प्रतिवेदन माथि छलफल, सुधार र स्वीकृति

दिगो विकास लक्ष्य स्वेच्छिक पुनरावलोकन प्रथम मस्यौदा प्रतिवेदन तयार भएपछि, प्रतिवेदन माथि गाउँपालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत लगायतका विभिन्न विभागका कर्मचारीहरू, प्रतिवेदन तयारी कार्यदल सदस्यहरू बैठक बसी आन्तरिक छलफल गरी सुझाव सङ्कलन गरियो। सङ्कलित राय सुझावको सूची तयार गरी विज्ञ परामर्शदातालाई समेत प्रदान गरियो। प्रत्यक्ष रुपमा परामर्श गर्न नसकिएका सरोकारवालाहरूबाट पनि जानकारी लिने प्रयास गरियो र सान्दर्भिक सुझाव र टिप्पणीहरू सम्बोधन गरी मस्यौदा प्रतिवेदनलाई आवश्यक परिमार्जन गरियो। यसक्रममा मस्यौदा प्रतिवेदनमा नपुग भएका आवश्यक सूचना तथा तथ्याङ्कहरू विभिन्न शाखाहरूबाट सङ्कलन गरी परिमार्जित दोस्रो मस्यौदामा समावेश गरियो।

त्यसैगरी, तयार भएको दोस्रो मस्यौदा प्रतिवेदन माथि थप राय सुझाब प्राप्त गर्न संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमसँग विभिन्न चरणमा बैठक बसी उक्त मस्यौदा माथि छलफल गरियो। छलफलमा सुझाइएका विषयहरूलाई सम्बोधन गरी परवानीपुर गाउँपालिकाको दिगो विकास लक्ष्य स्वेच्छिक पुनरावलोकन प्रतिवेदन तयार गरियो र सो प्रतिवेदन प्रकाशन गर्न स्वीकृत गरियो।

## २.६ प्रतिवेदन तयार गर्न आवश्यक सूचना सङ्कलनका स्रोत

परवानीपुर गाउँपालिकाको दिगो विकास लक्ष्यका सूचकहरूको अवस्थालाई राष्ट्रिय लक्ष्यसँग तुलना गर्न र सन् २०२५ र २०३० को सापेक्ष्य प्रक्षेपण गर्न राष्ट्रिय र प्रादेशिकस्तरमा प्रकाशित स्वेच्छिक पुनरावलोकन प्रतिवेदनहरूको अध्ययन गरी दिगो विकास लक्ष्यका गाउँपालिकामा प्रत्यक्ष लागू हुने सूचकहरूको उपलब्ध सङ्ख्यात्मक तथ्याङ्क हासिल गरियो। पहिचान गरिएका दोश्रो स्रोतहरू जस्तै केन्द्रिय तथ्याङ्क विभाग, विषयगत मन्त्रालयमा उपलब्ध प्रशासनिक तथ्याङ्कको अध्ययन गरी उपलब्ध सङ्ख्यात्मक तथ्याङ्क हासिल गरियो। त्यस्तैगरी, परवानीपुर गाउँपालिकाका शाखाहरूमा उपलब्ध भएसम्मका यस प्रतिवेदन तयार गर्न आवश्यक दिगो विकास लक्ष्यका सूचकहरूअनुसारका सूचना तथा तथ्याङ्क सङ्कलन गरियो। गाउँपालिकाबाट प्रकाशित र अप्रकाशित अभिलेखहरू, सरोकारवाला सरकारी, गैर-सरकारी र निजी संघ संस्थाका अभिलेखहरूको समेत अध्ययन गरी उपलब्ध सङ्ख्यात्मक तथ्याङ्क हासिल गरियो।

# अध्याय ३: दिगो विकास लक्ष्यअनुसार सूचकहरूको अवस्था र भावी योजना

## ३.१ दिगो विकास लक्ष्य स्थानीयकरण गर्ने प्रक्रिया, अवस्था र नेपालमा देखिएको असल अभ्यास

नेपाल संघीय संरचनामा प्रवेश गरिसकेको सन्दर्भमा संघीय संरचना अन्तर्गत राजनीतिक, सामाजिक, सांस्कृतिक र वातावरणीय सन्तुलन कायम गराउँदै दिगो विकासका लक्ष्यहरू हासिल गर्ने अपनाइने मौलिक प्रयासहरूनै दिगो विकास लक्ष्यको स्थानीयकरणका औजारहरू हुन्। यसका लागि नागरिकको जीवनस्तर माथि उकास्ने खालका वास्तविक कार्यनीति र तिनीहरूको सहज र सबल कार्यान्वयनका लागि दिगो विकासका लक्ष्यहरूको स्थानीयकरण अत्यन्तै जरुरी हुन्छ।

नेपालले गरेको अन्तराष्ट्रिय प्रतिवद्धताअनुसार दिगो विकास लक्ष्यलाई चौधौं र पन्ध्रौं योजनामा आन्तरिकीकरण गर्दै राष्ट्रियस्तरबाट असल अभ्यासको थालनी गरेसँगै दिगो विकास लक्ष्य स्थानीयकरण गर्न प्रदेश तथा स्थानीय सरकारहरूलाई मार्गदर्शन प्रदान गर्दै विभिन्न नीति, निर्देशन, कार्यविधि, दिग्दर्शन तथा स्रोत पुस्तिका निर्माण गरी कार्यान्वयन गरेको छ। यस परिप्रेक्ष्यमा स्थानीय तहमा दिगो विकास लक्ष्यको आन्तरिकीकरण गर्न सहयोगी हुने उद्देश्य अनुरुप राष्ट्रिय योजना आयोगले 'दिगो विकास लक्ष्य: स्थानीयकरण स्रोत पुस्तिका' तयार गरेको छ। यस पुस्तिकाले स्थानीय तहमा आवधिक विकास योजना तर्जुमा गर्दा दिगो विकास लक्ष्यको आन्तरिकीकरण गरी नेपालले अन्तरराष्ट्रिय स्तरमा जनाएका दिगो विकास लक्ष्यसम्बन्धी प्रतिबद्धता पूरा गर्न सहयोग पुर्‍याउनेछ।

प्रदेश सरकारहरूले आफ्ना दिगो विकास लक्ष्य स्वेच्छिक पुनरावलोकन प्रतिवेदन समेत तयार गरी आधाररेखा निर्धारण गर्दै, नीति, योजना तथा कार्यक्रमहरू दिगो विकास लक्ष्यमैत्री बनाउदै लगेका छन्। त्यस्तैगरी, प्रदेश र स्थानीय सरकारहरूले आफ्ना प्रथम आवधिक योजना र मध्यमकालीन खर्च संरचनामा दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरी असल अभ्यासको थालनी गरिसकेका छन्।

स्थानीय तहहरूले पनि जनताका प्राथमिकता सम्बोधन गर्दै सार्वजनिक सेवाप्रवाहसम्बन्धी थुप्रै उत्साहप्रद, नौला र मननयोग्य कामहरू गरेका छन्। उदाहरणका लागि, वडीमालिका नगरपालिका बाजुरा, हिमा गाउँपालिका जुम्ला जस्ता हिमाली क्षेत्रका स्थानीय तहहरूले शिक्षाको गुणस्तर र शिक्षक व्यवस्थापनमा उदाहरणीय काम देखाएका छन्। डोटीको जोरापाल गाउँपालिकाको अभिलेख व्यवस्थान, पर्वतको महाशिला गाउँपालिकाको एक घर एक रोजगार कार्यक्रम र सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाको वालविवाह मुक्त गाउँपालिका बनाउने प्रयास सफल हुँदै गएको पाइएको छ। सूर्योदय नगरपालिका, इलामको पर्यटनलाई आर्थिक पक्षसँग जोड्न कन्याम क्षेत्र केन्द्रित पर्यटकीय उपक्रमहरूको कार्यान्वयन, कन्काई नगरपालिकाको मजदुर हितकोष तथा बिमा कार्यक्रमबाट उत्साहप्रद परिणामको अपेक्षा गर्न सकिन्छ। चितवनको रासी नगरपालिकाले प्रयोगमा ल्याएको विभिन्न चरणमा १२ जना पदाधिकारीहरूको हस्ताक्षर युक्त प्रतिवेदन पश्चात् मात्र भुक्तानी हुने प्रणाली र कर्णाली प्रदेशको रास्कोट नगरपालिकाको श्रम बैङ्कको अवधारणालाई विस्तार गर्ने प्रसस्त ठाउँ छ। स्थानीय तहमा भएका उदाहरणीय कामहरूका यी केही प्रतिनिधि उदाहरण मात्र हुन्। जनताको जीवनस्तरमा प्रत्यक्ष सुधार देखिने खालका उत्पादनमूलक क्षेत्र विस्तार, रोजगारी सृजना, आन्तरिक

राजस्व वृद्धि, चुस्त बजेट निर्माण र खर्चलाई प्रभावकारी बनाउने तर्फ केही स्थानीय तहहरूले प्रशंसनीय कामहरू गरेका छन्। परवानीपुर गाउँपालिका पनि यस्ता नमुना कार्यको अनुसरण गरी अगाडि बढ्ने छ।

## ३.२ दिगो विकास लक्ष्य प्राप्त गर्न परवानीपुर गाउँपालिकाले गरेका प्रयास

स्थानीय तहको अग्रसरतामा गरिने कामबाट छिटो प्रतिफल प्राप्त हुने भएकोले दिगो विकास लक्ष्यको कार्यान्वयनमा स्थानीय तहलाई धेरै जिम्मेवार बनाइएको छ। दिगो विकासको राष्ट्रिय एजेण्डालाई परवानीपुर गाउँपालिकाले आत्मसात गरी पूर्ण रुपमा कार्यसम्पादनमा ल्याइसकेको अवस्था छैन। दिगो विकास लक्ष्यलाई पूर्णरुपमा स्थानीयकरण गरी विकासका हरेक क्रियाकलापसँग लक्ष्यलाई जोडेर कार्यसम्पादन गरी नजिता निकाल्ने काम चुनौतीपूर्ण रहेको देखिन्छ। योजनाहरूको कार्यान्वयन गर्ने क्षमता, त्यसका लागि आवश्यक उपयुक्त वातावरण निर्माण र प्रविधिको विकास गर्न गाउँपालिका कार्यरत छ। गाउँपालिकास्तरबाट दिगो विकास लक्ष्य प्राप्त गर्न परवानीपुर गाउँपालिकाले हालसम्म गरेका प्रयास निम्न बमोजिम छन्:

### १. गाउँपालिकाले निर्माण गरेका ऐन, कानुन, निर्देशिका, तथा कार्यविधि

परवानीपुर गाउँपालिकाले आफ्ना एकल अधिकारको प्रयोग गर्दै सञ्चालन गर्ने विभिन्न योजना तथा कार्यक्रमहरू मार्फत् दिगो विकास लक्ष्य हासिल गर्न केही ऐन तथा कार्यविधिहरू निर्माण गरी लागू गरिसकेको छ भने केही कानुनी दस्तावेजहरूको मस्यौदा तयारी चरणमा छन्। उदाहरणका लागि परवानीपुर गाउँपालिकाले निर्माण गरेको स्थानीय तह वित्त व्यवस्थापन कोष कार्यविधि,२०७९, परवानीपुर गाउँपालिका आर्थिक सहायतासम्बन्धी कार्यविधि, २०७९ र घरजग्गा, कोठा, टहरा बहालमा लिनेसम्बन्धी कार्यविधि, २०७९ ले गाउँपालिकाको आन्तरिक तथा वाह्य वित्तीय स्रोत परिचालनमा मितव्ययिता कायम गरी प्रभावकारी कार्यान्वयनका गर्न मद्दत पुगेको छ।

### २. गाउँपालिकाको मध्यमकालीन खर्च संरचना

गाउँपालिकाले निर्माण गरेको मध्यमकालीन खर्च संरचनाबाट यस गाउँपालिकाको समग्र विकासको प्राथमिकता प्राप्त कार्यक्रमहरूको निरन्तरता र लगानी तथा कार्यान्वयनको सुनिश्चितताको माध्यमद्वारा दिगो विकास हासिल हुने अपेक्षा गरिएको छ। परवानीपुर गाउँपालिकाको दीर्घकालीन सोच "समुन्नत औद्योगिक नगर, हाम्रो परवानीपुर"को आधारमा यस मध्यमकालीन खर्च संरचनाले राष्ट्रिय तथा प्रदेश लक्ष्यहरूलाई पछ्याउदै दिगो विकासका लक्ष्य प्राप्तिमा योगदान पुर्याउने विश्वास लिइएको छ।

### ३. गाउँपालिकाबाट सञ्चालित दिगो विकास लक्ष्यमैत्री कार्यक्रम

गाउँपालिकाले सञ्चालन गरेका विभिन्न योजना तथा कार्यक्रमहरूले प्रत्यक्ष वा परोक्षरुपमा दिगो विकास लक्ष्यका एजेण्डालाई सम्बोधन गर्दै आईरहेका छन्। यस्ता कृषि, महिला र विपन्न वर्ग लक्षित कार्यक्रमहरूले दिगो विकास लक्ष्यको कसैलाई पनि पछि नछोड्ने भन्ने अवधारणालाई आत्मसाथ गरेको छ। दिगो विकासलाई पूर्णरुपमा स्थानीयकरण गरी विकासका हरेक क्रियाकलापसँग लक्ष्यलाई जोडेर कार्यसम्पादन गरी नजिता निकाल्ने काममा गाउँपालिका अग्रसर रहेको छ। यसका साथै योजनाहरूको कार्यान्वयन गर्ने क्षमता विकास, त्यसका लागि आवश्यक उपयुक्त वातावरण निर्माण र प्रविधिको आवश्यकतालाई पनि यस गाउँपालिकाले सम्बोधन गर्दै लैजाने छ।

## ३.३ दिगो विकास लक्ष्य प्राप्त गर्न परवानीपुर गाउँपालिकाले सञ्चालन गरेको नयाँ तथा नवप्रर्वतनीय कार्यक्रम तथा क्रियाकलाप

परवानीपुर क्षेत्र कृषिजन्य उत्पादन तथा खाद्य सुरक्षाका दृष्टिले प्रचूर सम्भावना भएको क्षेत्र हो। उर्वरशील जमिनको व्यापकता रहेको यस गाउँपालिकाको कृषि क्षेत्रले स्थानीय अर्थतन्त्रको प्रमुख संवाहकमध्ये एक हो। "सवल सक्षम किसान, दिगो कृषि उत्पादन" र "दिगो तथा उन्नत पशुपालन, सक्षम किसान" को सोच सहित गाउँपालिकाले कृषि तथा पशुपालन प्रवर्धन गर्न गाउँपालिकाले तरकारीबाली साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम, कृषि विकास प्रवर्धन अन्य सालवसाली कार्यक्रम, व्यावसायिक बाख्रा, गाई, भैसीपालन पकेट विकास कार्यक्रम जस्ता विभिन्न योजना तथा कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ। गाउँपालिकाले कृषिलाई आधुनिक र व्यावसायीकरुपमा विस्तार गर्न विभिन्न पकेटक्षेत्र पहिचान गरी उत्पादन वृद्धि गर्ने लक्ष्य लिएको छ।

वीरगंज महानगरपालिका तथा जीतपुर-सिमरा उपमहानगरपालिकासँग जोडिएको औद्योगिक हवका रुपमा परिचित परवानीपुर गाउँपालिकामा १०० भन्दा बढी लघु, साना, मझौला तथा ठूला उद्योग, व्यापार व्यवसाय सञ्चालनमा रहेका छन्। **"दिगो तथा रोजगार मूलक स्थानीय उद्योगको प्रवर्धन"** सोच राखी उत्पादन, प्रशोधन तथा निर्माण क्षेत्रसँग सम्बन्धित उद्योगहरू र थोक तथा खुद्रा व्यापारले यस गाउँपालिकाको अर्थतन्त्रलाई चलायमान बनाएको छ। स्वच्छ ऊर्जा, फोहोरमैला प्रशोधन र पुनःप्रयोगमा आधारित उद्योगहरूको विकास गरी सक्षम अर्थतन्त्रको प्रवर्धन गर्ने रणनीति लिएको गाउँपालिकामा लघु, घरेलु तथा साना उद्योग प्रवर्धन कार्यक्रमहरू सञ्चालनमा छन्। यस्ता कार्यक्रमहरूले क्षमता अभिवृद्धि, उत्पादकत्व वृद्धी गर्दै स्थानीय अर्थतन्त्रमा योगदान गर्ने अपेक्षा गरिएको छ। कृषिलाई उद्योगकोरुपमा विकास गरी स्थानीय उत्पादन र रोजगारीमा वृद्धि गर्दै गरीवी न्यूनीकरण र आर्थिक अवस्थामा सुधार गर्ने लक्ष्य परवानीपुर गाउँपालिकाको छ।

## ३.४ गाउँपालिकाको विगत तीन वर्षको आम्दानी तथा खर्चको विश्लेषण

गाउँपालिकाको खर्च प्रणालीमा एकरूपता छैन। अघिल्लो बर्षको खर्चबाट बचत भएको रकम पनि पछिल्लो बर्षमा खर्च गर्न सकिएको छैन। खर्च गर्ने क्षमता बढाउनु पर्ने अवस्था छ। वन वातावरणमा न्यून बिनियोजन गरिएको भएता पनि सो रकम समेत खर्च हुन सकेन। गाउँपालिकाको विगत तीन वर्षको आम्दानी तल तालिका ३.१ मा प्रस्तुत छ।

तालिका ३.१: परवानीपुर गाउँपालिकाको विगत तीन वर्षको आम्दानी विवरण (रु. लाखमा)

| विवरण / आर्थिक वर्ष | २०७६/०७७ | | २०७७/०७८ | | २०७८/०७९ | |
|---|---|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| अन्तरिक स्रोत | ८६०.२६ | २८.३३ | १,४५०.३७ | ३७.३१ | १,१६२.७२ | २७.४० |
| प्रदेश सरकार | १६९.५४ | ५.५८ | १७९.२९ | ४.६१ | १६८.९५ | ३.९८ |
| राजस्व बाँडफाँड | ३५७.१० | ११.७६ | ४७१.९४ | १२.१४ | ५४०.९० | १२.७५ |
| सङ्घीय सरकार | १,६४९.४६ | ५४.३२ | १,७८५.२४ | ४५.९३ | २,३७१.१६ | ५५.८७ |
| **जम्मा** | ३,०३६.३६ | १०० | ३,८८६.८३ | १०० | ४,२४३.७३ | १०० |

*स्रोतः परवानीपुर गाउँपालिका आर्थिक शाखा*

गत तीन आर्थिक वर्षको आयको स्रोत विश्लेषण गर्दा गाउँपालिकाले आर्थिक वर्ष २०७६/७७, २०७७/७८, २०७८/७९ मा आफ्नो कूल बजेटको क्रमश ५४.३२, ४५.९३ र ५५.८७ प्रतिशत रकम प्राप्त गर्‍यो।

मदेश प्रदेश सरकारबाट सरदर ५ प्रतिशत भने राजस्व बाँडफाँटबाट १२ प्रतिशतसम्म रकम प्राप्त भएको थियो। वार्षिक सरदर २७-२८ प्रतिशत रकम आन्तरिक स्रोतबाट सङ्कलन हुने गरेकोमा आर्थिक वर्ष २०७७-७८ मा अघिल्ला वर्षहरूमा कोभिड -१९ महामारी लगायतका विभिन्न कारणले उठ्न नसकी वक्यौता रहेको रकम प्राप्त भएकोले ३७.३१ प्रतिशत आय भएको थियो।

वार्षिक ४० करोडमाथि आय रहेको गाउँपालिका मूलतः संघीय तथा प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण प्राप्त समानीकरण, सशर्त, समपूरक अनुदान र राजश्व बाँडफाँटबाट गाउँपालिकाले पाउने रकममा नै निर्भर रहेको छ। आन्तरिक आय स्रोतको दायर फराकिलो पार्दै थप नयाँ सम्भाब्य स्रोतको पहिचान गरी आन्तरिक स्रोत सुनिश्चित गर्न आवश्यक देखिएकोले त्यसतर्फ गाउँपालिका सजग रहेको छ।

तालिका ३.२ः परवानीपुर गाउँपालिकाको विगत तीन वर्षको वास्तविक खर्च विवरण (रु. लाखमा)

| समिति/आर्थिक वर्ष | २०७६/०७७ | | २०७७/०७८ | | २०७८/०७९ | |
|---|---|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| आर्थिक विकास | ५४.७४ | ३.४८ | १३५.६९ | ४.४९ | १५९.०१ | ५.७९ |
| सामाजिक विकास | ८६२.९३ | ५४.९० | १,००२.०४ | ३३.१८ | १,१५५.४० | ४२.०९ |
| पूर्वाधार विकास | २९२.८९ | १८.६३ | १,२८८.३८ | ४२.६६ | ७९९.४४ | २९.१२ |
| वन वातावरण तथा विपत् व्यवस्थापन | - | - | - | - | - | - |
| संस्थागत विकास तथा सुशासन | ६२.८२ | ४.०० | ३७.८६ | १.२५ | ९.०१ | ०.३३ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | २९८.५८ | १८.९९ | ५५६.३२ | १८.४२ | ६२२.३९ | २२.६७ |
| जम्मा | १,५७१.९६ | १०० | ३,०२०.२९ | १०० | २,७४५.२५ | १०० |
| **विनियोजित बजेट** | ३४,६९.०० | | ४,४९९.०० | | ४,४४४.०० | |
| **आयको तुलनामा व्ययको प्रतिशत** | | ४५.३२ | | ६७.१३ | | ६१.७७ |

*स्रोतः परवानीपुर गाउँपालिका आर्थिक शाखा*

त्यस्तै खर्चको ४-६ प्रतिशत आर्थिक विकास क्षेत्रमा, ३३ देखि ५४ प्रतिशतसम्म सामाजिक विकास क्षेत्रमा, १८ देखि ४३ प्रतिशत पूर्वाधार विकास क्षेत्रमा, कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चतर्फ १८ देखि २३ प्रतिशत र न्यून रकम संस्थागत विकास तथा सुशासनका लागि खर्च भएको थियो। वार्षिक आयको तुलनामा ४५ देखि ६७ प्रतिशत मात्र खर्च गर्न सकिएको थियो। यसले गाउँपालिकाको खर्च प्रणालीमा एकरुपता ल्याउनु पर्ने साथै खर्च गर्ने क्षमता बढाउनु आवश्यक छ ।

## ३.५ दिगो विकास लक्ष्यअनुसार स्रोत विनियोजन र खर्चका प्राथमिकता

### ३.५.१. विगत तीन आर्थिक वर्षको बजेट विनियोजन तथा दिगो विकास लक्ष्यअनुसार खर्चको विवरण

यस प्रतिवेदन निर्माण प्रयोजनार्थ परवानीपुर गाउँपालिकाले सञ्चालन गर्दै आएको योजना तथा कार्यक्रमहरूमा विनियोजन बजेट र खर्चलाई दिगो विकास लक्ष्यअनुसार पुनःवर्गीकरण गरी विश्लेषण गर्ने प्रयास गरिएको छ। कार्यक्षेत्र, जनघनत्व प्राकृतिक स्रोत साधन, भईरहेका विकासका पूर्वाधार आदि सबै पक्षको विश्लेषण गरी गाउँपालिकाले योजना तर्जुमा गरी बजेट परिचालन गर्ने कार्य गर्दै आइरहेको छ। यसरी योजना निर्माण गरी आवश्यकताको प्राथमिकताका आधारमा खर्च गर्ने व्यवस्था जुटाई लक्षित प्रगति हासिल गर्न सकिन्छ। परियोजना सञ्चालन गर्दा आर्थिक अनुशासन, पारदर्शिता, जन सहभागिता, उत्तरदायित्व वहन र कानुनी शासनको प्रत्याभूती हुने गरी काम गर्दा मात्र संस्थागत सुशासन कायम हुन जान्छ।

गाउँपालिकाको आय स्रोत भनेको संघ, प्रदेश र राजश्व बाँडफाँटबाट प्राप्त रकम र आन्तरिक स्रोतबाट सङ्कलित रकम नै हो। विकासका पाँच विषयगत क्षेत्र अन्तर्गत विनियोजन भएको बजेटबाट यहाँ सञ्चालित


योजना तथा कार्यक्रमहरूलाई दिगो विकास लक्ष्यअनुसार वर्गीकरण गरी विश्लेषण गर्दा लक्ष्य १०, १२, १३, १५, र १७ लाई सम्बोधन गर्ने खालका विशेष कार्यक्रमहरू सञ्चालन भएका छैनन्। दिगो विकास लक्ष्यअनुसार स्रोत विनियोजन र खर्चका प्राथमिकता तालिका ३.३मा प्रस्तुत गरिएको छ।

**तालिका ३.३: दिगो विकास लक्ष्यअनुसार स्रोत विनियोजन र खर्चका प्राथमिकता (रु. लाखमा)**

| क. स | दिगो विकास लक्ष्य | आर्थिक वर्ष २०७६/७७ | | | | आर्थिक वर्ष २०७७/७८ | | | | आर्थिक वर्ष २०७८/७९ | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विनियोजन | प्रतिशत | खर्च | प्रतिशत | विनियोजन | प्रतिशत | खर्च | प्रतिशत | विनियोजन | प्रतिशत | खर्च | प्रतिशत |
| १ | गरीबीको अन्त्य | ११.५० | ०.७३ | ५.२० | ४५.२२ | ६८.०० | २.२५ | ४.५८ | ६.७४ | ४२.०० | १.५३ | १५.६६ | ३७.२९ |
| २ | शून्य भोकमरी | ८४.७५ | ५.३९ | ५४.७४ | ६४.५९ | १७०.७० | ५.६५ | ८७.७२ | ५१.३९ | १५१.५० | ५.५२ | ९४.७९ | ६२.५७ |
| ३ | स्वस्थ जीवन | ४१०.४६ | २६.११ | ३१२.६० | ७६.१६ | ३०३.५० | १०.०५ | २५२.६१ | ८३.२३ | ३३९.०२ | १२.३५ | २३०.८२ | ६८.०८ |
| ४ | गुणस्तरिया शिक्षा | ६७३.३३ | ४२.७७ | ४५६.९४ | ६७.८६ | ८०१.८९ | २६.५५ | ५८६.३० | ७३.११ | ८२०.२० | २९.८८ | ६५४.६४ | ७९.८१ |
| ५ | लैंगिक समानता | २७.०० | १.७२ | ९.३९ | ३४.७८ | ५६.५० | १.८७ | ४८.९७ | ८६.६७ | ८३.५० | ३.०४ | ३१.७५ | ३८.०२ |
| ६ | स्वच्छ पानी र सरसफाई | २१५.९५ | १३.७४ | ५१.४६ | २३.८३ | ९८.९८ | ३.२८ | ३५.४६ | ३५.८३ | २४७.९५ | ९.०३ | ९४.८३ | ३८.२५ |
| ७ | आधुनिक ऊर्जामा पहुँच | ३२.९३ | २.०३ | १४.१२ | ४२.८८ | ४८.५० | १.६१ | १३.२३ | २७.२८ | ३२.५० | १.१८ | १५.५६ | ४७.८८ |
| ८ | समाबेसी आर्थिक बृद्धि र मर्यादित काम | १४६.२७ | ९.३० | २७.४३ | १८.७५ | १५२.५० | ५.०५ | ८५.०५ | ५५.७७ | २२४.५० | ८.१८ | १२७.६९ | ५६.८८ |
| ९ | उद्योग, नविन खोज र पूर्वाधार | ९६९.९९ | ६१.७१ | २७८.७७ | २८.७४ | १,३९१.३७ | ४६.०७ | ९७२.१२ | ६९.८७ | ९६०.५३ | ३४.९९ | ५८७.०३ | ६१.१२ |
| १० | असमानता न्यूनीकरण | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ११ | दिगो शहर र बस्ती | १२१.३५ | ७.७२ | - | - | ६०१.५० | १९.९२ | ३४०.०६ | ५६.५४ | ८११.३१ | २९.५५ | २५८.०७ | ३१.८१ |
| १२ | दिगो उपभोग र उत्पादन | - | - | - | - | - | - | - | - | - | - | - | - |
| १३ | जलवायु परिबर्तन अनुकुलन | ५०.०० | ३.१८ | १२.९५ | २५.९० | - | - | - | - | - | - | - | - |
| १४ | सामुद्रिक स्रोतको उपयोग | - | - | - | - | - | - | - | - | - | - | - | - |
| १५ | भूसतह स्रोतको उपयोग | ४.०० | ०.२५ | - | - | - | - | - | - | - | - | - | - |
| १६ | शान्ति न्याय र सबल संस्था | ७२३.०० | ४५.९९ | ३४८.३८ | ४८.१९ | ८०५.८० | २६.६८ | ५९४.१८ | ७३.७४ | ७३१.३५ | २६.६४ | ६३१.४० | ८६.३३ |
| १७ | दिगो बिकासको लागि साझेदारी | - | - | - | - | - | - | - | - | - | - | - | - |
| कुल जम्मा | | ३,४७०.५३ | १०० | १,५७१.९८ | ४५.३० | ४,४९९.२४ | १०० | ३,०२०.२८ | ६७.१३ | ४,४४४.३६ | १०० | २,७४२.२४ | ६१.७० |

*स्रोतः परवानीपुर गाउँपालिका आर्थिक शाखामा उपलव्ध तथ्याङ्क पुनः वर्गीकरण गरी प्रस्तुत गरिएको*

गाउँपालिकाले आर्थिक वर्ष २०७८/०७९ मा पहिलो प्राथमिकतामा पूर्वाधारलाई (विशेष गरी ग्रामीण सडक, कृषि सडक) राखेर कूल बजेटको वार्षिक ३४.९९ प्रतिशत विनियोजन गरेको थियो भने विनियोजित रकमको ६१.१२ प्रतिशत मात्र खर्च गर्न सकेको थियो। यस्तै शिक्षामा २९.८८ प्रतिशत, दिगो शहर र बस्तीमा २९.५५ प्रतिशत, स्वास्थ्यमा १२.३५ प्रतिशत, स्वच्छ पानी र सरसफाई ९.०३ प्रतिशत, आर्थिक वृद्धि र मर्यादित काममा ८.१८ प्रतिशत, शून्य भोकमरीमा ५.५२ प्रतिशत र अन्यमा न्यून रकम बिनियोजन भएको थियो। विनियोजनको तुलनामा खर्च भने केही कम मात्र भएको थियो।



विगत तीन वर्षको विनियोजन र खर्च विश्लेषण गर्दा गाउँपालिकाको प्राथमिकतामा दिगो विकास लक्ष्य-९: उद्योग, नवीन खोज र पूर्वाधार, लक्ष्य-४: गुणास्तरीय शिक्षा, लक्ष्य-३: स्वास्थ्य जीवन, लक्ष्य-११: दिगो सहर र बस्ती र लक्ष्य-६: स्वच्छ पानी र सरसफाई परेका छन्।

## ३.५.२. दिगो विकास लक्ष्यका आधारमा आगामी तीन आर्थिक वर्षको प्रक्षेपित खर्च

तालिका ३.४: दिगो विकास लक्ष्यका आधारमा आगामी तीन वर्षको प्रक्षेपित खर्चको विवरण *(रु. लाखमा)*

| क्र.स | दिगो विकास लक्ष्य | आयोजन कार्यक्रम संख्या | २०७९/८० को खर्च प्रक्षेपण | | २०८०/८१ को खर्च प्रक्षेपण | | २०८१/८२ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरीबीको अन्त्य | ७ | २१६.६६ | ४.२८ | २२५.०२ | ४.०४ | २४१.४४ | ४.०० |
| २ | शून्य भोकमरी | २ | १५९.९९ | ३.१६ | १६७.१७ | ३.०० | १८१.२४ | ३.०० |
| ३ | स्वस्थ जीवन | ७ | ५३३.३० | १०.५३ | ५५७.२२ | १०.०० | ६०४.१५ | १०.०० |
| ४ | गुणस्तरिया शिक्षा | ४ | ७४६.६२ | १४.७४ | ७८०.११ | १४.०० | ८४५.८० | १४.०० |
| ५ | लैंगिक समानता | ९ | १३९.९९ | २.७६ | १४७.१६ | २.६४ | १६१.२४ | २.६७ |
| ६ | स्वच्छ पनि र सरसफाई | २ | १५९.९९ | ३.१६ | १६७.१७ | ३.०० | १८१.२४ | ३.०० |
| ७ | आधुनिक ऊर्जामा पहुँच | १ | ५३.३३ | १.०५ | ५५.७२ | १.०० | ६०.४१ | १.०० |
| ८ | समाबेसी आर्थिक बृद्धि र | ५ | १७१.६६ | ३.३९ | १८०.०२ | ३.२३ | १९६.४५ | ३.२५ |
| ९ | उद्योग, नविन खोज र पूर्वाधार | १ | १,३३३.५९ | २६.३२ | १,६७१.६६ | ३०.०० | १,८१२.४४ | ३०.०० |
| १० | असमानता न्यूनीकरण | १ | ५.०० | ०.१० | ५.०० | ०.०९ | ५.०० | ०.०८ |
| ११ | दिगो शहर र बस्ती | ६ | ५१३.२९ | १०.१३ | ५४०.८० | ९.७१ | ५९४.७७ | ९.८४ |
| १२ | दिगो उपभोग र उत्पादन | १ | १००.०० | १.९७ | १००.०० | १.७९ | १००.०० | १.६६ |
| १३ | जलवायु परिबर्तन अनुकुलन | ३ | ५३.३३ | १.०५ | ५५.७२ | १.०० | ६०.४१ | १.०० |
| १४ | सामुद्रिक श्रोतको उपयोग | १ | - | - | - | - | - | - |
| १५ | भूसतह श्रोतको उपयोग | १ | २६.६७ | ०.५३ | २७.८६ | ०.५० | ३०.२१ | ०.५० |
| १६ | शांति न्याय र सबल संस्था | ३ | ६९३.२९ | १३.६८ | ७२४.३९ | १३.०० | ७८५.३८ | १३.०० |
| १७ | दिगो बिकासको लागि साझेदारी | २ | १५९.९८ | ३.१६ | १६७.१८ | ३.०० | १८१.२८ | ३.०० |
| कुल जम्मा | | ५६ | ५,०६६.६९ | १०० | ५,५७२.२० | १०० | ६,०४१.४६ | १०० |

*स्रोत: परवानीपुर गाउँपालिकाको मध्यमकालीन खर्च संरचना (२०७९/८०—२०८१/८२)*

परवानीपुर गाउँपालिकाको आगामी तीन वर्षको खर्चको प्रक्षेपण सहित पहिलो पटक तयार भएको मध्यमकालीन खर्च संरचना (२०७९/८०-२०८१/८२)मा सबै लक्ष्यहरूलाई सम्बोधन गर्ने कोसिस गरिएको छ। स्थानीय आवश्यकता मध्यनजर गर्दै वार्षिक दस प्रतिशतको खर्च वृद्धिदर अनुमान गरी तयार गरिएको मध्यमकालीन खर्च संरचनामा दिगो विकास लक्ष्य ९: उद्योग, नवीन खोज र मर्यादितलाई पहिलो प्राथमिकतामा राखि कूल प्रक्षेपित खर्चको ३० प्रतिशतसम्म खर्च छुट्याईएको छ। त्यसैगरी लक्ष्य ३: स्वस्थ जीवन, लक्ष्य ४: गुणस्तरीय शिक्षा, लक्ष्य ११: दिगो शहर र बस्ती विकास र लक्ष्य १६: शान्ति, न्यायपूर्ण सशक्त समाजसम्बन्धी लक्ष्यहररूमा कूल प्रक्षेपित खर्चको ५० प्रतिशत खर्च गर्ने योजना बनाइएको छ। अन्य दिगो विकास लक्ष्यहरूमा पनि यथार्थपरक र वस्तुनिस्ठ खर्चको प्रक्षेपण गर्ने प्रयत्न गरिएको छ। दिगो विकास लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउने आयोजना तथा कार्यक्रमहरू र दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित क्षेत्रलाई प्राथमिकीकरण गरी लगानीको सुनिश्चितता गर्ने कार्यलाई पनि अधिकतमरुपमा दिगो विकास लक्ष्यमैत्री बनाउने प्रयास गरिएको छ।

## ३.६ दिगो विकास लक्ष्य प्राप्त गर्न गाउँपालिकाले आन्तरिक स्रोत परिचालनमा गरेको प्रयास

तालिका ३.५ः परवानीपुर गाउँपालिकाको आन्तरिक आयका स्रोत (रु. लाखमा)

| क्र. स. | स्रोत | २०७६-७७ | २०७७-७८ | २०७८-७९ |
|---|---|---|---|---|
| **आन्तरिक आय** | | | | |
| १ | भूमिकर/मालपोत | ३६.७७ | ९९.४९ | १४.१७ |
| २ | घरवहाल कर | ४९.५६ | ८६.२४ | ७२.३९ |
| ३ | वहाल विटौरी कर | १२.२ | - | ०.२५ |
| ४ | अन्य कर | ०.४५ | - | १३६.८ |
| ५ | न्यायिक दस्तूर | ०.०० | ०.०० | ०.०४ |
| ६ | शिक्षा क्षेत्रको आम्दानी | ०.१५ | ०.०२ | ०.०४ |
| ७ | परीक्षा शुल्क | ०.२७ | ०.२४ | ०.६४ |
| ८ | अन्य प्रशासनिक सेवा शुल्क | ०.१६ | - | - |
| ९ | नक्सापास दस्तुर | ५.०९ | २.७२ | ११.६ |
| १० | सिफारिश दस्तुर | १.६२ | ३.०९ | १.६९ |
| ११ | व्यक्तिगत घटना दर्ता दस्तुर | ०.०९ | ०.५९ | ०.६ |
| १२ | नाता प्रमाणित दस्तुर | ०.०२ | ०.०७ | ०.०३ |
| १३ | अन्य दस्तुर | ०.५८ | १०.२७ | १.५३ |
| १४ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ५.४५ | ३.१९ | १.१ |
| १५ | अन्य राजस्व | ५८.११ | - | ५६.६५ |
| १६ | सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | - | ३.५५ | - |
| १७ | व्यवसाय कर | - | - | १.९८ |
| १८ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | - | - | ०.०२ |
| | **जम्मा आन्तरिक आय** | **१७०.५२** | **२०९.४७** | **२९९.५३** |
| **बाँडफाँट भई प्राप्त हुने रकम** | | | | |
| १९ | मूल्य अभिवृद्धि कर | ३५७.१० | ४४८.४८ | ३९७.८९ |
| २० | अन्तःशुल्क | - | - | १२७.५५ |
| २० | सवारी साधन कर | - | २२.४७ | १५.४६ |
| २१ | जलस्रोतसम्बन्धी रोयल्टी | - | ०.९८ | - |
| | **जम्मा बाँडफाँट भई प्राप्त हुने रकम** | **३५७.१०** | **४७१.९४** | **५४०.९०** |
| | **कूल जम्मा** | **५२७.६२** | **६८१.४१** | **८४०.४३** |

*स्रोतः परवानीपुर गाउँपालिका आर्थिक शाखा*

विगत तीन वर्षको पालिकाको आन्तरिक आयका स्रोतको विश्लेषण गर्दा, आन्तरिक आयको प्रमुख स्रोत २०७६/०७७ र २०७७/०७८ मा भूमिकर/मालपोत राजस्वबाट प्राप्त भएको थियो भने २०७८/०७९ मा अन्य कर र घरबहाल करबाट बढी आम्दानी भएको थियो। गत आर्थिक वर्ष कूल प्रक्षेपित आन्तरिक आय प्राप्तको ६८.३६ प्रतिशत सङ्कलन भएको थियो। यस बाहेक बाँडफाँट भई प्रदेश सरकारबाट प्राप्त हुने मूल्य अभिवृद्धि कर, सवारी साधन कर र अन्तःशुल्क नै गाउँपालिकाको मुख्य आन्तरिक आयका स्रोत हुन। तीन बर्षको प्रवृति समीक्षा गर्दा आयमा क्रमिक वृद्धि देखिए पनि व्यावसाय रजिष्ट्रेशन दस्तुर, व्यवसाय कर, वहाल विटौरी कर जस्ता आय शीर्षकहरूमा वृद्धि भएको देखिँदैन। गाउँपालिकाले आन्तरिक आय स्रोतको विस्तृत अध्ययन र जनतालाई थप व्यय भार नपर्ने गरी थप आयका स्रोत सृजना गर्ने प्रयास गर्नेछ।

तालिका ३.६ः दिगो विकास लक्ष्यअनुसार आन्तरिक आयबाट खर्चका प्राथमिकता (रु. लाखमा)

| क्र.स | दिगो विकास लक्ष्य | २०७६/७७ को खर्च | | २०७७/७८ को खर्च | | २०७८/७९ को खर्च | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरीबीको अन्त्य | १.७४ | ०.४० | ४.५८ | ०.३९ | - | - |
| २ | शून्य भोकमरी | ३१.३९ | ७.२१ | २८.६० | २.४२ | १६.१५ | १.७५ |
| ३ | स्वस्थ जीवन | ५५.२१ | १२.६८ | ३३.८६ | २.८७ | ३६.५१ | ३.९५ |
| ४ | गुणस्तरीय शिक्षा | ६५.७३ | १५.०९ | ६५.०४ | ५.५१ | ६१.५५ | ६.६५ |
| ५ | लैङ्गिक समानता | २.४३ | ०.५६ | ५.९७ | ०.५१ | १९.१७ | २.०७ |
| ६ | स्वच्छ पानी र सरसफाई | ११.२७ | २.५९ | १.८७ | ०.१६ | ६१.६० | ६.६६ |
| ७ | आधुनिक ऊर्जामा पहुँच | - | - | १२.६९ | १.०७ | १४.०५ | १.५२ |
| ८ | समावेशी आर्थिक वृ द्धि र मर्यादित काम | २२.७६ | ५.२३ | ३६.१५ | ३.०६ | ५२.७९ | ५.७१ |
| ९ | उद्योग, नवीन खोज र पूर्वाधार | २०१.७३ | ४६.३२ | ४२२.१५ | ३५.७६ | १८८.५१ | २०.३८ |
| १६ | शान्ति न्याय र सबल संस्था | ४३.२६ | ९.९३ | ४९५.९३ | ४२.०१ | ३१२.२१ | ३३.७५ |
| **कूल जम्मा** | | **४३५.५२** | **१००** | **१,१८०.५३** | **१००** | **९२५.१४** | **१००** |

*स्रोतः परवानीपुर गाउँपालिका आर्थिक शाखामा उपलव्ध तथ्याङ्क पुनः वर्गीकरण गरी प्रस्तुत गरिएको*

गाउँपालिकाले लक्ष्य १६: आर्थिक वर्ष २०७८/७९मा शान्ति न्याय र सबल संस्थामा कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च सहित ३३.७५ प्रतिशत खर्च गरेको थियो। लक्ष्य ९: उद्योग, नवीन खोज र पूर्वाधार लक्षित योजना तथा कार्यक्रमहरू अन्तर्गत २०.३८ प्रतिशत रकम खर्च भएको थियो भने अन्य दिगो विकास लक्ष्य २, ३, ४, ५, ६, ७ र ८ मा गाउँपालिकाको आन्तरिक आयबाट न्यून रकम खर्च भएको थियो। हालसम्मको गाउँपालिकाको आन्तरिक स्रोत उपयोगको विश्लेषण गर्दा विषयगत कार्यक्षेत्रअन्तर्गत सञ्चालन हुँदै आएका योजना तथा कार्यक्रमहरू नै प्राथमिकतामा परेका थिए। परवानीपुर गाउँपालिका आफ्नो आन्तरिक स्रोत परिचालन अवस्था सुधार गर्दै करका दर र स्रोतको दायर फराकिलो पार्दै सबै दिगो विकास लक्ष्यहरू सम्बोधन हुने खालका योजना तथा कार्यक्रमहरूमा प्रयोग गर्न प्रतिवद्ध छ।

## ३.७ दिगो विकास लक्ष्यका सूचकको अवस्था

विषयगत विकास कार्यक्षेत्र सम्बोधन हुने खालका योजना तथा कार्यक्रमहरूमै बजेट विनियोजन गर्दै गाउँपालिकाको योजना तथा कार्यक्रम र बजेट निर्माण हुने गरेकोले दिगो विकास लक्ष्यको प्रत्यक्ष आन्तरिकीकरण भएको छैन। यद्यपि परम्परागत र क्षेत्रगत तवरले सञ्चालन भएका योजना तथा कार्यक्रमहरूले पनि समग्र दिगो विकासको अवधारणालाई पछ्याएको भन्न सकिन्छ। एकअर्कामा अन्तरनिर्भर र परिपूरक सम्बन्ध राख्ने दिगो विकासका लक्ष्यहरू हासिल गर्न योजना तथा कार्यक्रमहरूमा उच्च तालमेल आवश्यक रहन्छ। एउटै योजना तथा कार्यक्रमको बहुसङ्ख्यक लक्ष्य प्राप्तिमा योगदान हुन्छ। परवानीपुर गाउँपालिकामा हालसम्म सञ्चालन भएका योजना तथा कार्यक्रमहरूलाई दिगो विकास लक्ष्यका लक्ष्य र सुचकाङ्कहरू अनुरूप पुनर्वर्गीकरण गरी गाउँपालिकाले विभिन्न समयमा प्रकाशन गरेको दस्तावेज, बिषयगत समितिहरूसँगको छलफल तथा प्रमुख सूचना दातासँग गरिएको अन्तरवार्ताको आधारमा यहाँ प्रस्तुत गरिएको छ।

## ३.७.१ हरेक क्षेत्रमा रहेको सबै स्वरूपहरूको गरीवीको अन्त्य गर्ने

यस लक्ष्य पूरा गर्न स्थानीय स्तरमा ६ वटा परिमाणात्मक लक्ष्य र १३ वटा सूचक स्थानीय तहले पूरा गर्नुपर्ने हुन्छ। स्थानीय तह गरीवीको अवस्थामा जीवनयापन गरिरहेका मानिसहरूको पहिचान गर्न तथा यिनीहरू लक्षित आवश्यक स्रोत र सेवा पुर्‍याउन उपयुक्त स्थानमा रहेका हुन्छन्। स्थानीय आधारभूत सेवाहरू जस्तैः शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाईप्रति उत्तरदायी हुने भएकोले स्थानीय तहले रोजगारीको सृजना, आयवृद्धि सम्बन्धमा आर्थिक विकासको रणनीति तयार पारी नागरिकको गरीवी उन्मुलन गर्ने क्षेत्रमा सफल हुन सक्छन्।

आर्थिक वर्ष २०७८/०७९मा शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा जस्ता प्राथमिकताका क्षेत्रमा कूल बजेट ३२ प्रतिशत रकम खर्च गरेको गाउँपालिकाले यस लक्ष्य हासिल गर्न प्रत्यक्ष सहयोग गर्ने योजना तथा कार्यक्रमका लागि ४२ लाख (१.५३%) रकम विनियोजन गरेको थियो। गाउँपालिकाले स्थानीय उत्पादन र रोजगारीमा वृद्धि गर्दै गरीवी न्यूनीकरण र आर्थिक अवस्थामा सुधार भन्ने मुख्य सोचका साथ गरीवी निवारणसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्दै गरीवीको अवस्था न्यूनीकरण गर्ने उद्देश्य लिएको छ।

तालिका ३.७: लक्ष्य १ - हरेक क्षेत्रमा रहेको सबै स्वरूपहरूको गरीवीको अन्त्य गर्ने

| क्र. स. | परिमाणात्मक लक्ष्य तथा सूचकहरू | गाउँपालिकाको २०२२ को स्थिति | तथ्याङ्कको स्रोत | राष्ट्रिय लक्ष्य २०२२ |
|---|---|---|---|---|
| १.२ | सन् २०३० सम्ममा राष्ट्रिय परिभाषाहरूबमोजिम गरीवीका सबै आयामहरूमा बाँचिरहेका सबै उमेरका पुरुषहरू, महिलाहरू र बालबालिकाहरूको अनुपात कम्तीमा आधा घटाउने | | | |
| १.२.२.१ | बहुआयामिक गरीवी सूचकाङ्क वास्तविक गणना (Head count) अनुपात (प्रतिशत) | ५५ | गाउँपालिका प्रोफाइल | १८.२ |
| १.३ | राष्ट्रियरूपमा उपयुक्त सामाजिक सुरक्षा प्रणालीहरू र फ्लोरस् (Floors) लगायतका उपायहरू सबैका लागि कार्यान्वयन गर्ने र सन् २०३० सम्ममा गरिब।सङ्कटग्रस्त र कमजोर अवस्थामा रहेका व्यक्तिहरूलाई उल्लेख्य रूपमा समावेश गरिसक्ने | | | |
| १.३.१.१ | कूल बजेटमा सामाजिक सुरक्षा खर्च (प्रतिशत) | ०.५७ | आर्थिक शाखा | १२.९ |
| १.४ | सबै महिला तथा पुरुषहरू विशेष गरेर गरिब र सङ्कटग्रस्त (Vulnerable) अवस्थामा रहेका महिला र पुरुषहरूको आर्थिक स्रोतसाधनहरूमा समान अधिकार सुनिश्चित गर्ने, यसको साथै आधारभूत सेवासुविधाहरूमा पहुँच, भूमिमाथिको स्वामित्व र नियन्त्रण एवम् अन्य स्वरूपका सम्पत्ति, उत्तराधिकार (Inheritance) पैतृक सम्पत्ति, प्राकृतिक स्रोतसाधनहरू, उपयुक्त नयाँ प्रविधि तथा लघुवित्त लगायतका वित्तीय सेवाहरूमा यिनीहरूको पहुँच सुनिश्चित गर्ने | | | |
| १.४.१.१ | ३० मिनटको पैदलयात्रामा बजारको केन्द्रसम्म पहुँच भएका परिवारहरू (कूल जनसङ्ख्याको प्रतिशत) | १०० | स्थानीय अबलोकन | ६६ |
| १.४.२.२ | महिलाहरूको नाममा रहेको सम्पत्ति/ठोस देखिने धनसम्पत्ति (कूल सम्पत्तिको प्रतिशत) | २५ | राजस्व प्रशासन शाखा | २९.२ |
| १.५ | गरिब र सङ्कटग्रस्त (Vulnerable) अवस्थाहरूमा रहेका मानिसहरूको उत्थानशीलता (Resilience) निर्माण गर्ने र यस्ता मानिसहरूको वातावरणसँग सम्बन्धित विषम घटनाहरूका साथै अन्य आर्थिक, सामाजिक र वातावरणीय नकारात्मक धक्काहरू (Shocks) र विपद्हरूका जोखिमहरू तथा कमजोरपनालाई कम गर्ने | | | |
| १.५.१.१ | विपद्का घटनाहरूबाट मृत्यु (सङ्ख्या) | ० | ईलाका प्रहरी कार्यालयको तथ्याङ्क | २६८ |
| १.५.१.२ | हराइरहेका र विपद्को कारण प्रभावित भएका व्यक्तिहरू (सङ्ख्या, प्रति १ लाख जनसङ्ख्यामा) | ० | | ३९२ |
| १ (क) | सबै आयामहरूका गरीवी अन्त्य गर्नको निम्ति कार्यान्वयन गरिने नीति तथा कार्यक्रमहरूका लागि विकासशील राष्ट्रहरूको निम्ति खासगरी अति कम विकसित देशहरूका निम्ति पर्याप्त एवम् अनुमानयोग्य साधनहरू उपलब्ध | | | |

| | | | | |
|---|---|---|---|---|
| | गराउनका लागि विस्तारित विकास सहयोग लगायत विभिन्न माध्यहरूबाट स्रोतसाधनहरूको उल्लेखनीय परिचालनको सुनिश्चितता गर्ने | | | |
| १(क)२ | आवश्यक सेवाहरू (शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा)मा कूल सरकारी खर्चको अनुपात (प्रतिशत) | ३२ | लेखा शाखा २०७८-७९ | NA |

**राष्ट्रिय लक्ष्य २०२२ को स्रोत: दिगो विकास लक्ष्यहरू: वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३०*

परवानीपुर गाउँपालिकाका ५५ प्रतिशत जनसङ्ख्या तुलनात्मक गरिबको रेखामुनि छन् जुन राष्ट्रिय औषत १८.२६ भन्दा धेरै बढी हो। गरीवी न्यूनीकरणको लागि गाउँपालिकाले योजना र कार्यक्रम तयार गरी प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने छ। त्रिभुवन राजपथ र वीरजंग पथलैया औधोगिक नजिक भएका कारण ३० मिनेट को पैदल यात्रामा बजारको केन्द्रसम्म पहुँच भएका परिवारहरू शतप्रतिशत हुनु राष्ट्रिय औषत ६६ प्रतिशत भन्दा राम्रो अवस्था हो। गाउँपालिकामा रहेका कूल परिवारमध्ये करीव २० प्रतिशत परिवार आफ्नै उत्पादनमा ६ महिनाभन्दा कम समयको लागि आत्मनिर्भर रहने गरेका छन्। दैनिक खाद्य जोहो गर्नका लागि उनीहरू ज्याला मजदुरी तथा अनौपचारिक क्षेत्रमा रोजगारीमा जानुपर्ने अवस्था छ। महिलाहरूको नाममा रहेको ठोस देखिने सम्पत्ति २५ प्रतिशत रहेको छ जुन राष्ट्रिय औषत २९.०२ प्रतिशतको हराहरी हो। त्यसैगरी गाउँपालिकामा विपद्का घटनाबाट मृत्यु हुनेको सङ्ख्या र हराइरहेका व्यक्तिहरूको सङ्ख्या छैन।

गाउँपालिकाले विपन्न अवस्थामा रहेका बेरोजगार व्यक्तिहरूलाई सीप तथा दक्षता हासिल गर्ने खालका रोजगारीमूलक तालिम प्रदान गर्दै अघि बढ्नुपर्ने अवस्था छ। गरीवीले आर्थिक विपन्नता, सामाजिक वहिष्करण राजनैतिक असमानता र दुर्बलतालाई प्रतिबिम्बित गर्दछ। यस परवानीपुर गाउँपालिकामा साक्षरता दर कमजोर रहेको र सामाजिक समावेशीकरणको दृष्टिकोणले कमजोर मानिएका गाउँबासीहरूलाई गरीवी निवारणका कार्यक्रममा आवद्ध गर्दै अघि बढाउनु पर्ने आवश्यकता रहेको छ।

### ३.७.२ भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दिगो कृषि प्रवर्द्धन गर्ने




परवानीपुर गाउँपालिकाका लागि कृषि क्षेत्र आर्थिक समृद्धि हासिल गर्ने प्रमुख क्षेत्र हो। आर्थिक वृद्धिमा योगदान पुर्याउने क्षेत्र भएकोले यसको वैज्ञानिक ढङ्गले सुधार गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्न जरुरी छ। गाउँपालिका कृषिजन्य उत्पादन तथा खाद्य सुरक्षाको दृष्टिले समृद्ध मानिन्छ। गाउँपालिकामा प्रमुख अन्न बालीको रुपमा धान, मकै गहुँ, दलहन बालीमा सिमी, रहर मुसुरो तथा नगदे बालीको रुपमा तोरी, आलस, उत्पादन हुने गर्दछ। सबल, सक्षम किसान, दीगो कृषि उत्पादन भन्ने मुख्य सोच लिई गाउँपालिकामा विभिन्न निकायहरूको सहकार्यमा कृषिको व्यवसायीकरण गर्दै कृषि उद्यमीहरूको प्रवर्धन गर्दै आइरहेको छ।

कृषि भूमिको उचित व्यवस्थापन, सिँचाई आयोजनाको निर्माण, स्थानीय खाद्य सञ्जालको प्रवर्धन र किसानलाई कृषि प्रसार सेवा उपलब्ध गराएर आर्थिक वृद्धिमा सहयोग गर्न सकिन्छ। बाल कुपोषणको पहिचान र निराकरण गर्न, पोषणमा सुधार गर्न, खाद्य सुरक्षा हासिल गर्न र दिगो कृषि प्रवर्धन गर्न गाउँपालिका तदारुकताका साथ लागेको छ। गाउँपालिकाले आर्थिक वर्ष २०७६/७७, २०७७/७८ र २०७८/७९ मा साना तथा मझौला कृषि व्यवसाय प्रवर्धन गर्ने उद्देश्यले तरकारी बाली साना व्यावसायिक कृषि उत्पान केन्द्र पकेट विकास कार्यक्रमहरूमा क्रमश वार्षिक बजेटको ५.३९, ५.६५, ५.५२ प्रतिशत रकम विनियोजन गरेको थियो। आर्थिक वर्ष २०७८/७९मा १५२ लाख विनियोजन गरी ९५ लाख खर्च भएको थियो।

तालिका ३.८: लक्ष्य २ - भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दिगो कृषि प्रवर्धन गर्ने

| क. स. | परिमाणात्मक लक्ष्य तथा सूचकहरू | गाउँपालिकाको २०२२ को स्थिति | तथ्याङ्कको स्रोत | राष्ट्रिय लक्ष्य २०२२ |
|---|---|---|---|---|
| १.२ | सन् २०३० सम्ममा भोकमरी अन्त्य गर्ने र खासगरी शिशु लगायत गरिब र सङ्कटग्रस्त (Vulnerable) अवस्थाहरूमा रहेका व्यक्तिहरूसहित सबै जनताको सुरक्षित, पोषणयुक्त र पर्याप्त खानामा वर्षैभरि पहुँच सुनिश्चित गर्ने | | | |
| २.१.२.१ | कूल उपभोगको दुईतिहाइभन्दा बढी खानामा खर्च गर्ने जनसङ्ख्या (प्रतिशत) | २५ | गाउँपालिका प्रोफाइल | १२.१ |
| २.१.२.२ | प्रतिव्यक्ति खाद्यान्न उत्पादन (के.जी.) | १६० | गाउँपालिका प्रोफाइल | ४१८ |
| २.४ | सन् २०३० सम्ममा दिगो खाद्यान्न उत्पादन प्रणाली। पद्धतिहरू सुनिश्चित गर्ने साथै उत्थानशील (Resilient) कृषि अभ्यासहरू (Practices) जसले उत्पादकत्व र उत्पादन वृद्धि गर्दछन्, जलवायु परिवर्तन (विषम मौसम, सुख्खा, बाढी र अरू विपद्हरूसँग अनुकूलन (Adaptation) को निम्ति क्षमता बढाउँछन् र जमिन र माटोको गुणस्तर अग्रगामी रूपमा अभिवृद्धि गर्दछन् त्यस्ता अभ्यासहरू कार्यान्वयन गर्ने | | | |
| २.४.१.३ | कूल खेती योग्य भूमिमध्ये वर्षैभरि सिचाइ सुविधा पुगेको भूमि (प्रतिशत) | ७७ | गाउँपालिका तथ्याङ्क | ५०.५ |
| २.४.१.५ | कूल कृषि भूमिमा आवादी गरिएको भूमि (प्रतिशत) | ७५ | गाउँपालिका प्रोफाइल | NA |

**राष्ट्रिय लक्ष्य २०२२ को स्रोतः दिगो विकास लक्ष्यहरू: वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३०*

परवानीपुर गाउँपालिकामा खाद्य सुरक्षा तथा भोकमरी अन्त्य गर्ने सवालमा कूल उपभोगको २ र ३ भन्दा बढी खानामा खर्च गर्ने परिवार २५ प्रतिशत रहेका छन् जुन राष्ट्रिय लक्ष्य १२.१ प्रतिशतभन्दा दोब्बरले बढी रहेको छ। मूलतः गरीवीका साथै थोरै खेतीयोग्य जमिन भएका परिवार र सिँचाई सुविधाको कमी यसको कारण हो। यस गाउँपालिकामा प्रतिव्यक्ति खाद्यान्न उत्पादन वार्षिक १६० किलो ग्राम रहेको छ जुन राष्ट्रिय लक्ष्य (४१८ किलो ग्राम प्रतिव्यक्ति) भन्दा धेरै नै कम हो। यो समस्या समाधान गर्न सिँचाई सुविधा, अझ विशेष गरी डिप वोटिङ्ग गाडी बाह्रै महिना सिँचाई सुविधा बढाउँदा उत्पादन बढ्न जान्छ। गाउँपालिकामा कूल क्षेत्रफलको ५५ प्रतिशत खेतीयोग्य जमिन छ र त्यसको ७७ प्रतिशत जमिनमा बाह्रै महिना सिंचाई सुविधाको उपलब्धता छ, जुन राष्ट्रिय लक्ष्य (५०.५प्रतिशत) भन्दा राम्रो हो। सिँचाई सुविधाको कमिका कारण खेतीयोग्य जमिनको ७५ प्रतिशत मात्र आवादी गरिएको छ।

उर्वरशील जमिनको व्यापकता रहेको यस क्षेत्रमा कृषि क्षेत्रमा उत्पादकत्व बढाउन गुणस्तरीय बीउ रासायनिक तथा प्राङ्गारिक मलको उपलब्धता गराउने कृषि उत्पादनको स्याहार तथा औषधि उपचार परामर्श सेवामा वृद्धि, खाद्य डिपो तथा चिस्यान केन्द्रहरूको विस्तार जस्ता क्षेत्रमा गाउँपालिकाल ध्यान पुर्याउनु पर्ने देखिन्छ। गाउँपालिकाले खाद्य सुरक्षा ब्यवस्था तथा भोकमरी अन्त्य गर्नका लागि आवश्यक निम्न ऐन, कानुन नीति, नियमावली, कार्यविधि र कार्यहरू तदारुक्ताका साथ निर्माण तथा कार्यान्वयन गर्न लागिपरेको छ। कृषि बजारमा देखिएको बिचौलीयापनको एकाधिकार अन्त्य गरी कृत्रिम अभाव तथा मूल्य वृद्धिको समस्या समाधान गर्न गाउँपालिकाले उचित अनुगमन प्रणाली विकास गर्नु पर्नेछ। त्यस्तै गाउँपालिकाले कृषि सहकारीको समन्वयमा उन्नत प्रविधि सहितको कृषि प्रणालीबारे प्रयोगात्मक अनुशिक्षण गरी व्यावसायिकता अभिवृद्धि गर्ने उद्देश्य राखेको छ। गाउँपालिका सिँचाई सुविधा बढाई बाह्रै महिना खेती गर्ने अवस्था सिर्जना गर्न प्रतिबद्ध छ।

## ३.७.३ सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने

स्वास्थ्य सेवा जनताको संविधानप्रदत्त मौलिक अधिकार हो। स्वस्थरुपमा बाच्ने वातावरणको सथै प्रतिरोधात्मक र उपचारात्मक जनस्वास्थ्य सेवा उपलब्ध गराउनु स्थानीय सरकारको दायित्व हो। स्वस्थ जीवनको लागि उचित आहारविहार, सुघर सफाइ, स्वच्छ खानेपानी, प्रदुषण रहित वातावरण, सडक सुरक्षा आदि आवश्यक पर्दछ। सबैलाई आधारभूत स्वास्थ्य सेवा पुर्‍याउन स्वास्थ्य संस्थाहरू (अस्पताल, नर्सिङ्होम, प्याथोलोजी, ल्याव, फार्मेसी आदि) आवश्यक पर्दछन्। जसले गर्दा जनस्वास्थ्यमा सुधार आई नवजात शिशु मृत्युदर, मातृ मृत्युदर र बालबालिका मृत्युदरमा कमी आउँछ। संविधानले जनताका यी अधिकार पूरा गर्न स्थानीय तहलाई महत्वपूर्ण अधिकार प्रदान गरेको छ। संविधान प्रदत्त जनस्वास्थ्यसँग सम्बन्धित अधिकारहरूको उपयुक्त तवरले पूरा गर्न गाउँपालिका अविछिन्न लागिरहेको छ।

परवानीपुर गाउँपालिकामा एक स्वास्थ्य शाखा र पाँचवटै वडामा रहेका स्वास्थ्यहरूबाट आधारभूत स्वास्थ्य सुविधा प्रदान हुँदै आइरहेको छ। यस गाउँपालिकाले आर्थिक वर्ष २०७८/०७९ मा स्वास्थ्य क्षेत्रमा कूल बजेटको करीव १२ प्रतिशत रकम विनियोजन गरी स्वास्थ्य संस्थाको भौतिक व्यवस्थापन औषधि तथा स्वास्थ्य सामग्रीहरूको आपूर्ति, स्वास्थ्यकर्मीहरूको परिचालन गरी विभिन्न कार्यक्रमहरू सञ्चालनमा खर्च गरेको छ। यस क्षेत्रमा सञ्चालित निजी तथा अन्य किसिमका स्वास्थ्य केन्द्रहरूले पनि स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएका छन्। यस गाउँपालिकाले सक्षम स्वास्थ्य सेवा, खुसी परवानीपुर बासी भन्ने सोचका साथ गाउँपालिकाका सबै वडाहरूबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवाहरू उपलब्ध गराउने साथै स्वास्थ्य विपद्को पहिचान गरी पूर्वतयारी न्यूनीकरण र व्यवस्थापनका लागि संयन्त्र र पूर्वाधार तयार गर्ने उद्देश्य लिएको छ। आर्थिक वर्ष ०७९/०८० देखि ०८०/०८१ सम्म गाउँपालिकाको वडा नं. २ मा बर्थिङ सेन्टर निर्माण वडा नं. ४ र ५ मा स्वास्थ्य चौकी भवन निर्माण जस्ता कार्यक्रमहरूका लागि बजेट विनियोजन गरी अघि बढिरहेको छ।

तालिका ३.९: लक्ष्य ३ - सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने

| क्र. स. | परिमाणात्मक लक्ष्य तथा सूचकहरू | गाउँपालिकाको २०२२ को स्थिति | तथ्याङ्कको स्रोत | राष्ट्रिय लक्ष्य २०२२ |
|---|---|---|---|---|
| ३.१ | सन् २०३० सम्ममा, विश्वव्यापी मातृ मृत्युदर (प्रत्येक १ लाख जीवित जन्ममा) लाई ७० भन्दा कम गर्ने | | | |
| ३.१.१ | मातृ मृत्युदर (प्रति १ लाख जनसङ्ख्यामा) (सङ्ख्या) | ९५ | गाउँपालिका स्वास्थ्य शाखा तथ्याङ्क | ११६ |
| ३.१.२ | दक्ष प्रसूतिकर्मीहरूको सहयोगमा गराइएको जन्महरूको अनुपात (प्रतिशत) | ९९ | | ७३ |
| ३.२ | सबै देशहरूको नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) लाई कम्तीमा १२ मा घटाउने र ५ वर्षमुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) लाई कम्तीमा २५ मा ओराल्ने परिमाणात्मक लक्ष्य भएकाले सन् २०३० सम्ममा नवजात शिशुहरू र ५ वर्षमुनिका बालबालिकाको रोक्न सकिने (Preventable) मृत्युको अन्त्य गर्ने | | | |
| ३.२.१ | ५ वर्ष मुनिका बाल मृत्युदर (प्रति हजार जनसङ्ख्यामा) (सङ्ख्या) | २२ | गाउँपालिका स्वास्थ्य शाखा तथ्याङ्क | २७ |
| ३.२.२ | नवजात शिशु मृत्युदर | - | गाउँपालिका स्वास्थ्य शाखा तथ्याङ्क | १६ |
| ३.३ | सन् २०३० सम्ममा एचआईभी एड्स, क्षयरोग, औलोजरो र उष्णप्रदेशीय उपेक्षित रोगहरूको महामारी (Epidemics) अन्त्य गर्ने र हेपाटाइटिस, पानीजन्य रोगहरू एवम् अन्य सरुवा रोगहरू नियन्त्रण (Combat) गर्ने | | | |

| क्र. स. | परिमाणात्मक लक्ष्य तथा सूचकहरू | गाउँपालिकाको २०२२ को स्थिति | तथ्याङ्कको स्रोत | राष्ट्रिय लक्ष्य २०२२ |
|---|---|---|---|---|
| ३.३.२ | क्षयरोग लाग्ने दर (Incidence) (प्रति १ लाख जनसङ्ख्यामा) (सङ्ख्या) | १०५ | गाउँपालिका स्वास्थ्य शाखा तथ्याङ्क | ६७ |
| ३.४ | सन् २०३० सम्ममा नसर्ने रोगबाट हुने असामयिक मृत्युदरलाई रोकथाम र उपचारबाट एकतिहाइले कम गर्नुका साथै मानिसक स्वास्थ्य तथा समृद्धि प्रवर्धन गर्ने | | | |
| ३.४.२ | आत्महत्याबाट हुने मृत्युदर (हरेक १ लाख जनसङ्ख्यामा) (सङ्ख्या) | ८ | ईलाका प्रहरी कार्यालयको तथ्याङ्क | ९.६६ |
| ३.६ | सन् २०२० सम्ममा विश्वभर सडक दुर्घटनाबाट हुने मृत्यु र घाइतेहरूको सङ्ख्यालाई आधा घटाउने | | | |
| ३.६.१ | सडक यातायात दुर्घटनाबाट हुने मृत्युदर (हरेक १ लाख जनसङ्ख्यामा) | - | ईलाका प्रहरी कार्यालयको तथ्याङ्क | NA |
| ३.७ | सन् २०३० सम्ममा यौन तथा प्रजनन स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्नुका साथै परिवार नियोजन, सूचना र शिक्षा तथा प्रजनन स्वास्थ्यलाई राष्ट्रिय रणनीति र कार्यक्रममा एकीकरण गर्ने | | | |
| ३.७.१.(क) | परिवार नियोजनका आधुनिक साधन प्रयोगकर्ता दर (प्रतिशत) | ५.५७ | गाउँपालिका प्रोफाइल | ५३ |
| ३.८ | स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच हासिल गर्नका निम्ति वित्तीय जोखिम सुरक्षा कायम गर्दै सुरक्षित, प्रभावकारी र गुणस्तरीय अत्यावश्यक स्वास्थ्य सेवाहरूका साथै सबैको लागि क्षमताअनुसार धान्न सकिने मूल्यमा अत्यावश्यक औषधि तथा खोपहरूको उपलब्धता बढाउने | | | |
| ३१.१.८. | प्रोटोकलअनुसार चारपटक पूर्वप्रसूति सेवा प्राप्त गर्ने महिलाहरूको प्रतिशत जीवित जन्ममा | ६८ | | ७५ |
| ३२.१.८. | अस्पताल, स्वास्थ्य संस्थाहरूमा बच्चा जन्माउने प्रतिशत | ९९ | | ७४ |
| ३३.१.८. | प्रोटोकलअनुसार बच्चाको जन्मपछि तीन पटक उत्तरप्रसूति सेवा प्राप्त गर्ने महिलाहरूको प्रतिशत | ४३ | | ६५ |
| ३४.१.८. | हेपाटाइटिस बी भ्याक्सिनको तीनपटक डोज प्राप्त गर्ने शिशुहरूको प्रतिशत | १०० | गाउँपालिका स्वास्थ्य शाखा | ९३ |
| ३.८.१.७ | उच्च रक्तचापको औषधि सेवन गरिरहेका १५ वर्ष र माथिको जनसङ्ख्याको प्रतिशत | ८७.१ | | ३९ |
| ३.८.१.९ | घरबाट स्वास्थ्य संस्था (Health facility) मा पुग्न ३० मिनट वा सोभन्दा कम समय लाग्ने परिवारहरूको प्रतिशत | १०० | | ७५ |
| ३ (ख) | विकासोन्मुख देशहरूमा नकारात्मक असर पुर्याईरहेका सर्ने तथा नसर्ने रोगहरूविरुद्धका खोप तथा औषधिहरूको अनुसन्धान र विकासको लागि सहयोग पुर्याउने, ट्रिप्स सम्झौता र जनस्वास्थ्यसम्बन्धी दोहा घोषणाको मर्मअनुसार विकासोन्मुख राष्ट्रहरूको अधिकार पुष्टिका लागि बौद्धिक सम्पत्ति अधिकारको व्यापारसम्बन्धी सम्झौतामा रहेका सबै प्रावधानहरूको प्रयोगलाई सुनिश्चित गर्दै आवश्यकताअनुसार जनस्वास्थ्यको संरक्षण गर्न विशेषगरी औषधि र खोपहरूमा सबैको पहुँच बढाउने | | | |
| ३१(ख) | राष्ट्रिय खोप कार्यक्रममा समावेश गरिएका सबै खोपहरूद्वारा समेटिएका लक्षित जनसङ्ख्याको अनुपात | १०० | गाउँपालिका स्वास्थ्य शाखा | ९५ |
| ३१.१(ख) | कोभिड १९ खोप कार्यक्रममा समेटिएका जनसङ्ख्याको अनुपात (प्रतिशत) | ९१ | | ९५ |
| ३क.१.१(ख) | महिला (प्रतिशत) | ५२ | | NA |
| ३ख.१.१(ख) | पुरुष (प्रतिशत) | ४८ | | NA |
| ३२(ख) ख | कूल सरकारी बजेटमा स्वास्थ्य क्षेत्रको बजेट प्रतिशत | ७.७६ | गाउँपालिका स्वास्थ्य शाखा | १६ |
| ३३ क(ख) | अत्यावश्यक औषधिहरूको मौज्दात शून्य नभएका सरकारी स्वास्थ्य संस्थाहरू )Health facilities) को प्रतिशत | १०० | | ९५ |

| क्र. स. | परिमाणात्मक लक्ष्य तथा सूचकहरू | गाउँपालिकाको २०२२ को स्थिति | तथ्याङ्कको स्रोत | राष्ट्रिय लक्ष्य २०२२ |
|---|---|---|---|---|
| ३(ग) | विकासशील देशहरू खासगरेर अति कम विकशित देशहरू र विकासोन्मुख साना टापु राष्ट्रहरूमा स्वास्थ्यकर्मीको भर्ना, विकास, तालिम र थमौती समेतका लागि स्वास्थ्य क्षेत्रमा उल्लेख्य मात्रामा बजेटको वृद्धि गर्ने | | | |
| ३१(ग) | स्वास्थ्यकर्मीहरूको जनघनत्व र वितरण (हरेक १ लाख जनसङ्ख्यामा) | ५.६४ | गाउँपालिका स्वास्थ्य शाखा | ४.४५ |
| ३१क(ग) | स्वास्थ्य क्षेत्रको कूल खर्च (कूल बजेटको प्रतिशत ) | ८.४ | गाउँपालिका स्वास्थ्य शाखा | ६ |

**राष्ट्रिय लक्ष्य २०२२ को स्रोतः दिगो विकास लक्ष्यहरूः वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३०*

*#गाउँपालिका स्वास्थ्य शाखामा उपलव्ध तथ्याङ्कमा नवजात शिशु मृत्यु दर्ज नभएको।*

गाउँपालिकाको स्वास्थ्य शाखाबाट प्राप्त तथ्याङ्कमा मातृ मृत्युदर प्रति लाखमा ९५ जना रहेको छ जुन राष्ट्रिय औषत ११६ जनाभन्दा कम हो। दक्ष प्रसूतिकर्मीको सहयोगमा गराइएको जन्म ९९ प्रतिशत छ जुन राष्ट्रिय औषत ७३ प्रतिशतभन्दा राम्रो रहेको छ। ५ वर्ष मुनिका बाल मृत्युदर प्रतिहजार जीवित जन्म २२ जना रहेको छ जुन सन् २०२२को राष्ट्रिय लक्ष्य २७ जना भन्दा राम्रो हो। नवजात शिशु मृत्युदर सुन्य रहेको छ जसको राष्ट्रिय औषत १६ जना छ। माथिका सबै सूचकहरू राष्ट्रिय औषत भन्दा राम्रो हुनुको कारण यातायातको सुविधा, नजिकै प्रदेश स्तरीय अस्पताल र स्वास्थ्य केन्द्रहरू रहनु पनि हो। गाउँपालिका क्षेत्र भित्र औद्योगिक क्षेत्रबाट निस्कने प्रदुषणका कारण क्षय रोग लाग्ने दर प्रति लाख जनसङ्ख्यामा १०५ जना रहेको तथ्याङ्कले देखाउँछ जुन राष्ट्रिय सूचक ६७ भन्दा बढि हो।

गाउँपालिकामा प्रोटोकलअनुसार प्रसूति पूर्व ४ पटक स्वास्थ्य सेवा लिने महिलाहरूको प्रतिशत ६८ रहेको छ जुन रष्ट्रिय औषत ७५प्रतिशत भन्दा केही कम हो भने प्रसूतिपश्चात् सेवा लिने ४३प्रतिशत राष्ट्रिय औषत ६५प्रतिशत भन्दा कम हो। हेपाटाइटिस खोप लिने शिशुहरू शतप्रतिशत छन् जुन राष्ट्रिय औषत ९३ प्रतिशत भन्दा राम्रो हो जसको कारण खोपलाई अनिवार्य गरिनु नै हो। घरबाट स्वास्थ्य संस्था पुग्न ३० मिनेट वा सोभन्दा कम समय लाग्ने घरधुरीको प्रतिशत शतप्रतिशत रहेको छ जुन राष्ट्रिय औषत ७५ प्रतिशतभन्दा राम्रो हो, यसको कारण भौगोलिकरुपमा सानो र यातायात सुविधा उपलब्ध भएको गाउँपालिका भएर नै हो। कोभिड विरुद्धको खोप सबैले पाएका छन्। अत्याबश्यक औषधिहरू गाउँपालिकाका सबै स्वास्थ्य संस्थाहरूमा उपलब्ध छ।

आधारभूत स्वास्थ्य सेवालाई व्यवस्थित गर्न गाउँपालिकाले यसै वर्ष देखिनै आधारभूत स्वास्थ्य र सफाईसँग सम्बन्धित नीति र कानुन बनाउन पहल थालेको छ, औषधि खरिद तथा वितरण कार्यलाई अझ व्यवस्थित गरिँदै छ, स्वास्थ्यसँग सम्बन्धित जनचेतना अभिवृद्धि (धुम्रपान, मद्यपान, लागु पदार्थ सेवानका विरुद्धमा) कार्यक्रमहरूलाई निरन्तरता दिइने छ, निजी स्वास्थ्य सुविधाहरूको सञ्चालन सम्बन्धमा दर्ता, नियमन र अनुगमन गर्ने कार्य योजना निर्माण गरी लागु गर्ने योजना रहेको छ। परम्परागत स्वास्थ्य उपचार सेवाहरू (आयुर्वेदिक, युनानी, होमियोप्याथी, प्राकृतिक उपचार) उपलब्ध गराउन गाउँपालिका कृयाशील छ। गाउँपालिका ले स्वास्थ्य क्षेत्रमा नसर्ने रोगहरूको रोकथामका लागि गाउँपालिकाबासीहरूको अस्वस्थकर जीवनशैलीमा परिवर्तन ल्याउनको लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको छ। परवानीपुर गाउँपालिकाले स्वास्थ्य क्षेत्रको गुणस्तर अभिवृद्धि गर्न दक्ष स्वास्थ्य जनशक्ति उत्पादनमा ध्यान दिने छ।

### ३.७.४ समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने

यस लक्ष्यभित्र परिमाणात्मक लक्ष्य ७ र सूचक २४ वटा गाउँपालिकासँग सम्बन्धित रहेका छन्। नेपालमा शिक्षा (खासगरी प्राथमिक र माध्यमिक तहको शिक्षा) स्थानीय तहको जिम्मेवारीभित्र पर्ने संविधानतः व्यवस्था छ। शिक्षा जनताको मौलिक अधिकार हो। दिगो विकास लक्ष्य ४ ले सबैकालागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्दै जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गरी हरेक नागरिकले शिक्षा पाउने अधिकार प्रत्याभुत गर्ने ध्येय राखेको छ।

गाउँपालिकाले आफ्नो स्थापनाकालदेखि नै शिक्षाको क्षेत्रमा जोड दिँदै आएको छ। शिक्षा क्षेत्रमा गर्दै आएको लगानी अनुरुप पछिल्ला दिनहरूमा शिक्षाको पहुँचमा उल्लेख्य विस्तार भएको पाइएको छ। गाउँपालिका क्षेत्रको सामाजिक आर्थिक रुपान्तरणका लागि शैक्षिक जनशक्तिको विकास भन्ने सोचका साथ गाउँपालिकाभित्रका माध्यमिक विद्यालयहरूको सवलीकरण गर्ने स्थानीय पाठ्यक्रम तयार गरी लागू गर्ने र कक्षागत ज्ञान र सीपलाई उद्यमशीलता तथा श्रमबजारसम्म जोड्ने उद्देश्य लिएको छ। गाउँपालिकाले आर्थिक वर्ष २०७८/७९मा आफ्नो वार्षिक वाजेटको २९.८८ प्रतिशत अर्थात् आठ करोड २० लाख विनियोजन गरेको थियो भने त्यसको ६९.८१ प्रतिशत, छ करोड पच्पन्न लाख खर्च गरेको थियो। गाउँपालिकाले आर्थिक वर्ष २०७९/०८० देखि २०८१/०८२ सम्म नेरा आधारभूत विद्यालय बहुअरी भवन निर्माण, जनता मावि भवन निर्माण, प्रारम्भिक बालविकासतहदेखि माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रम तथा आयोजनाका लागि बजेट विनियोजन गरी अगाडि बढेको छ।

तालिका ३.१०: लक्ष्य ४ - समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने

| क्र. स. | परिमाणात्मक लक्ष्य तथा सूचक | गाउँपालिकाको २०२२ को स्थिति | तथ्याङ्कको स्रोत | राष्ट्रिय लक्ष्य २०२२ |
|---|---|---|---|---|
| ४१. | सन् २०३० सम्ममा उपयुक्त र प्रभावकारी सिकाइ परिणामहरू हासिल गर्नेगरी सबै छात्र तथा छात्राहरूले निःशुल्क, समतामूलक र गुणस्तरीय प्राथमिक तथा माध्यामिक शिक्षा पूरा गरेको सुनिश्चित गर्ने | | | |
| ४.१.१.१ | प्राथमिक तहमा खुद भर्ना दर (प्रतिशत) | ९४.१ | गाउँपालिका शिक्षा शाखा | ९९ |
| ४.१.१.३ | एक कक्षामा भर्ना भई आठसम्म अध्ययन गर्ने विद्यार्थीहरूको अनुपात (प्रतिशत) | ८०.५ | | ९२ |
| ४.१.१.५ | एक कक्षामा भर्ना भई कक्षा १२ सम्म पुग्ने छात्राहरूको अनुपात | ०.३२ | | १.०३ |
| ४६.१.१. | कक्षा ५ को निम्ति सिकाई उपलब्धि (प्रतिशत) | ५८ | | NA |
| ४क.६.१.१. | कक्षा ५ को निम्ति सिकाइ उपलब्धि (प्रतिशत)-गणित | ५९ | | ५८ |
| ४ख.६.१.१. | कक्षा ५ को निम्ति सिकाइ उपलब्धि (प्रतिशत) – नेपाली | ५८.३ | | ७० |
| ४ग.६.१.१. | कक्षा ५ को निम्ति सिकाइ उपलब्धि (प्रतिशत) – अंग्रेजी | ६० | | ६० |
| ४४. | सन् २०३० सम्ममा रोजगारी, मर्यादित काम तथा उद्यमशीलताका लागि प्राविधिक तथा व्यावसायिक सीप लगायतका उपयुक्त सीपहरू हासिल गरेका युवा तथा प्रौढहरूको सङ्ख्या उल्लेख्य वृद्धि गर्ने | | | |
| ४१.१.४. | प्राविधिक तथा व्यावसायिक तालिम प्राप्त युवा तथा वयस्कहरू (सङ्ख्या हजारमा) | ४५ | गाउँपालिका शिक्षा शाखा | ३०० |
| ४२.१.४. | प्राविधिक तथा व्यावसायिक तालिम प्राप्त गरेका काम गर्ने उमेरका जनसङ्ख्या (प्रतिशत) | १५ | गाउँपालिका शिक्षा शाखा | ४८ |

| क्र. स. | परिमाणात्मक लक्ष्य तथा सूचक | गाउँपालिकाको २०२२ को स्थिति | तथ्याङ्कको स्रोत | राष्ट्रिय लक्ष्य २०२२ |
|---|---|---|---|---|
| ४६. | सन् २०३० सम्ममा सबै युवा तथा कम्तिमा ९५ प्रतिशत प्रौढहरू, महिला तथा पुरूष दुवैलाई साक्षरता र गणितीय सीपको सुनिश्चित गर्ने | | | |
| ४.६.१.३.१ | ५ वर्ष र सो माथिका पुरूष जनसङ्ख्याको साक्षरता दर (प्रतिशत) | ७२ | गाउँपालिका शिक्षा शाखा | NA |
| ४(क). | बालबालिका, अपाङ्गता र लैङ्गिक संवेदनशील शिक्षाका संरचना/सुविधाहरू निर्माण र स्तरोन्नति गर्ने र सबैको निम्ति सुरक्षित, अहिंसात्मक, समावेशी र प्रभावकारी सिकाइ वातावरण प्रदान गर्ने | | | |
| ४.(क) २ | विद्युतमा पहुँच भएका विद्यालयहरू (प्रतिशत) | १०० | गाउँपालिका शिक्षा शाखा | NA |
| ४.(क) ३ | इन्टरनेटको पहुँच भएका विद्यालयहरू (प्रतिशत) | १०० | | ४७.२ |
| ४.(क) ४ | वास (WASH) सुविधाको पहुँचसहितको आधारभूत विद्यालय (प्रतिशत) | ११ | | ८८.३ |
| ४.(क) ५ | अपाङ्गता–मैत्री विद्यालयहरू (प्रतिशत) | ३३ | | NA |
| ४(ग) . | सन् २०३० सम्ममा विकासशील देशहरू विशेषगरी कम विकसित देशहरू र विकासोन्मुख साना टापु राष्ट्रहरूमा शिक्षक तालिमका निम्ति प्राप्त हुने अन्तरराष्ट्रिय सहयोग समेत उपयोग गरी दक्ष/योग्य शिक्षकहरूक आपूर्ति बढाउने | | | |
| ४२(ग) . | न्यूनतम रूपमा सङ्गठित/व्यवस्थित शिक्षक तालिम प्राप्त गरेका आधारभूत शिक्षा क्षेत्रमा कार्यरत शिक्षकहरूको अनुपात (प्रतिशत) | ९० | गाउँपालिका शिक्षा शाखा | ९७.५ |
| ४३(ग) . | न्यूनतम रूपमा सङ्गठित/व्यवस्थित शिक्षक तालिम प्राप्त गरेका माध्यमिक शिक्षा क्षेत्रमा कार्यरत शिक्षकहरूको अनुपात (प्रतिशत) | ९० | गाउँपालिका शिक्षा शाखा | ९७ |

**राष्ट्रिय लक्ष्य २०२२ को स्रोतः दिगो विकास लक्ष्यहरूः वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३०*

शिक्षा प्राप्त गर्ने अधिकार प्रत्याभूतिकालागि यस गाउँपालिकाले हालको प्राथमिक विद्यालयमा विद्यार्थी खुद भर्नादर ९४.१ प्रतिशतलाई सन् २०३० सम्ममा शतप्रतिशत पुर्‍याउने लक्ष्य लिएको छ। भर्ना भएका विद्यार्थीमध्ये कक्षा ८ सम्म अध्ययन सम्पन्न गर्ने दर ८०.५ प्रतिशत रहेको छ जुन राष्ट्रिय लक्ष्य ९२ प्रतिशत भन्दा केही कम हो, यसलाई बढाएर सन् २०३० सम्म ९५ प्रतिशत पुर्‍याउने लक्ष्य गाउँपालिकाको छ। कक्षा १ मा भर्ना भई कक्षा १२ सम्म पुग्ने विद्यार्थीको अनुपात ३२ प्रतिशत रहेकोमा सन् २०३० सम्म १०० प्रतिशत पुर्‍याउने लक्ष्य गाउँपालिकाको रहेको छ। त्यसैगरी कक्षा ५सम्मको सिकाई उपलब्धि हालको ५८ प्रतिशतबाट बढाई सन् २०३० सम्म शतप्रतिशत पुर्‍याउने लक्ष्य गाउँपालिकाले लिएको छ। यो लक्ष्य पूरा गर्न गाउँपालिकाले शिक्षा ऐन निर्माण तथा शिक्षा प्रवर्धन कार्यविधि तयार गरी लागू गर्दै छ। साथै आधारभूत शिक्षा (कक्षा ८ सम्म) अनिवार्य गरी बालबालिकालाई विद्यालय पठाउन अभिभावकहरूको चेतन अभिवृद्धि गर्न कार्यक्रमहरू सञ्चालन गरिने छ। गाउँपालिकामा हाल प्राविधिक र व्यवसायिक तालिम प्राप्त गरेका जनशक्ति १५ प्रतिशत मात्र छन् जुन राष्ट्रिय लक्ष्य ४८ भन्दा कम हो, यस अवस्थालाई सुधार गर्दै सन् २०३० सम्म ३० प्रतिशत पुर्‍याउने लक्ष्य रहेको छ। त्यसैगरी ५ वर्ष भन्दा माथिका जनसङ्ख्या साक्षरता दर ७२ प्रतिशत रहेको छ। यसलाई बढाई सन् २०३० सम्म ९० प्रतिशत पुर्याउने लक्ष्य रहेको छ। गाउँपालिकाका सतप्रतिशत विद्यालयहरूमा विद्युत र इन्टरनेट सुविधा उपलब्ध छ भने वास सुविधा ११ प्रतिशत मात्र रहेको छ। वास सुविधा हरेक विद्यालयहरूमा पुर्‍याउन गाउँपालिकाले गैरसरकारी संघ संस्थाहरूसँग सहकार्य गर्ने छ। यस गाउँपालिकामा ९० प्रतिशत शिक्षकहरू तालिमप्राप्त छन् जुन राष्ट्रिय लक्ष्य ९७.५ प्रतिशतको हराहरीमा छ। गाउँपालिकाको हालको दिगो विकास लक्ष्यअनुसारका सूचकहरूको

अवस्था, सन् २०२५ र २०३०को लक्ष्य र राष्ट्रिय लक्ष्यसँग को तुलनात्मक तालिका अनुसूची २मा प्रस्तुत गरिएको छ।

सन् २०३० सम्मा शतप्रतिशत बालबालिकाहरू प्राथमिक शिक्षामा भर्ना भई पूरा गरेका हुने राष्ट्रिय लक्ष्यअनुसार गाउँपालिकाले आफ्नो क्षेत्रका शिक्षाको अवसरबाट वञ्चित सिमान्तकृत व्यक्ति, समुदायलाई शिक्षामा पहुँच सुनिश्चित गर्न विभिन्न कार्यक्रम सञ्चालन गरेको छ। यसका लागि गाउँपालिकाले शिक्षा नियमावलि तयार गरी लागू गरिसकेको छ। शिक्षासम्बन्धी ऐन तर्जुमा गरी लागु गर्न गाउँपालिका प्रयासरत छ। विद्यालयको पूर्वाधार निर्माण गर्ने कार्य भएको छ। शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापन गरिएको छ। पाठ्यपुस्तक खरिद गरी वितरण गरिएको छ। विद्यालय भवन तथा कक्षाकोठा मर्मत सम्भार तथा सरसफाई गर्ने कार्य भैरहेको छ। विद्यालयमा विद्युत तथा विधुतीय प्रविधिहरू प्रयोगमा ल्याइएको छ। कक्षा ६ सम्मका विद्यार्थीहरूलाई दिवा खाजाको प्रबन्ध छ। विद्यालयमा स्वच्छ खानेपानी तथा सरसफाईमा ध्यान दिइएको छ। शिक्षकलाई समय सापेक्ष आवश्यक तालिम उपलब्ध गराइएको छ। विद्यालयहरूलाई विद्यार्थी भर्ना अभियान सञ्चालन गर्न लगाइएको छ।

शिक्षामा सबै नागरिकहरूको पहुँच पुर्याइ शैक्षिक गुणस्तरको वृद्धि गर्न गाउँपालिकाले कदम चाल्नु पर्नेछ। प्राथमिक शिक्षामा मातृ भाषामा शिक्षा पाउने व्यवस्था सरकारले गरेको छ सोही अनुरुप यस गाउँपालिकाले पनि स्थानीय शैक्षिक पाठ्यक्रम तयार गरी मातृ भाषामा शिक्षा दिने व्यवस्था मिलाउने छ। स्थानीय बजारको माग अनुरुपका शैक्षिक जनशक्ति उत्पादन गर्न र निम्नआय भएका समुदायका लागि सर्वसुलभ लागतमा प्राविधिक शिक्षामा पहुँच स्थापना गर्न गाउँपालिकाले प्रयास गर्नुपर्नेछ। गाउँपालिकाभित्र रहेका सीमान्तकृत, दलित तथा विपन्न समुदायका किशोरकिशोरीहरूलाई प्राविधिक शिक्षामा अग्रसर गराउन उचित कार्यक्रमहरू तर्जुमा गरी लागू गर्नुपर्नेछ।

### ३.७.५ लैङ्गिक समानता हासिल गर्ने तथा सबै महिला, किशोरी तथा बालिकाहरूलाई सशक्त बनाउने

यस लक्ष्य अन्तर्गत सन् २०३० सम्म समान कामको लागि समान ज्याला, समान शिक्षा, सार्वजनिक सेवाको निर्णय तहमा महिलाहरूको सङ्ख्या बढाउने, लैङ्गिक असमानता हटाउने भन्ने रहेको छ। यस लक्ष्य अन्तर्गत ५ वटा परिमाणात्मक लक्ष्य तथा ११ वटा सूचक गाउँपालिकासँग सम्बन्धित छन्। गाउँपालिकाले महिला सशक्तीकरणका बहुआयामिक बाधा अड्चनहरू हटाउँदै लैङ्गिक समानतालाई मूल प्रवाहिकरण गर्न कम गर्नुपर्ने हुन्छ। दिगो विकास लक्ष्य ५ ले लैङ्गिक समानता हासिल गर्ने अधिकार प्रत्याभूति गर्ने र सबै बालिका, किशोरी र महिलालाई सशक्त बनाउने ध्येयका साथ काम गर्न प्रेरित गर्छ।

परवानीपुर गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा समानुपातिक, समावेशी र न्यायोचित वितरण गर्ने उद्देश्यका साथ आर्थिक वर्ष २०७८/७९मा कूल वार्षिक बजेटको ३.०४ प्रतिशत (८३.५० लाख) विनियोजन गरी ३१.७५ लाख सम्बन्धित कार्यक्रमहरूमा खर्च गरेको थियो। गाउँपालिकाले महिला र लक्षित वर्गका लागि अध्यक्ष बालिका उत्थान कार्यक्रम, अध्यक्ष बालिका सगुन कार्यक्रम, सञ्चालन गरी आर्थिक सशक्तीकरण अभियान चलाइरहेको छ। अपाङ्गता भएका व्यक्तिको सामाजिक न्याय र पैरवीका लागि प्रत्येक वडामा अपाङ्गता वडा सञ्जाल कार्यक्रम अघि बढाइएको छ।त्यस्तै गाउँपालिकाले दलित जनजातिहरूको उत्थानशील कार्यक्रमसँगै ज्येष्ठ नागरिकको सम्मानको निमित्त कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

गाउँपालिकामा उपलव्ध सूचनाका आधारमा हिंसा भोग्नेको प्रतिशत १० रहेको छ जुन राष्ट्रिय लक्ष्य १७.५ भन्दा राम्रो हो। त्यस्तै स्थानीय सरकारमा निर्वाचित महिला प्रतिनिधिहरू काननी व्यवस्थाअनुसार राष्ट्रिय लक्ष्यको नजिकनै छन्। गाउँपालिकाका घरधुरी मध्ये सम्पत्तिको स्वामित्व ग्रहण गरेका महिलाको घरधुरी २५ प्रतिशत छ। गाउँपालिकाका ७० प्रतिशत पुरुषहरूले मोवाइल प्रयोग गर्दा ४९ प्रतिशत महिलाहरूले मात्र मोवाइल फोन प्रयोग गर्छन्। अझ त्यसमा पनि १५-२४ उमेर समूहका महिलामध्ये ९८.९ प्रतिशतले इन्टरनेटको समेत प्रयोग गर्दछन् जुन राष्ट्रिय लक्ष्य ५६.२ भन्दा बढी नै हो आगामी दिनमा महिला हक संरक्षणसम्बन्धी ऐन, कानुन बनाई लागु गर्ने र बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने गाउँपालिकाको लक्ष्य रहेको छ।

तालिका ३.११: लक्ष्य ५ - लैङ्गिक समानता हासिल गर्ने तथा सबै महिला, किशोरी तथा बालिकाहरूलाई सशक्त बनाउने

| क्र. स. | परिमाणात्मक लक्ष्य तथा सूचकहरू | गाउँपालिकाको २०२२ को स्थिति | तथ्याङ्कको स्रोत | राष्ट्रिय लक्ष्य २०२२ |
|---|---|---|---|---|
| ५२. | निजी तथा सार्वजनिक स्थानमा सबै महिला तथा किशोरीहरू माथिको सबैखाले हिंसाको अन्त्यको साथै बेचविखन तथा यौन र अन्य प्रकारका शोषणहरूको अन्त्य गर्ने | | | |
| ५.२.१.१ | जीवनभरिको भौतिक र/वा यौनजन्य हिंसा (प्रतिशत) | १० | ईलाका प्रहरी कार्यालयको तथ्याङ्क | १७.५ |
| ५.२.२.१ | शारीरिक/यौनहिंसा अनुभव गरेका १५ देखि ४९ बर्षसम्मका महिलाहरूको (दर्ता गरिएका घटनाहरू) प्रतिशत | १० | | १३.९ |
| ५५. | राजनीतिक, आर्थिक र सार्वजनिक जीवनका सबै निर्णायक तहमा महिलाहरूको पूर्ण एवं प्रभावकारी नेतृत्व, सहभागिता तथा समान अवसर सुनिश्चित गर्ने | | | |
| ५.५.१.२ | स्थानीय सरकारका अङ्गहरूमा महिलाले ओगटेको स्थान र सिटको अनुपात (प्रतिशत) | ४०.७४ | स्थानीय निर्वाचन, २०७८ | ४१ |
| ५(क) | राष्ट्रिय कानुनहरूमा महिलाहरूलाई आर्थिक साधनहरूमा समान अधिकार प्रदान गर्नुका साथै जमिन र अरू प्रकारका सम्पत्तिहरू, वित्तीय सेवाहरू, पैतृक र प्राकृतिक स्रोतसाधनहरूमा पहुँच प्रदान गर्न आवश्यक सुधारहरू सुनिश्चित गर्ने | | | |
| ५३(क) | भूमिजन्य सम्पत्तिको स्वामित्व ग्रहण गरेका महिला घरधुरीको अनुपात (प्रतिशत) | २५ | राजस्व शाखा, | NA |
| ५(ख) | महिला सशक्तीकरणलाई टेवा पुऱ्याउने प्रविधिलाई विशेषतः सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढवा दिने | | | |
| ५१.१(ख) | मोबाइल फोन प्रयोग गर्ने महिलाको अनुपात | ४९ | प्रशासनिक तथ्याङ्क | NA |
| ५२.१(ख) | मोबाइल फोन प्रयोग गर्ने पुरूषको अनुपात | ७० | प्रशासनिक तथ्याङ्क | NA |
| ५२(ख) | १५–२४ वर्ष उमेरका इन्टरनेटको प्रयोग गर्ने महिला (प्रतिशत) | ९८.९७ | प्रशासनिक तथ्याङ्क | ५६.२ |

**राष्ट्रिय लक्ष्य २०२२ को स्रोत: दिगो विकास लक्ष्यहरू: वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३०*

गाउँपालिकाले विभेद रहित समतामूलक सभ्य समाज भन्ने सोचका साथ गाउँपालिकामा विभेद हिंसा तथा कुप्रथा अन्त्य गर्न नीतिगत सुधार र व्यवहारिक प्रयत्नलाई प्रभावकारी बनाउँदै जाने उद्देश्य लिएको छ। लैङ्गिक समानताको क्षेत्रमा गाउँपालिकाले सकारात्मक प्रयास गरेतापनि यसलाई अझै व्यवस्थित र नतिजामुखी बनाउन गाउँपालिकामा महिला, बालबालिका तथा लक्षित वर्गमैत्री पूर्वाधार नीति नियम र संरचनाहरू विस्तार गर्दै लानुपर्ने आवश्यकता रहेको छ। लक्षित वर्गका महिला बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरूमा विभिन्न कारणबाट हुने हिम्साजन्य व्यवहार न्यूनीकरणका लागि गाउँपालिकाले विभिन्न निकायहरूसँग सहकार्य गर्दै अघि बढ्नुपर्ने आवश्यकता छ।

### ३.७.६ सबैको निम्ति खानेपानी तथा सरसफाईको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने

६ दिगो सफा पानी तथा सरसफाई सेवा

दिगो विकास लक्ष्य ६ ले सबैको लागि स्वच्छ खानेपानी तथा सरसफाइको उपलब्धता वृद्धि गरी सबै नागरिकको शुद्ध खानेपानी तथा सरसफाइ प्राप्त गर्ने अधिकार प्रत्याभूति गर्न जोड दिएको छ। यस लक्ष्य अन्तर्गत २ वटा परिमाणात्मक लक्ष्य तथा ५ वटा सूचक गाउँपालिकासँग सम्बन्धित छन्। सन् २०३० सम्ममा ९५ प्रतिशत घर धुरीमा पाइपद्वारा बितरित खानेपानी, सुधारिएको सरसफाई सुविधा पुर्‍याउने र खुला दिसामुक्त समुदाय साथै शहरी क्षेत्रमा सबै घर ढलनिकाससँग जोड्ने राष्ट्रिय लक्ष्य रहेको छ। खानेपानी तथा सरसफाईको सुनिश्चितता गाउँपालिकाको उत्तरदायित्व भित्र पर्दछ। यो कार्य स्थानीय शासनको प्रभावकारिता, प्राकृतिक स्रोतको व्यवस्थापन र स्थानीय योजनामा निर्भर गर्दछ।

गाउँपालिकामा खानेपानी तथा सरसफाइको क्षेत्रमा उल्लेख्य पहल भएको छ। स्वच्छ पानी र सरसफाइको क्षेत्रमा यस गाउँपालिकाले आर्थिक वर्ष २०७९/० ८० मा कूल बजेटको करीव ९ प्रतिशत रकम विनियोजन गरी खर्च गरेको थियो।

तालिका ३.१२: लक्ष्य ६- सबैको निम्ति खानेपानी तथा सरसफाईको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने

| क्र. स. | परिमाणात्मक लक्ष्य तथा सूचकहरू | गाउँपालिकाको २०२२ को स्थिति | तथ्याङ्कको स्रोत | राष्ट्रिय लक्ष्य २०२२ |
|---|---|---|---|---|
| ६१. | सन् २०३० सम्ममा सबैको निम्ति सुरक्षित र किफायती वा बेहोर्न सकिने खानेपानीको सर्वव्यापी र समानतामूलक पहुँच हासिल गर्ने | | | |
| ६.१.१.१ | सुरक्षित पिउने पानी उपभोग गर्ने जनसङ्ख्या (प्रतिशत) | ८५ | गाउँपालिका खानेपानी शाखा | NA |
| ६२. | सन् २०३० सम्ममा सरसफाई र स्वस्थआरोग्यपूर्ण/ अवस्था कायम गर्ने कुरामा सबैको निम्ति पर्याप्त र न्यायोचित पहुँच सुनिश्चित गर्ने साथै महिला एवम् किशोरीहरू र कमजोर/ सङ्कटग्रस्त स्थितिहरूमा रहेका व्यक्तिहरूको आवश्यकतालाई विशेष ध्यान दिई खुला रूपमा दिसापिसाब गर्ने चलन वा बानीको अन्त्य गर्ने | | | |
| ६.२.१.२ | शौचालय प्रयोग गर्ने जनसङ्ख्याको अनुपात (प्रतिशत) | ८५.५ | गाउँपालिका प्रोफाइल | ८३.८ |

**राष्ट्रिय लक्ष्य २०२२ को स्रोत: दिगो विकास लक्ष्यहरू: वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३०*

गाउँपालिकामा आधारभूत खानेपानी पहुँच भएका घरपरिवार करीव ८५ प्रतिशत रहेका छन् भने ९५ प्रतिशत घरधुरीमा शौचालयको सुविधा छ। गाउँपालिकाले **"स्वच्छ सर्वसुलभ र दीगो खानेपानी तथा सरसफाइ सुविधा"** भन्ने सोचका साथ गाउँपालिकामा स्वच्छ खानेपानीको सहज पहुँच, सरसफाई तथा ढलनिकास प्रणाली तयार गर्ने उद्देश्य राखेको छ। गाउँपालिकाले एक घर एक धारा जडान कार्यक्रम सञ्चालनमा ल्याएको छ। खानेपानी सुविधाको विस्तार सँगसँगै गाउँपालिकाले किटाणु तथा हानिकारक रसायन रहित पानी उपलब्ध गराउनमा विशेष पहल गर्नेछ। विशेषत: यस्ता कार्यक्रमहरूका लागि आर्थिक स्रोत यथेष्ठ चाहिने भएकाले अन्य स्थानीयतहका असल अभ्यास अनुसरण गर्दै सार्वजनिक निजि साझेदारी नीति अवलम्बन गरी स्रोत जुटाउन गाउँपालिका प्रयासरत छ।

## ३.७.७ धान्न/बेहोर्न सकिने, भरपर्दो, दिगो र आधुनिक ऊर्जामा सबैको पहुँच सुनिश्चित गर्ने

दिगो विकास लक्ष्य ७ ले सबैको लागि किफायती, विश्वासनीय, दिगो र आधुनिक उर्जामा पहुँच सुनिश्चित गर्ने प्रयास गरेको छ। यस लक्ष्य अन्तर्गत ३ वटा परिमाणात्मक लक्ष्य तथा ८ वटा सूचक गाउँपालिकासँग सम्बन्धित छन्। सन् २०३० सम्ममा ९९ प्रतिशत घरधुरीमा विजुली पुर्याउने, खाना पकाउन दाउराको प्रयोग गर्ने घरधुरीको सङ्ख्या १० प्रतिशतमा झार्ने, १० हजार मेघावाट बिजुली उत्पादन गर्ने र विद्युतीय चाप प्रतिवर्ष ०.८ प्रतिशतले घटाउने नेपालको राष्ट्रिय लक्ष्य रहेको छ।

परवानीपुर गाउँपालिकाले आर्थिक वर्ष ०७९/०८० मा आधुनिक उर्जाको क्षेत्रमा करीव १ प्रतिशत बजेट विनियोजन गरी विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको थियो। गाउँपालिका औद्योगिक करिडोरमा पर्ने भएकोले केन्द्रिय तथा शाखा विद्युत प्रशारण लाइनमा जोडिएकाले सबै वडा तथा बस्तीहरूमा विद्युत सेवा विस्तार भएको छ। गाउँपालिकामा हाल ९७.२ प्रतिशत घरधुरीमा विद्युतको पहुँच रहेको छ। गाउँपालिका क्षेत्रमा उपलब्ध विद्युतलाई उपयोग गरेर लघु तथा साना उद्योग एवम् व्यवसायिक कृषि तथा पशुपालन फर्महरू सञ्चालनमा छन्।

तालिका ३.१३: लक्ष्य ७ - धान्न/बेहोर्न सकिने, भरपर्दो, दिगो र आधुनिक ऊर्जामा सबैको पहुँच सुनिश्चित गर्ने

| क. स. | परिमाणात्मक लक्ष्य तथा सूचकहरू | गाउँपालिकाको २०२२ को स्थिति | तथ्याङ्कको स्रोत | राष्ट्रिय लक्ष्य २०२२ |
|---|---|---|---|---|
| ७1. | सन् २०३० सम्ममा खर्चले धान्ने, भरपर्दो, दिगो र आधुनिक ऊर्जा सेवाको पहुँच सुनिश्चित गर्ने | | | |
| ७.१.१ | विद्युतमा पहुँच भएका जनसङ्ख्याको अनुपात (प्रतिशत) | ९७.२ | गाउँपालिका प्रोफाइल | ८५.७ |
| ७.१.२.१ | खाना पकाउनका निम्ति ऊर्जाको प्राथमिक स्रोतको रूपमा कोइला, दाउरा, गुइँठालगायतका ठोस इन्धन प्रयोग गर्ने परिवार (प्रतिशत) | ३७.६ | | ५५ |
| ७.१.२.३ | खाना पकाउन र पानी तताउनका लागि तरल पेट्रो लियम ग्यास (एलपिजी) प्रयोग गर्ने मानिसहरू (प्रतिशत) | ६२.४ | | २७.८ |

*राष्ट्रिय लक्ष्य २०२२ को स्रोत: दिगो विकास लक्ष्यहरू: वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३०*

खाना पकाउनको लागि दाउरा, गुइठा प्रयोग गर्ने जनसङ्ख्या ३७.६ प्रतिशत रहेको यस गाउँपालिकामा ६२.४ प्रतिशत घरधुरीले एलपी ग्यास प्रयोग गर्दछन्। राज्यले २०३० सम्ममा खाना पकाउन प्राथमिक स्रोत दाउरा, गुइठा प्रयोगकर्ता ५५ प्रतिशत र घरधुरी र खाना पकाउन एल.पी. ग्यास प्रयोग गर्ने जनसङ्ख्या २७.८ प्रतिशत पुर्याउ लक्ष्य लिएको छ। गाउँपालिकाको हालको दिगो विकास लक्ष्यअनुसारका सूचकहरूको अवस्था, सन् २०२५ र २०३० को लक्ष्य र राष्ट्रिय लक्ष्यसँगको तुलनात्मक तालिका अनुसूची २मा प्रस्तुत गरिएको छ।

गाउँपालिकाले भरपर्दो र स्वस्थ उर्जाको उपलब्धता र व्यावसायिक उपयोग भन्ने सोचका साथ विद्युत तथा स्वस्थ उर्जा खपत वृद्धि गर्ने सुदृढिकरण गर्ने जस्ता उद्देश्य लिई आफ्ना वार्षिक नीति तथा कार्यक्रमहरूमा समेटेको छ। वैकल्पिक तथा स्वच्छ उर्जा विस्तार कार्यक्रम हरित उर्जा प्रवर्धन कार्यक्रमका लागि एकीकृत नीति तथा कार्ययोजना बनाइ अघि बढ्नु पर्ने आवश्यकता रहेको छ। गाउँपालिकाले परम्परागत उर्जाको प्रयोग निरुत्साहित गरी जलविद्युत तथा वैकल्पिक उर्जाको उपयोगका लागि जनचेतना अभिवृद्धि तथा प्रोत्साहन कार्यक्रमहरू सञ्चालनमा ल्याउने नीति अवलम्बन गरेको छ।

## ३.७.८ स्थिर, समावेशी र दिगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्ने




दिगो विकास लक्ष्य ८ ले भरपर्दो र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनमूलक रोजगारी र मर्यादित कामको प्रवर्धन गर्ने प्रयास गरेको छ। भरपर्दो आर्थिक वृद्धि हुन सकेन भने गरीवी घट्दैन। व्यक्तिको आर्थिक उपार्जनको प्रमुख आधार भनेको रोजगारी नै हो। मधेश प्रदेशको औद्योगिक तथा व्यापारिक क्षेत्रसँग जोडिएको यो गाउँपालिका औद्योगिक हबको रुपमा परिचित छ। गाउँपालिकाभित्र लघु, साना, मझौला तथा ठूला उद्योगहरू र सबैस्तरका व्यापार व्यावसाय सञ्चालनमा रहेको छन्। यस लक्ष्य अन्तर्गत ६ वटा परिमाणात्मक लक्ष्य तथा २४ वटा सूचक गाउँपालिकासँग सम्बन्धित छन्। आर्थिक वर्ष २०७८/०७९ मा गाउँपालिकाले यस क्षेत्रमा करीव ८ प्रतिशत बजेट विनियोजन गरी लघु उद्यम विकास, रोजगारी मूलक तालिम कार्यक्रम तथा धार्मिक पर्यटकको क्षेत्रमा खर्च गरेको थियो।

**तालिका ३.१४: लक्ष्य ८ - स्थिर, समावेशी र दिगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्ने**

| क्र. स. | परिमाणात्मक लक्ष्य तथा सूचकहरू | गाउँपालिकाको २०२२ को स्थिति | तथ्याङ्कको स्रोत | राष्ट्रिय लक्ष्य २०२२ |
|---|---|---|---|---|
| ८३. | उत्पादनमूलक गतिविधिहरू, सम्मानयोग्य कामको सृजना उद्यमशीलता, रचनात्मकता र नवीनतालाई सघाउने विकासमुखी नीतिहरूको प्रवर्धन गर्ने तथा वित्तीय सेवामा पहुँच पुयाउदै लघु, साना र मझौला आकारका उद्यमहरूको औपचारिकता र वृद्धिलाई प्रोत्साहन गर्ने | | | |
| ८.३.६ | सहकारीमा पहुँच (३० मिनेटका पैदलदूरीमा रहेको घरधुरी ) (प्रतिशत) | १०० | अवलोकन | ६६.१ |
| ८५. | सन् २०३० सम्ममा युवा र अपाङ्गता भएका व्यक्तिहरू लगायत सबै महिला र पुरुषहरूको निम्ति पूर्ण एवम् उत्पादनशील रोजगारी र मर्यादित काम उपलब्ध गराउनुका साथै समान कामका लागि समान तलव प्रदान गर्ने लक्ष्य हासिल गर्ने | | | |
| ८.५.२ | वेरोजगारी दर, लिङ्ग, उमेर र अपाङ्गताका आधारमा (प्रतिशत) | २.६ | गाउँपालिका प्रोफाइल | NA |
| ८.१० | बैंकिङ्ग, बिमा तथा वित्तीय सेवामा सबैको पहुँच विस्तार र प्रोत्साहन गर्न स्थानीय वित्तीय संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने | | | |
| ८.१०.१.१ | प्रति १ लाख वयस्कहरूमा वाणिज्य बैङ्कहरूको शाखाहरूको सङ्ख्या | १ | नेपाल बांग्लादेश | २६ |
| ८.१०.१.२ | प्रति १ लाख वयस्कहरूमा एटीएम (सङ्ख्या) | १ | बैंक मात्र रहेको | २१ |

**राष्ट्रिय लक्ष्य २०२२ को स्रोत: दिगो विकास लक्ष्यहरू: वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३०*

गाउँपालिका भौगोलिक क्षेत्रमा सानो गाउँपालिका भएको र त्रिभुवन राजपथले काटेर गएको हुँदा बस्तीहरू सडक दूरीबाट ३० मिनेटभित्र नै रहेका छन्। सहकारीमा पहुँच शतप्रतिशत नै रहेको छ। त्यसैगरी औद्योगिक कोरिडोर भएकोले बेरोजगारहरूको सङ्ख्या २.६ प्रतिशत मात्र रहेको अनुमान गरिएको छ। कृषि श्रमशक्तिको अर्ध वेरोजगारी दर सम्बन्धमा गाउँपालिकाले आगामी दिनमा काम गर्नेछ। राष्ट्रिय लक्ष्य सन् २०२२ मा वालश्रम १६ प्रतिशत झार्ने लक्ष्य भएअनुसार बालमैत्री स्थानीय शासन अनुसरण गरी बालश्रम निर्मूल गर्ने लक्ष्य परवानीपुर गाउँपालिकाले लिएको छ। वित्तीय सेवाको पहुँच सम्बन्धमा गाउँपालिका भित्र नेपाल बङ्गलादेश बैङ्कको शाखामात्र भएता पनि नजिकै वीरगञ्ज महानगरपालिका र

जितपुर-सिमरा उपमहानगरपालिका भएकोले गाउँपालिकावासीले वीरगञ्ज, जितपुरबाट सेवा प्राप्त गरिरहेको छन्।

**"दीगो तथा रोजगारमूलक स्थानीय उद्योगको प्रवर्धन"** भन्ने सोचका साथ उद्योग तथा व्यापार नीति तर्जुमा गर्ने तथा उद्योगहरू प्रवर्धन गर्न तथा उद्यमशीलता विकास गर्न निजी क्षेत्र समुदाय तथा सहकारीको सहकार्यमा कार्यक्रमहरू तर्जुमा गर्ने उद्देश्य यस गाउँपालिकाले लिएको छ।

### ३.७.९ उत्थानशील/बलियो पूर्वाधार निर्माण गर्ने, समावेशी तथा दिगो औद्योगिकीकरणको प्रवर्द्धन गर्ने र नवप्रवर्तनलाई प्रेरित गर्ने

९ उद्योग, नवीन खोज र पूर्वाधार

दिगो विकास लक्ष्य ९ ले उत्थानशील बलीयो पूर्वाधार निर्माण गर्ने, समोवेशी तथा दिगो औद्योगिकीकरणको प्रवर्धन र नवप्रर्वतनलाई प्रेरित गरी जनतालाई नवप्रर्वतनले ल्याएका प्रविधि उपभोग गर्ने र अधिकार प्रत्याभूति गर्ने प्रयास गरेको छ। औद्योगिक कोरिडोरसँग जोडिएको हुनाले यस गाउँपालिकामा विभिन्न खालका उद्योगहरू सञ्चालनमा रहेका छन् र ती उद्योगहरूमा देशका विभिन्न भागबाट आएका नागरिकहरू र यस गाउँपालिकाका बासिन्दाहरू समेत रोजगारीमा रहेका छन्। सडक सञ्जालले गाउँपालिकाको सबै वडाहरूलाई छोएको छ। गाउँपालिकाको राजमार्ग आसपासका क्षेत्रहरूमा सार्वजनिक बस तथा रिक्सा अटो तथा अन्य सवारी साधानले यातायात सुविधा पुर्‍याइरहेका छन्। आर्थिक वर्ष २०७८/०७९मा परवानीपुर गाउँपालिकाको कूल बजेटको करीव ३५ प्रतिशत रकम पूर्वाधारको क्षेत्रमा खर्च भएको थियो।

तालिका ३.१५: लक्ष्य ९ - उत्थानशील/बलियो पूर्वाधार निर्माण गर्ने, समावेशी तथा दिगो औद्योगिकीकरणको प्रवर्द्धन गर्ने र नवप्रवर्तनलाई प्रेरित गर्ने

| क्र. स. | परिमाणात्मक लक्ष्य तथा सूचकहरू | गाउँपालिकाको २०२२ को स्थिति | तथ्याङ्कको स्रोत | राष्ट्रिय लक्ष्य २०२२ |
|---|---|---|---|---|
| ९१. | धान्न एवम् बेहोर्न सकिने र सबैका लागि न्यायोचित पहुँच हुन सकोस् भन्ने कुरामा केन्द्रित रहेर आर्थिक विकास र मानवको सुख समृद्धिलाई सहयोग गर्ने क्षेत्रीय र सीमापार संरचनाहरू लगायत गुणस्तरीय, भरपर्दो, दिगो र उत्थानशील )Resilient) पूर्वाधारहरूको विकास गर्ने | | | |
| ९१.१. | बाह्रै महिना सञ्चालनयोग्य सडकको २ किलोमिटर दूरीभित्र बसोबास गर्ने ग्रामीण जनसङ्ख्याको अनुपात (प्रतिशत) | १०० | गाउँपालिका प्रोफाइल | NA |
| ९.१.१.१ | सडक घनत्व (कि.मि./वर्ग कि.मि.) | १.२९ | | NA |
| ९.१.२.१ | पक्की/कालोपत्रे सडकको घनत्व (कि.मि./वर्ग कि.मि.) | ०.३८९ | | ०.१२ |
| ९२. | समावेशी र दिगो रूपको औद्योगिक प्रवर्धन गर्ने र सन् २०३० सम्ममा राष्ट्रिय परिस्थितिअनुरूप रोजगारी र कूल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको हिस्सा उल्लेखनीय रूपमा बढाउने साथै अति कम विकसित मुलुकहरूमा यसको हिस्सा दोब्बर पार्ने | | | |
| ९.२.२ | कूल रोजगारीमा ठूला उद्योगहरूको रोजगारीको अनुपात (प्रतिशत) | ११.०७ | गाउँपालिका प्रोफाइल | ९.६ |

**राष्ट्रिय लक्ष्य २०२२ को स्रोत: दिगो विकास लक्ष्यहरू: वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३०*

सडकको पहुँचको सुविधा पर्याप्त भएतापनि कालोपत्रे सडकको घनत्व ०.३८ वर्ग कि.मि.मात्र रहेकोले यस गाउँपालिकामा भएका कच्ची सडकलाई कालोपत्रे गर्ने सोच रहेको छ। गाउँपालिकाका बसिन्दामध्ये ४३.१ प्रतिशत घरधुरी उद्योगमा रोजगारीमा रहेका छन्। गाउँपालिका भित्रको खेतीयोग्य जमिनमा बाह्रै महिना सिँचाईको सुविधा उपलब्ध गराई कृषि क्षेत्रमा रोजगारी अभिवृद्धि गर्ने गाउँपालिकाको लक्ष्य रहेको छ। भू-उपयोग नीति तयार गर्ने लक्ष्य गाउँपालिकाले राखेको छ। भूमि बाँझो राख्न नदिने नीति लिइनेछ जसले

गर्दा उत्पादन वृद्धि हुनुको साथै खाद्य सुरक्षा र रोजगारी अभिवृद्धि हुनेछ भन्ने सोच लिइएको छ। भैरहेका कृषि बजाहरूको स्तर उन्नति गरी उत्पादित वस्तुको बजार सुनिश्चित गरिनेछ। कृषि बजारलाई सूचना प्रविधिसँग जोडी प्रतिस्पर्धात्पमक उत्पादन र बजारीकरणको व्यवस्था गर्न गाउँपालिका दत्तचित्त छ।

गाउँपालिकाले यथाशिघ्र स्थानीय यातायात सञ्चालन ऐन, प्रकोप व्यवस्थापन ऐन, वातावरण व्यवस्थापन ऐन तयार गरी लागु गर्ने लक्ष्य लिएको छ जसले गर्दा पूर्वाधार विकास, वातावरणमा संरक्षण र प्राकृतिक प्रकोप व्यवस्थापनमा सहजता आउनेछ।

## ३.७.१० देशभित्र तथा देशहरूबीचको असमानता हटाउने

दिगो विकास लक्ष्य १० ले मुलुकभित्र र मुलुकहरू बीचको असमानता घटाउने क्रममा हरेक व्यक्तिको समानता र अविभेदको अधिकार, सार्वजनिक क्रियाकलाप सहभागिताको अधिकार र सामाजिक सुरक्षाको अधिकार प्रवर्धन गर्दछ।

यस लक्ष्य भित्र २ वटा परिमाणात्मक लक्ष्यका २ वटा सूचक गाउँपालिका कालागि आकर्षित हुन्छन। गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका बासिन्दाहरू बीचको असमानता घटाउन कार्यक्रमहरू सञ्चालन गरिरहेको छ। साथै अन्तरपालिका असमानता कम गर्न समेत सकिने देखिन्छ। गाउँपालिकावासीहरूबीच भएको असमानता घटाउन पछाडि परेको जाति, वर्ग, सम्प्रदायको पहिचान गर्ने र तिनीहरूलाई मूलधारमा ल्याउन सीप विकास, दक्षता अभिवृद्धिजस्ता तालिम दिई रोजगारीको पहुँच वृद्धि गर्ने सोच गाउँपालिकाको रहेको छ। आर्थिक सम्पन्नताको साथै सामाजिक कुरीति विरुद्ध सचेतना जगाउन र राजनैतिकरुपले सक्रिय सहभागिता बढाउन उपभोक्ता समिति, महिला समूह, आमा समूह जस्ता सामाजिक संस्थामा महिला तथा सीमान्तकृत वर्गको पहुँच वृद्धि गर्ने नीति गाउँपालिकाले अवलम्बन गरेको छ। दिगो विकास लक्ष्यका सूचकहरूको अवस्था विश्लेषण गर्दा यस लक्ष्य अन्तर्गत थप योजना तथा कार्यक्रमहरू तर्जुमा गर्ने प्रक्रियामा गाउँपालिका लागेको छ।

## ३.७.११ शहरहरू एवम् मानव बस्तीहरूलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने

दिगो विकास लक्ष्य ११ ले शहर तथा मानव बसोबास समावेशी, सुरक्षित, उत्तथानशील र दिगो बनाउँदै नेपाली नागरिकलाई पर्याप्त र सुरक्षित आवासको अधिकार प्रत्याभूति गर्ने प्रयास गरेको छ। यस लक्ष्यमा ५ वटा परिमाणात्मक लक्ष्य र १३ वटा सूचक रहेका छन्। दिगो शहर र बस्ती लक्षित कार्यक्रमहरूमा गाउँपालिकाले गत आर्थिक वर्ष २०७८/०७९ मा ३१.८१ प्रतिशत बजेट विनियोजन गर्दै दुई करोड अन्ठाउन्न लाख रुपैया खर्च गरी बस्ती तथा आवास व्यवस्था अन्तर्गतका कार्यक्रमहरू सञ्चालन गरेको थियो।

परवानीपुर गाउँपालिकाको वि .सं. २०७५ मा प्रकाशित वस्तुगत विवरणमा गाउँपालिकाको जनसङ्ख्याको २ प्रतिशत मानिसहरू कामको सिलसिलामा अन्यत्रबाट यहाँ आई स्थानीयवासीहरूको घरमा भाडामा बसेका छन् भन्ने तथ्याङ्क छ। गाउँपालिकामा सुकुम्वासी बस्ती छैन भने ९८ प्रतिशत मानिसहरूको आफ्नै जग्गा जमिन छ। १९.५ प्रतिशत मानिसहरू खर र परालले छाएको घरमा बस्छन् जुन राष्ट्रिय औसतभन्दा बढी हो। यो समस्या समाधान गर्न गाउँपालिकाले खरको छानो विस्थापित गर्ने योजना अगाडि बढाएको छ।

यस गाउँपालिकामा ९३.७ प्रतिशत मानिसहरू सुरक्षित घरमा बस्छन् जसलाई राष्ट्रिय औषतभन्दा राम्रो अवस्था देखिन्छ। यसको कारण औधोगिक कोरिडोर भएकाले उद्योगको विकास र रोजगारी हुनु नै हो। १५.४८ वर्ग किमि क्षेत्रफल भएको गाउँपालिकामा ६ किमि सडक त्रिभुवन राजपथ नै छ। त्यसै राजपथको

दायाँबायाँ किनाराबाट शाखा सडकहरू गएकाले १०० प्रतिशत नै यातायात सुविधा उपलब्ध छ। बाक्लो बस्ती भएका कारण नियमित यातायातका साधन (टेम्पो, बस, ट्रक, तिन पाङ्ग्रे) उपलब्ध हुन्छन्। घरधुरी सङ्ख्या हिसाब गर्दा प्राय घरमा ५ जना भन्दा बढी सदस्य वसोवास गर्दछन्।

तालिका ३.१६: लक्ष्य ११ - शहर हरू एवम् मानव बस्तीहरूलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने

| क्र. स. | परिमाणात्मक लक्ष्य तथा सूचकहरू | गाउँपालिकाको २०२२ को स्थिति | तथ्याङ्कको स्रोत | राष्ट्रिय लक्ष्य २०२२ |
|---|---|---|---|---|
| ११.१. | सन् २०३० सम्ममा सुरक्षित र क्षमताले धान्न सक्ने घर र आधारभूत सेवाहरूमा सबैको पहुँच सुनिश्चित गर्ने र गरिब बस्तीहरू/झुपडपट्टीहरूलाई स्तरोन्नति गर्ने | | | |
| ११.१.१.१ | गरिबबस्तीहरू/झुपडपट्टीहरू र अवैध जमिनमा बसोबास गर्ने जनसङ्ख्या (सङ्ख्या हजारमा) | - | छलफल | ३२५ |
| ११.१.१.२ | खर/पराल/पातले छाएको घरमा बस्ने परिवार (प्रतिशत) | १७ | गाउँपालिका प्रोफाइल | १२.५ |
| ११.१.१.३ | सुरक्षित घरहरूमा बसोबास गर्ने परिवार (प्रतिशत) | ९३.७ | | ४३.९ |
| ११.२. | सन् २०३० सम्ममा सबैको लागि सुरक्षित, सुपथ, सर्वसुलभ र दिगो यातायात प्रणालीमा पहुँच प्रदान गर्ने तथा महिला बालबालिका अपाङ्गता भएका व्यक्ति एवम् वृद्धवृद्धालगायत अन्य जोखिमपूर्ण अवस्थाका मानिसहरूका आवश्यकतालाई विशेष ध्यान दिँदै सडक सुरक्षा सुधार र सार्वजनिक यातायात विस्तारमा उल्लेखनीय कार्य गर्ने | | | |
| ११.२.१.१ | सुरक्षित सार्वजनिक यातायातको उपलब्धता (प्रतिशत) | १०० | स्थलगत निरीक्षण | २३.४ |
| ११.२.१.२ | ३० मिनेटको पैदल दूरीमा रहेको ग्राभेल गरिएको सडकको पहुँच (प्रतिशत) | १०० | अवलोकन | ६४.७ |
| ११.३. | सन् २०३० सम्ममा सम्पूर्ण देशहरूमा समावेशी र दिगो सहरीकरण तथा सहभागितामूलक एकीकृत र दिगो मानव बस्तीको योजना र व्यवस्थापनको लागि क्षमता अभिवृद्धि गर्ने | | | |
| ११.३.२.२ | ५ वा सोभन्दा बढी सदस्य बसोबास गरेको घरधुरी (प्रतिशत) | १०० | गाउँपालिका प्रोफाइल | ३४.२ |
| ११.४. | विश्वका सांस्कृतिक र प्राकृतिक सम्पदाहरूलाई संरक्षण तथा सुरक्षण दिने प्रयास/ प्रयत्नहरूलाई सुदृढीकरण बनाउने | | | |
| ११.४.१.१ | प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षणकालागि विनियोजित बजेट (प्रतिशत) | ०.२९ | लेखा शाखा | १.५५ |
| ११.५. | सन् २०३० सम्ममा मृत्यु हुने र प्रभावित हुने व्यक्तिहरूको सङ्ख्या उल्लेखनीय रुपमा घटाउने साथै गरिब र सङ्कटग्रस्त अवस्थाहरूमा रहेका मानिसहरूको संरक्षणमा केन्द्रित भएर पानीजन्य लगायतका विपद्हरुको कारण कूल गार्हस्थ उत्पादनमा हुने आर्थिक हानीनोक्सानीहरूलाई कम गर्ने | | | |
| ११.५.१.१ | प्राकृतिक विपद्बाट भएको मृत्यु (सङ्ख्या) | ० | गाउँपालिका तथ्याङ्क | NA |
| ११.५.१.२ | विपद्बाट घाइते भएकाहरू (सङ्ख्या) | ० | गाउँपालिका तथ्याङ्क | NA |
| ११.७. | सन् २०३० सम्ममा विशेषतः महिला बालबालिका, वृद्धवृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूलगायत सबैको लागि सुरक्षित, समावेशी र सुगम्य हरियाली तथा सार्वजनिक खुल्ला ठाउँहरूको पहुँच सर्वसुलभ बनाउने | | | |
| ११.७.१.१ | स्थानको प्रकारका आधारमा सार्वजनिक खुल्ला ठाउँहरूको सङ्ख्या (खेल मैदानहरू, खुल्ला ठाउँहरू, बगैंचा, घुमफिर स्थल, प्रदर्शनी केन्द्र आदि) | १ | एक मात्र गाउँपालिका स्तरीय खेल मैदान, बुनियाद | NA |

*राष्ट्रिय लक्ष्य २०२२ को स्रोतः दिगो विकास लक्ष्यहरू: वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३०*

गाउँपालिका भित्र पर्यटकीय पूर्वाधारहरू नहुनाले गत आर्थिक वर्ष प्राकृतिक र सांस्कृतिक सम्पदा संरक्षणतर्फ ५.५३ प्रतिशत रकम छुट्याइएको भए पनि त्यसको ५२.११ प्रतिशत मात्र खर्च भएको थियो। नदिनाला नहुनाले बाढी पहिरो जस्ता प्राकृतिक विपत्तीबाट मृत्यु तथा घाइते भएका छैनन्। गाउँपालिकाले सफा,

सुरक्षित तथा पहुँचयुक्त संरचना सहितको बस्ती भन्ने सोच सहित आधुनिक तथा वैज्ञानिक आधारमा बस्ती विकास गर्दै जाने उद्देश्य लिएको छ।

### ३.७.१२ दिगो उपभोग तथा उत्पादन ढाँचाहरू सुनिश्चित गर्ने

दिगो विकास लक्ष्य १२ ले दिगो उत्पादन र उपभोगलाई प्रोत्साहन गरी स्वच्छ तथा दिगो वातावरणमा जीउन पाउने अधिकार, शुद्ध तथा सुरक्षित पिउने पानीको उपभोग गर्ने अधिकार, आफ्ना प्राकृतिक स्रोत तथा सम्पत्तिहरू स्वतन्त्रतापूर्वक उपभोग गर्न पाउने अधिकार प्रवर्धन गर्दछ। यस लक्ष्यमा गाउँपालिकाकालागि परिमाणात्मक लक्ष्य ३ वटा र सूचक ५वटा आकर्षित हुन्छन्। दिगो उपभोग तथा उत्पादन ढाँचा सुनिश्चित गर्न नेपालले सन् २०३० सम्म कूल उर्जा खपतको १५ प्रतिशत जैविक उर्जामा सिमित गर्ने र माटोमा जैविक तत्व ४ प्रतिशत बनाउने लक्ष्य लिएको छ। यो लक्ष्य पूरा गर्न गाउँपालिकाले यस बारेमा जनचेतना अभिवृद्धि गर्न कार्यक्रमहरू तर्जुमा गर्दैछ।

तालिका ३.१७: लक्ष्य १२ - दिगो उपभोग तथा उत्पादन ढाँचाहरू सुनिश्चित गर्ने

| क. स. | परिमाणात्मक लक्ष्य तथा सूचकहरू | गाउँपालिकाको २०२२ को स्थिति | तथ्याङ्कको स्रोत | राष्ट्रिय लक्ष्य २०२२ |
|---|---|---|---|---|
| १२२. | सन् २०३० सम्ममा प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापन र किफायतिपूर्ण प्रयोग हासिल गर्ने | | | |
| १२.२.२.३ | कृषि उत्पादनको लागि भूमिको प्रयोग (आवाद गरिएको भूमिको अन्नबालीको प्रतिशत) | ५५.१ | गाउँपालिका प्रोफाइल | ७७.७ |
| १२२. | विश्वव्यापी खाद्यान्न नोक्सानी सूचकाङ्क | | | |
| १२.३.१.२ | बाली भित्र्याइसके पछिको नोक्सान (प्रतिशत) | १ | | ८ |

*राष्ट्रिय लक्ष्य २०२२ को स्रोत : दिगो विकास लक्ष्यहरू: वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३०*

परवानीपुर गाउँपालिकामा कृषि उत्पादनका लागि भूमिको प्रयोग ५५.१ प्रतिशत रहेको भने सानो भौगोलिक क्षेत्रफल, बाक्लो बस्ती र औद्योगिक कोरिडोर भएकाले रोजगारीको अवसर, सिँचाई सुविधाको कमी आदि कारणले कृषिमा आकर्षण कम देखिन्छ। गाउँपालिका दिगो उपभोग र उत्पादनका अभ्यासहरू सुनिश्चित गर्ने यस लक्ष्य हासिल गर्न योजना तथा कार्यक्रम तर्जुमा गरी सञ्चालन गर्न अग्रसर छ।

### ३.७.१३ जलवायु परिवर्तन र यसका प्रभावहरूसँग जुध्न तत्काल कार्य अघि बढाउने

दिगो विकास लक्ष्य १३ ले जलवायु परिवर्तन र यसका प्रभावहरूसँग जुध्न उपयुक्त कार्यक्रम अघि बढाइ नागरिकको स्वच्छ वातावरणमा जीउन पाउने अधिकार प्रवर्धन गरेको छ। जलवायु परिवर्तनको असरले विश्वसमुदाय नै मारमा परिरहेको छ। नेपाल पनि यसको असरबाट मुक्त छैन यद्यपी हरित गृह नोक्सान गर्ने राष्ट्रमा नेपाल अत्यन्तै तल छ।

धेरै उद्योगधन्दा भएका देशहरूबाट उत्सर्जन भएका खराब धुँवा तथा ग्यासले विश्व वातावरणमा ठूलो प्रभाव पारेको छ। जसले गर्दा जलवायु परिवर्तनका कारण कतै अनावृष्टि, कतै अतिवृष्टि भै बाढी पहिरो जाने, बोट विरुवाले समयमा फल नदिने, कतिपय वोट विरुवामा फल नै नलाग्ने जस्ता समस्याले गर्दा जमिनको उत्पादन र उत्पादकत्व क्षमतामा समेत ह्रास आइरहेको अवस्था छ।

परवानीपुर गाउँपालिका नेपालकै सानो गाउँपालिका मध्ये एक हो। तर यस क्षेत्रमा वीरगंज-पथलैया औद्योगिक कोरिडोर समेत रहेकाले उद्योगधन्दाबाट उत्सर्जन हुने हरित गृह ग्याँस र प्रदुषण प्रचुर मात्रामा रहेको छ। यसलाई कम गर्न यस गाउँपालिकाले स्थानीय अनुकूलन योजना तयार गर्ने, विपद व्यवस्थापन योजना तयार गर्ने, स्थानीय पाठ्यक्रम तयार गरी जलवायु परिवर्तन र यसबाट पर्ने प्रभावलाई पाठ्यक्रममा समावेश गर्ने साथै जलवायु परिवर्तनले पार्ने असरबारे जनचेतना अभिवृद्धि गर्ने लक्ष्य लिएको छ।

### ३.७.१४: दिगो विकासको निम्ति महसागरहरू, समुद्रहरू र सामुद्रिक स्रोतहरू संरक्षण गर्ने र दिगो रुपमा प्रयोग गर्ने

नेपाल भूपरिवेष्टित राष्ट्र भएकोले दिगो विकास लक्ष्य १४ ले नेपालसँग प्रत्यक्ष सरोकार राख्दैन।

### ३.७.१५ पृथ्वीको भूपरिधिस्तरीय पारिस्थितिकीय प्रणालीहरूको दिगो उपयोग, रक्षा र पुनस्थापन गर्ने, वनको दिगो रूपमा व्यवस्थापन गर्ने, मरुभूमीकरण विरुद्ध लड्ने र जमिनको क्षयीकरण रोक्नुका साथै यसलाई उल्ट्याउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने




दिगो विकास लक्ष्य १५ ले स्थलीय पर्यावरणको संरक्षण, पुन:स्थापना र दिगो व्यवस्थापन, मरुभूमिकरण र भूक्षयको नियन्त्रण र जैविक विविधताको संरक्षण गरी नेपाली जनताले वनजङ्गल, सिमसार, हिमाल तथा सुख्खा भूमिको संरक्षण र दिगो उपयोग गर्ने अधिकार प्रवर्धन गरेको छ ।

यस लक्ष्य अन्तर्गत सन् २०३० सम्म नेपालले आफ्नो क्षेत्रफलको ४२ प्रतिशत समुदायबाट परिर्वतित वनक्षेत्र पुर्‍याउने र २३.२ प्रतिशत वनक्षेत्र संरक्षित क्षेत्र बनाउने लक्ष्य लिएको छ। यस गाउँपालिकामा वनक्षेत्र नभएकाले वनक्षेत्रबाट प्राप्त हुने काठ, दाउरा, घाँस, जडिबुटी उपलब्ध नहुनुको साथै वन्य जन्तुको चोरी सिकारी, भयजस्ता विषयमा गाउँपालिकाले खासै ध्यान दिनुपर्ने देखिँदैन। गाउँपालिका भरी ७ वटा पोखरी छन् जसको कूल क्षेत्रफल ५ विघा ५ कठ्ठा रहेको छ। ती पोखरीहरू गाउँपालिकाले माछा पालन प्रयोजनको लागि भाडामा लगाउने गरेको छ। पोखरी भाडाबाट प्राप्त आम्दानी रकमबाट सडक किनारमा वृक्षारोपण गर्ने गाउँपालिकाको योजना छ। गाउँपालिकाभित्र रहेको सार्वजनिक, पर्ति जमिनहरूमा नर्सरी स्थापना गर्ने, वृक्षारोपण गर्ने र प्रत्येक घरधुरीलाई विरुवा वितरण गरी वृक्षारोपण गर्न लगाउने पालिकाको योजना रहेको छ।

### ३.७.१६ दिगो विकासको निम्ति शान्तिपूर्ण र समावेशी समाजहरूको प्रवर्धन गर्ने, न्यायमा सबैको पहुँच निश्चित गर्ने र सबै तहहरूमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाहरूको स्थापना गर्ने




दिगो विकास लक्ष्य १६ ले दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजको निर्माण गर्ने, न्यायमा सबैको पहुँच सुनिश्चित गर्ने र सबैतहमा प्रभावकारी, जवाफदेही समावेशी संस्थाको स्थापना गर्ने कार्यलाई प्रोत्साहन गरी जनताको वाक स्वतन्त्रता प्रवर्धन गरेको छ । न्यायपूर्ण र समावेशी समाज निर्माण हुनसक्यो भने मात्र सभ्य नागरिक तयार भई राष्ट्र निर्माणमा योगदान पुर्‍याउन सकिन्छ।

परवानीपुर गाउँपालिकालको विगत तीन आर्थिक बर्षको बजेट विनियोजन र खर्चको प्रवृती विश्लेषण गर्दा दिगो विकासको लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्धन गर्ने, सबैको न्यायमा पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गर्ने सम्बन्धी लक्ष्यमा २०७६/०७७, २०७७/०७८ र २०७८/०७९मा क्रमश ४५.९९, २६.६८ र २६.६४ प्रतिशत बजेट विनियोजन भएको

थियो भने ४८.१८, ६३.७४ र ८६.३३ प्रतिशत विनियोजित रकम खर्च भएको थियो। गाउँपालिकाको आन्तरिक स्रोतबाट मात्रै ३३.७५ प्रतिशतसम्म विनियोजन गरी खर्च भएको थियो। यस लक्ष्यअन्तर्गत कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च शीर्षकमा बजेटको मुख्य अंश खर्च भए पनि संस्थागत विकास र सुशासन कार्यक्रमहरू सञ्चालन भएका छन्। गाउँपालिकामा उपप्रमुखको नेतृत्वमा न्यायिक समिति रहेको छ र यस न्यायिक समितिले छिटो, छरितो र निष्पक्षरुपमा न्याय सम्पादन गर्ने गरेको छ। समितिले आफ्नो कार्य सम्पादन गर्दा मध्यस्थता तथा मेलमिलापमा विशेष जोड दिने गरेको छ। योजना र बजेट तर्जुमा गर्दा सकभर सबै क्षेत्रका प्रतिनिधिसँग परामर्श गरी राय सुझाव लिने गरिएको छ। योजना तथा बजेट कार्यान्वयनमा समेत जन सहभागिता जुटाउने प्रयास गरिने छ। स्थानीय विकासका सूचकहरूलाई विद्युतीय माध्यमद्वारा पूर्णरुपमा सार्वजनिक गर्ने व्यवस्था मिलाउनेतर्फ गाउँपालिका लागिरहेको छ। साथै दिगो विकास लक्ष्य हासिल गर्ने सम्बन्धमा निम्न कार्यहरू छिटो सम्पन्न गर्न गाउँपालिका प्रतिवद्ध छ।

### ३.७.१७ दगो विकासका लागि कार्यान्वयनका उपायहरू/साधनहरूलाई सुदृढ गर्ने र अन्तरराष्ट्रिय साझेदारीलाई पुनः जीवन्त तुल्याउने

दिगो विकास लक्ष्य १७ ले दिगो विकास लक्ष्य कार्यान्वयनका उपायहरू सुदृढ गरी राष्ट्रिय तथा अन्तरराष्ट्रिय साझेदारीलाई जीवन्त तुल्याउदै देशको आत्मनिर्णयको अधिकार प्रत्याभूति गर्ने प्रयास गरेको छ। गरीवी न्यूनीकरण तथा दिगो विकास लक्ष्यलाई सम्बोधन गर्न गाउँपालिकाले हालसम्म कुन सूचकमा विशेष जोड दिई कार्यक्रम गर्ने भन्ने सम्बन्धमा खासै काम हुन सकेको छैन तर आर्थिक वर्ष २०७९/०८० देखि मध्यमकालीन खर्च संरचना तयार गरी बजेट र कार्यक्रम दिगो विकास लक्ष्यसँग जोड्ने प्रक्रिया सुरु भएको छ। गाउँपालिकाको वस्तुगत विवरण अद्यावधिक गरी आवधिक योजना निर्माण गर्ने लक्ष्य लिएको छ। गाउँपालिकाले निजी क्षेत्र सहकारी र सामुदायिक संस्थाहरूलाई समेत यस अभियानमा सरिक गराउने लक्ष्य राखेको छ। दिगो विकास लक्ष्यको कार्यसूची तयार गरी त्यसको अनुगमन गर्ने कार्यमा सामुदायिक संस्थाहरूलाई सरिक गराइने छ। त्यसैगरी दिगो विकास लक्ष्यका उद्देश्य पूरा हुने कार्यक्रमहरू निश्चित मापदण्ड तयार गरी सामुदायिक संस्थाहरूको सहभागितामा समेत सञ्चालन गर्ने प्रयास गरिनेछ। निजी क्षेत्रको सहभागितामा गाउँपालिकाको आय वृद्धि हुने कार्यक्रमहरू सञ्चालन गर्ने योजना परवानीपुर गाउँपालिकाले लिएको छ।

## ३.८ कसैलाई पनि पछि नछोड्ने

विकास भनेको सामाजिक, आर्थिक, प्राविधिक र वातावरणीय क्षेत्रमा सकारात्मक परिवर्तन ल्याई मानिसको जीवनस्तरमा सुधार ल्याउनु हो। यसैले विकास भन्ने बित्तिकै यसको सम्बन्ध मानवीय पक्षसँग जोडिन्छ। विकास प्रक्रियाले मानिसको क्षमता र दक्षता प्राप्त गर्नमा सघाउँछ। त्यसैले यो सामाजिक, आर्थिक, भौतिक, वातावरणीय र जनसाङ्ख्यिक पक्षको गुणस्तर र मात्रामा हुने सकारात्मक वृद्धिको प्रक्रिया हो। दिगो विकास लक्ष्यको मुख्य ध्येय विकास अभियानमा "कसैलाई पनि पछि नछोड्ने" भन्ने हो। यो सिद्धान्तले समग्र मानवको क्षमतालाई कमजोर पार्ने गरीवी, भेदभाव, र बहिष्करण उन्मूलन गर्दै नागरिकमा समान अधिकार, अवसर र कर्तव्यको सोच विकास गर्दछ। यसले समाजका सबै लिङ्ग, वर्ग, जाति र समुदायको समान विकास गर्न र सार्वजनिक सेवा, वस्तु र स्रोतको समान वितरण र प्रयोग गर्न मद्दत गर्दछ। विकास प्रक्रियामा कुनै व्यक्ति वा समुदाय छुट्यो भने नेपालले कल्पना गरेको "समृद्ध नेपाल र सुखी नेपाली" को उद्देश्य पूरा हुन सक्दैन।

परवानीपुर गाउँपालिकाले आफ्नो वार्षिक नीति तथा कार्यक्रममा कसैलाई पनि पछि नछोड्ने भन्ने हेतुले निम्न बामोजिमका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

१. बेरोजगारलाई मौसमी रोजगार प्रदान गरी वार्षिक आयमा वृद्धि गर्ने कार्यक्रम,
२. अध्यक्ष बालिका उत्थान कार्यक्रम अन्तर्गत बालबालिकाहरूको बचाउ संरक्षण विकास तथा सहभागितासम्बन्धी कार्यक्रम,
३. अध्यक्ष बालिका सगुन कार्यक्रम अन्तर्गत उमेर पुगेका तथा स्नातक उत्तीर्ण युवतीहरूको जीविकोपार्जनमा सहयोग कार्यक्रम,
४. दलित, अल्पसङ्ख्यक, सिमान्तकृत, जनजाति र यौनिक अल्पसङ्ख्यकहरूको अधिकार र संस्कृति संरक्षण र प्रवर्धन कार्यक्रम,
५. विपन्न नागरिकलाई आवास सुविधा कार्यक्रम,
६. गाउँपालिकाभित्र रहेका विपन्न परिवारमा शौचालय निर्माण सहयोग कार्यक्रम।

परवानीपुर गाउँपालिका आफ्नो नीति र योजनामा दिगो विकास लक्ष्यलाई मूल आधार मानी सोही बमोजिम विनियोजन कुशलताका साथ बजेट परिचालन गरी आर्थिक अनुशासन कायम राखेर योजना कार्यान्वयन गर्दै समाजमा रहेका सबै लिङ्ग, वर्ग, जाति र समुदायको समान विकास गर्दै समुन्नति हासिल गर्न प्रयासरत छ।

## ३.९ लक्ष्य र प्रगतिको तुलना

दिगो विकास लक्ष्य पूरा गर्ने सवालमा हाल गाउँपालिका लक्ष्य सूचकअनुसारका तथ्याङ्क सङ्कलन गर्ने पद्धति निर्माण गर्ने क्रममा छ। परम्परागत योजना तथा कार्यक्रमहरूमा दिगो विकास लक्ष्यको अन्तरिकी करणका प्रयास भइरहेको छ। परवानीपुर गाउँपालिकाको प्रथम मध्यमकालीन खर्च संरचनाबाट यसको थालनी भइसकेको छ। यस प्रतिवेदन तयार गर्ने क्रममा हाल उपलव्ध सूचनाका आधारमा आधाररेखा तयार भएको छ। हालसम्मको गाउँपालिका स्तरीय लक्ष्य प्रगति र संघ र प्रदेशसँग तुलना अनुसूची २ मा प्रस्तुत गरिएको छ।

## ३.१० एक लक्ष्य र अर्को लक्ष्यबीचको सम्बन्ध र परिपूरकता

दिगो विकास लक्ष्य समष्टिगत विकासको अवधारणामा आधारित विकासको नमुना हो। यसका लक्ष्यहरूले एकअर्कामा परस्पर समपूरक र परिपूरक सम्बन्ध राख्दछन् । केही लक्ष्यहरूले एकअर्कामा अन्तरनिर्भर र सकारात्मक सम्बन्ध राख्दछन् भने केही लक्ष्यहरू विरोधाभासी र नकारात्मक परिणामरुपी छन्। केही लक्ष्यहरूको अन्य लक्ष्यहरूसँग परिपूरक सम्बन्ध छ। उदाहरणका लागि, "मृत्यु, बेपत्ता व्यक्तिहरू, र प्रकोपबाट प्रभावित व्यक्तिहरूको सङ्ख्या" र "राष्ट्रिय र स्थानीय प्रकोप जोखिम न्यूनीकरण" दुवैलाई लक्ष्य १ (गरीवीको अन्त्य), ११ (दिगो शहरहरू) मा लक्ष्यको रूपमा समावेश गरिएको छ। यसले यी लक्ष्यहरूको प्रगतिले यी दुवै लक्ष्यहरूलाई एकै समयमा लाभान्वित गर्ने (परपूरक), दिगो विकास लक्ष्यहरूको रुपमा लिन सकिन्छ।

त्यस्तै, लक्ष्य १ (गरीवीको अन्त्य), लक्ष्य ३ (स्वस्थ जीवन), लक्ष्य ४ (गुणस्तर शिक्षा), लक्ष्य ५ (लैङ्गिक समानता), लक्ष्य ६ (स्वच्छ पानी र सरसफाई), र लक्ष्य १० (न्यून असमानता) सँग सकारात्मक सम्बन्ध तथा प्रगतिको पक्षमा रही तथ्याङ्कीय रूपमा जोडिन्छन्। यी लक्ष्यहरूबीच उच्च तालमेल र समपूरक सम्बन्ध रहन्छ। एकातर्फ, दिगो विकास लक्षत ८, ९, ११ र १२ ले आर्थिक वृद्धि, रोजगारी, औद्योगिकीकरण, शहरीकरण र बस्ती विकास र दिगो उपभोग एवम् उत्पादन जस्ता दिगो विकास र गुणस्तरीय जीवनका आधारमा जोड दिन्छन् भने अर्को तर्फ दिगो विकास लक्ष्य १३, १४ र १५ ले साझा सम्पदाहरूको संरक्षण

र प्रवर्धनका साथै जलवायु परिवर्तनको दुष्प्रभाव, वन-जङ्गल, जमिन र जैविक विविधताको ह्रासलाई रोक्ने, घटाउने र सम्पदाहरूको संरक्षण गर्ने जस्ता भविष्यको समृद्धिसँग जोडिएका चुनौतीसँग सम्बन्धित छन्। यी दिगो विकास लक्ष्यहरूको बीचको सम्बन्धलाई नकारात्मक सम्बन्धको रुपमा लिने गरिन्छ। उदाहरणका लागि औद्योगिकीकरण, शहरीकरण र बस्ती विकास र दिगो उपभोग एवम् उत्पादनतर्फ केन्द्रित हुने लक्ष्यहरूले प्रायः वातावरण तथा जलवायु, वनजङ्गल जस्ता सम्पदाहरूको संरक्षणमा कतै न कतै प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा नकारात्मक प्रभाव परेका हुन्छन्। त्यस्तै लक्ष्य १-गरीवी, लक्ष्य २-भोकमरी कम गर्न लक्ष्य-१२ दिगो उपभोग, उत्पादनलाई बढावा दिनु पर्छ जसको प्रतिफलमा खाद्यान्न खपत र उत्पादनले वातावरणमा प्रभाव पार्न सक्छ।

परवानीपुर गाउँपालिका आफैले तर्जुमा गरी सञ्चालन गर्दै आएका कार्यक्रमहरूलाई बहु लक्ष्य हासिल हुने खालका बनाएको छ भने संघ र प्रदेशबाट सशर्त अनुदानमा परेका योजनाहरूपनि एक र अर्को लक्ष्यबीच परपूरक र समपुरक रहेका छन्।

## ३.११ दिगो विकास लक्ष्य कार्यान्वयनमा सहजीकरण गर्ने पक्ष

दिगो विकासका एजेण्डा सरकारको मात्र दायित्व र आवश्यकता होइन। लक्ष्य हासिल गर्न समाजका हरेक पक्षको भूमिका रहन्छ। दिगो विकास लक्ष्य हासिल गर्न सार्वजनिक क्षेत्रका अलावा निजी क्षेत्र, घरपरिवार, सहकारी, गैरसरकारी क्षेत्र र अन्तराष्ट्रिय गैरसरकारी क्षेत्रको भूमिका महत्वपूर्ण रहन्छ। दिगो विकासका लागि सन् २०३० एजेन्डाले दिगो विकास लक्ष्यहरूको सफल कार्यान्वयनका लागि समावेशी सहभागिता र प्रभावकारी सरोकारवाला संलग्नताको आवश्यकतालाई मान्यता दिन्छन्। परवानीपुर गाउँपालिकामा दिगो विकास लक्ष्य कार्यान्वयनमा सहजीकरण गर्ने पक्ष निम्न बमोजिम छन्ः

१. राष्ट्रियस्तरबाट प्रकाशित दिगो विकास लक्ष्यसम्बन्धी नीतिगत दस्तावेज तथा स्थानीयकरण स्रोत पुस्तिकाहरू,
२. संघ तथा प्रदेश सरकरहरूको दिगो विकास लक्ष्य आन्तरिकीकरण गरी पठाइएको वित्तीय हस्तान्तरण तथा योजना खाका,
३. गाउँपालिकास्तरमा जनप्रतिनिधिहरू, नगरपालिका कर्मचारीहरू, विषयगत समितिका सदस्यहरू दिगो विकास लक्ष्य हासिल गर्नका लागि सकारात्मक र तत्पर रहनु, सहकारी, गैसस, सीमान्तकृत वर्ग, पत्रकार र अपाङ्गता भएका व्यक्ति तथा युवाका प्रतिनिधिहरूसँगको अन्तरक्रियामा सहयोगी भूमिका निर्वाह गर्न उत्साहित देखिनु, निजी संघसंस्थाहरूबाट पनि दिगो विकास लक्ष्य हासिल गर्न सहयोग हातहरू तत्पर रहेको पाइनु।

## ३.१२ दिगो विकास लक्ष्य कार्यान्वयनमा वाधा पुर्याउने पक्ष

परवानीपुर गाउँपालिकाको दिगो विकास लक्ष्य कार्यान्वयनमा वाधा पुर्‍याउने पक्षहरू निम्न बमोजिम रहेका छन्ः

१. विकासका कार्यक्रमहरूलाई दिगो तथा दीर्घकालीन अभ्यासमा रूपान्तरण गर्ने राजनीतिक इच्छाशक्तिको आवश्यकता रहन्छ। अस्थिर राजनीतिक वातावरणसँग जोडिएको अनिश्चितताका कारण लगानी र आर्थिक विकासले गति लिन नसक्नु,
२. गाउँपालिका स्तरमा बहुसरोकारवालासँग समन्वय र सहकार्यको कमी अर्को बाधा पुर्‍याउने पक्ष हो। निजी क्षेत्र, घर परिवार, सहकारी, गैरसरकारी क्षेत्र र अन्तराष्ट्रिय गैरसरकारी क्षेत्र र परवानीपुर गाउँपालिकाबीच प्रभावकारी सहकार्यको कमी,

३. दिगो विकास लक्ष्य कार्यान्वयनका लागि आवश्क कानुन, नीति नियम निर्माणमा ढिलासुस्ती। कानुनको कमी, अपर्याप्त नीति तथा कार्यक्रम र स्थानीयस्तरमा आन्तरिकीकरण भइनसकेको अवस्था,
४. स्रोतको उपलव्धता र प्रभावकारी परिचालन हुन नसक्नु, र
५. उपलव्ध जनशक्तिको क्षमता विकास गरी कार्यकुशलता अभिवृद्धि गर्न आवश्यक तालिम, प्रशिक्षणको कमी।

दिगो विकासका लक्ष्यहरू प्राप्त गर्न उपलब्ध सहायतालाई वितरण कुशलताका आधारमा उत्पादनशील क्षेत्रमा लगानी गरी लक्षित वर्ग सम्म पुऱ्याउनु चुनौती रहेको छ। साथै नेपाल सरकारले उचित नीति तथा कार्यक्रम निर्माण गर्ने तर त्यसको सही र प्रभावकारी अनुगमन तथा मूल्याङ्कन नहुँदा स्रोत उचित परिचालन र जनतामा परेको प्रभाव विश्लेषण नहुँदा कार्यक्रम असफल हुँदै गएका छन्। दिगो विकासको हकमा सहभागितात्मक अनुगमन र मूल्याङ्कन प्रणाली अवलम्बन गरी ठोस कार्ययोजना निर्माणको अपरिहार्य आवश्यकता भएको छ।

# अध्याय ४: दिगो विकास लक्ष्यको प्रभावकारी कार्यान्वयन गर्न ध्यान दिनुपर्ने पक्ष

नेपालमा दिगो विकास लक्ष्यको कार्यान्वयनलाई तीव्रता दिन नेपाल सरकारले विभिन्न नीति तथा कार्यक्रमहरू अवलम्बन गर्दै संस्थागत तथा वित्तीय व्यवस्था गरेको छ। यस प्रक्रियामा सम्बन्धित सरोकारवालाहरूलाई संलग्न गरेर दिगो विकास लक्ष्यहरू हासिल गर्न धेरै पहलहरू भएका छन्। गाउँपालिकामा दिगो विकास लक्ष्यको प्रभावकारी कार्यान्वयन र समग्र प्रगति अनुगमनको लागि दिगो विकास लक्ष्य कार्यान्वयन समिति क्रियाशील बनाई सिमित स्रोत र असीमित आवश्यकताबीच सामञ्जस्यता कायम गर्नुपर्ने हुँदा योजना छनौट गर्दा एकभन्दा बढी दिगो विकासका लक्ष्य पूरा गर्न सहयोग गर्ने खालका आयोजना छनौट गर्नु उपयुक्त हुन्छ।

दिगो विकास लक्ष्यको प्रभावकारी आन्तरिकीकरण गर्न परवानीपुर गाउँपालिकाले सर्वप्रथम दिगो विकास लक्ष्य कार्यान्वयन, स्थानीय विकास समस्या समाधान जस्ता समितिहरू गठन गर्नुपर्ने छ। आफ्नो परिवेशअनुसार विकास कार्यक्रम र दिगो विकास लक्ष्यबीच तादाम्यता कायम गर्दै योजनाहरूको प्राथमिकीकरण गर्ने; आवधिक योजना तयार गरी दिगो विकास लक्ष्यका परिमाणात्मक लक्ष्यहरूको प्राथमिकता तय गर्ने र परिष्कृत समायोजन गर्ने; ऐन, कानुन, नीति नियम कार्यविधि निर्माण कार्यलाई गति दिनुपर्ने छ। गाउँपालिकाले बनाएका वार्षिक योजनामा निजी क्षेत्र, समुदाय, सहकारी लगायतका क्षेत्रबाट लगानी गर्ने वातावरण बनाउदै आवधिक योजना र मध्यकाली न खर्च संरचनासँग वार्षिक बजेट एकी कृत गर्ने र दिगो विकास लक्ष्यअनुसार कार्यक्रमहरूको सांकेतीकरण गर्ने र संघ र मधेश प्रदेश सरकारहरूसँग समन्वय गरी आफ्नो अधिकार बुझी काम गर्ने प्राविधिक र प्रशासनिक जनशक्ति तयार गर्न क्षमता विकास कार्यक्रमहरू सञ्चालन समेत गर्नुपर्ने छ।

## ४.१ गाउँपालिकामा अपनाउनुपर्ने दिगो विकास लक्ष्यमैत्री योजना र बजेट तर्जुमा प्रक्रिया

गाउँपालिकाले दिगो विकास लक्ष्यमैत्री योजना र बजेट तर्जुमा गर्दा भविष्यमा निम्न बिषयलाई ध्यान दिनुपर्ने छः

(क) गाउँपालिकाको वार्षिक बजेटको ठूलो भाग पूर्वाधार विकास र कार्यालय सञ्चालनमा खर्च हुने गरेकोमा दिगो विकास लक्ष्यसँग अन्तर्सम्बन्धित विषय (महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग, अल्प सङ्ख्यक, सीमान्तकृत वर्ग) लक्षित योजना तथा कार्यक्रमहरूमा खर्च बढाउनु पर्ने;

(ख) गाउँपालिकाले योजना तथा कार्यक्रम सञ्चालन गर्दा समाजका सबै पक्षको सहभागिता जुटाउने प्रयास गर्ने;

(ग) योजना/आयोजना तथा बजेट तर्जुमा गर्नुपूर्व योजना/आयोजना छनौट प्राथमिकीकरणको आधार र मापदण्ड तयार गर्ने;

(घ) गाउँपालिकाको वार्षिक बजेट निर्माण गर्दा योजनाको लाभ र लागत विश्लेषण गरी दिगो प्रतिफल दिने खालको योजना छनौट गर्न विशेष जोड दिने।

### ४.२ दिगो विकास लक्षका परिमाणात्मक लक्ष र सूचक प्राप्त गर्न गाउँपालिकाले ध्यान दिनुपर्ने पक्षहरू

दिगो विकास लक्ष हासिल गर्न गाउँपालिकाले विकास व्यवस्थापन प्रक्रियाका प्रत्येक चरणहरूमा नतिजामा आधारित योजना तर्जुमा, बजेट व्यवस्था र कार्यान्वयनका गतिविधिहरू सञ्चालन गर्ने छ। यस गाउँपालिकाको दिगो विकास लक्ष्यअनुसार सूचकहरूको अवस्था, राष्ट्रिय लक्ष्यहरूसँगको तुलना, बजेट विनियोजन र खर्चको अवस्था यस प्रतिवेदनको खण्ड ३.७.१ देखि ३.७.१७ मा समीक्षा सहित प्रस्तुत गरिएको छ। यी दिगो विकास लक्ष्यका परिमाणात्मक लक्ष्य र सूचकहरूको अवस्था विश्लेषण गरी गाउँपालिकाले दिगो विकास लक्ष्य प्राप्त गर्न भविष्यमा निम्न विषयलाई ध्यानमा दिनेछः

(क) गाउँपालिकासँग सम्बन्धित र प्राथमिकताका आधारमा स्वास्थ्य, शिक्षा, खानेपानी र सरसफाई, ऊर्जा र पूर्वाधार, विपद् तथा जलवायुको जोखिम न्यूनीकरण लगायतका विषयहरू समावेश गर्ने;

(ख) अल्पसङ्ख्यक तथा सीमान्तकृत वर्गको मूल प्रवाहिकरणमा ध्यान दिने, टुक्रे योजना/आयोजनाभन्दा दिगो र देखिने योजनामा जोड दिने;

(ग) उपभोक्ताहरूको सहभागिता अभिवृद्धि गर्ने र गाउँपालिकाले तयार गर्नुपर्ने कानुनी दस्तावेजहरू समयमै तयार गरी लागू गर्ने कार्य अविलम्ब गर्ने;

(घ) दिगो विकास लक्ष्यका परिमाणात्मक लक्ष्यअनुसारका सूचकको तथ्याङ्क अध्यावधिक गर्न योजना तथा कार्यक्रमहरूलाई साङ्केतिकरण गर्ने;

(ङ) पूरा गर्न सक्ने लक्ष्यका सूचक निर्धारण गर्ने र ती लक्ष्य पूरा गर्दा राष्ट्रिय लक्ष्यलाई ध्यान दिने;

(च) सूचकअनुसारका योजना छनौट र निर्धारण गर्दा मापन योग्य र तुलना योग्य बनाउन ध्यान दिने;

(छ) परिमाणात्मक लक्ष्य हासिल गर्न योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन लगायत योजना व्यवस्थापन प्रक्रियाको हरेक चरणमा समावेशी, पारदर्शी र जवाफदेही प्रणाली सुनिश्चित गर्ने;

(ज) विषयगत शाखाका कर्मचारीहरूलाई प्रोत्साहित गर्ने र सहभागितामूलक योजना तर्जुमाको पद्धति अवलम्बन गनेर सरोकारवालाहरूको अधिकतम सहभागिता सुनिश्चित गर्ने;

(झ) गाउँपालिकामा प्राविधिक शिक्षालयको अभाव देखिएकोले यसको विस्तार गरी प्राविधिक जनशक्ति उत्पादन गर्ने खालका योजना तर्जुमा गर्ने;

### ४.३ स्रोतहरूको आधार र विनियोजन पुनः प्राथमिकीकरण गर्ने तरिका

आयस्रोत सुनिश्चित गरी परिचालन गर्दै स्रोतहरूको आधार र विनियोजन पुनः प्राथमिकीकरण गर्न परवानीपुर गाउँपालिकाले निम्नानुसार गर्नु पर्नेछः

(क) गाउँपालिकाले आन्तरिक आय बढाउन गाउँपालिका वासीलाई थप आर्थिक भार नपर्ने गरी आम्दानीका स्रोत र दायरा फराकिलो पार्ने। यसकालागि कार्यदल गठन गरी अध्ययन गर्ने;

(ख) स्रोत जुटाउन व्यापक जनसहभागिता जुटाउनुको साथै योजना र कार्यक्रमहरू छनौट गर्दा समेत भविष्यमा दिगो स्रोत प्राप्त हुने विषयमा विशेष ध्यान दिने;

(ग) गाउँपालिकालाई संघीय र प्रदेश सरकारबाट प्राप्त हुने अनुदानको कार्यान्वयन दक्षताका साथ विश्वास सृजना गराउन ध्यान दिने;

(घ) सहभागिता मूलक योजना प्रक्रियामा टोलवस्ती हुँदै वडाको प्राथमिकीकरणबाट गाउँपालिकामा प्राप्त भएका योजनाहरूलाई उपलव्ध स्रोतका आधारमा प्राथमिकीकरण गरी बाँडफाँट गर्ने;

(ङ) गत आर्थिक वर्षको बजेट विनियोजन हेर्दा जलवायु परिवर्तन र अनुकूलन क्षेत्रमा बजेट विनियोजन भएन। दिगो विकास लक्ष्य पूर्णरुपले हासिल गर्न सरोकरवाला पक्षसँग बृहत छलफल गरी सम्भावना

अध्ययनका आधारमा दिगो विकासका अधिकतम लक्ष्य समेट्ने प्रकृतिका योजना तथा कार्यक्रम तर्जुमा गरी बजेट विनियोजनलाई पुनःप्राथमिकीरण गर्ने।

(च) बजेट विनियोजनलाई पुनःप्राथमिकीकरण गर्दा रोजगारी वृद्धि हुने परियोजनालाई महत्वका साथ प्राथमिकता दिने।

## ४.४ दिगो विकास लक्ष्य प्राप्त गर्न चाहिने स्रोतहरू परिचालन विधि

दिगो विकास लक्ष्य प्राप्त गर्न चाहिने स्रोतहरू परिचालन गर्दा परवानीपुर गाउँपालिकाले निम्नानुसारको विधि अपनाउनु पर्ने छः

(क) पूर्व योजना र बजेटको तयारी, सम्भाव्य स्रोत साधनको पूर्वानुमान र प्रक्षेपण, विकास आयोजना तथा कार्यक्रमको पहिचान तथा प्राथमिकताक्रम निर्धारण गर्ने;

(ख) बस्ती/टोलस्तरबाट योजना छनौट, वडा तहमा योजनाको छनौट तथा प्राथमिकीकरण, नागरिक तथा समुदाय विशेष गरी लक्षित वर्गको वास्तविक आवश्यकताको पहिचान गर्ने;

(ग) विषयगत समितिमा छलफल र एकीकृत योजना तर्जुमा, कार्यपालिकाको बैठकबाट बजेट तथा कार्यक्रम स्वीकृति गरी सभामा पेश गर्ने;

(घ) प्राथमिकता प्राप्त आयोजना कार्यक्रममा बजेट विनियोजन, नीति तथा कार्यक्रम र विषयगत आयोजना तथा कार्यक्रमबीचको सन्तुलन र परिपूरकता कायम गरी आवश्यकतालाई समन्वयात्मक तरिकाबाट प्राथमिकीकरण गर्ने;

(ङ) अल्पसङ्ख्यक तथा सीमान्तकृत वर्गको मूल प्रवाहिकरणमा ध्यान दिने;

(च) टुक्रे योजना/आयोजनाभन्दा दिगो र देखिने योजनामा जोड दिने;

(छ) उपभोक्ताहरूको सहभागिता अभिवृद्धि गर्ने र गाउँपालिकाले तयार गर्नुपर्ने कानुनी दस्तावेजहरू समयमै तयार गरी लागू गर्ने कार्य अविलम्ब गर्ने।

## ४.५ राजनीतिक र विकास एजेन्डाबीच समन्वय र सन्तुलन गर्ने विधि

राजनीतिक र विकास एजेन्डाबीच समन्वय र सन्तुलन कायम गरी गाउँपालिकाको समग्र दिगो विकास हासिल गर्न गाउँपालिकाले निम्नानुसारको विधि अवलम्बन गर्नुपर्ने छः

(क) गाउँपालिकाको राजनैतिक नेतृत्वका प्राथमिकताका विषय र गाउँपालिकाको आवश्यकता र प्राथमिकताबीच तालमेल गरी अत्यावश्यक, आवश्यक र कम आवश्यक योजनाहरू छुट्याउने;

(ख) जनप्रतिनिधिका विकास एजेन्डा र गाउँपालिकाको स्थानीय आवश्यकताबीच पङ्क्तिबद्धता कायम गर्ने।

(ग) राजनैतिक र विकास एजेन्डाबीच सन्तुलन कायम गरी विकास योजनाहरूको अनावश्यक राजनीतिकरण नगर्ने परिपटिको विकासमा जोड दिने;

(घ) अमूक राजनैतिक दलको हितमात्र नहेरी समग्र गाउँपालिकावासीको अधिकतम हित हुनेगरी विकासका योजना अघि बढाउने।

## ४.६ अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन विकास लक्ष्य र कार्यक्रमबीच सन्तुलन गर्ने विधि

परवानीपुर गाउँपालिकाले अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन विकास लक्ष्य र कार्यक्रमबीच सन्तुलन गर्ने विधि निम्नानुसार छः

(क) गाउँपालिकाको दीर्घकालीन सोच हासिल गर्न आवधिक योजना र वार्षिक योजना तर्जुमा गर्दा योजनाहरूको निरन्तरतामा जोड दिने;

(ख) नागरिक समाज, निर्वाचित जनप्रतिनिधि, सहकारी प्रतिनिधि, गैर सरकारी संस्था प्रतिनिधि र अन्य सरोकारवालासँग अन्तर्क्रियात्मक छलफल गरी आवश्यकताका आधारमा लक्ष्यहरूको प्राथमिकीकरण गरी अत्यावश्यक, आवश्यक र कम आवश्यक छुट्याउने;

(ग) गाउँपालिकासँग उपलव्ध हुने साधन स्रोतको प्रक्षेपण गरी योजना तथा कार्यक्रम वर्गीकरण गर्दा अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन रूपमा सन्तुलन मिलाउने;

(घ) अत्यावश्यक लक्ष्य पूरा गर्न अल्पकालीन लक्ष्यलाई विशेष जोड दिने;

(ङ) गाउँपालिकाले आफ्नो पहिलो मध्यमकालीन खर्च संरचना तयार गरिसकेकाले त्यसको नतिजा खाकाअनुसारका उपलव्धि हासिल हुनेगरी वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्ने।

## ४.७ अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन विकास लक्ष्य र कार्यक्रममा लगानीका प्राथमिकता तोक्ने विधि

(क) गाउँपालिकाले आफूसँग उपलब्ध सीमित स्रोत र साधनलाई दिगो विकास लक्ष्य पूरा गर्न खर्च गर्ने;

(ख) खर्च गर्दा अल्पकालीन आवश्यकता चाँडै पूरा गर्न सकिने आयोजना लाई पहिलो प्रथमिकतमा रख्ने;

(ग) दीर्घकालीन सोच पूरा गर्न आवश्यकता र सम्भाव्यता अध्यन गरी संघ र प्रदेशसँगको समन्वयमा योजना तथा कार्यक्रम तयार गर्ने;

(घ) दीर्घकालीन सोच पूरा गर्न मध्यमकालीन र अल्पकालीन लक्ष्यहरू निर्धारण गरी अल्पकालीन विकास लक्ष्यलरू हासिल गर्न नीति तथा कार्यक्रमको प्राथमिकतामा राख्ने र बजेट विनियोजन गरी काम गर्ने;

(ङ) मध्यमकालीन विकास लक्ष्यहरू आवश्यकताअनुसार परिमार्जन र परिष्कृत गर्दै लैजाने;

(च) गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा दीर्घकालीन, मध्यमकालीन र अल्पकालीन लक्ष्यहरू मध्यनजर गर्दै बजेट विनियोजन गर्ने।

## ४.८ दिगो विकास लक्ष्य प्राप्त गर्न गाउँपालिकालाई प्रोत्साहनको व्यवस्था

सन् २०३० को लक्ष्य प्राप्तिका लागि गरिने अधिकांश लगानी स्थानीय सरकारमार्फत् हुनेछ। करीव ६५ प्रतिशत दिगो विकासका लक्ष्य सूचकहरू स्थानीय तहसँग सम्बन्धित भएकाले दिगो विकास लक्ष्य हासिल गर्नकालागि स्थानीय तहको मुख्य र नेतृत्वदायी भूमिका रहेको छ। हाल गाउँपालिका संघ र प्रदेशबाट प्राप्त वित्तीय हस्तान्तरणको रकममा निर्भर रहेको छ। आन्तरिक स्रोतबाट उठेको रकमले मात्र आफ्ना एकल अधिकार क्षेत्रभित्र परेका कार्यक्रमहरूलाई चित्त बुझ्दो तरिकाले सम्बोधन गर्न सकिरहेको छैन। कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि दक्ष जनशक्तिको आवश्यकता रहेको छ। जस्तै, कृषि क्षेत्रको आधुनिकीकरणमा दक्ष कृषि जनाशक्तिले परामर्श दाताको रूपमा काम गर्दा लक्ष्य हासिल गर्न सहज हुन्छ। त्यस्तै, सुरक्षित स्वास्थ्यका लागि परामर्शदाता चिकित्सकहरूको व्यवस्थापन, लैङ्गिक समानता, विपद् व्यवस्थापन जस्ता विषयहरूमा चाहिने दक्ष जनशक्तिहरू पदपूर्ति गर्न हाल गाउँपालिकाको आन्तरिक स्रोतबाट मात्र सम्भव देखिंदैन। यसका लागि प्रदेश र संघीय सरकारबाट सहयोग प्राप्त गर्न सकेमा मात्रै लक्ष्य हासिल गर्न सहज हुन्छ। यसकालागि गाउँपालिकाले विभिन्न सरोकारवालाहरूसँग समन्वय र सहकार्य गर्दै प्रभावकारी कार्यान्वयनको स्वामित्व लिनुपर्ने हुन्छ। संघीय र प्रादेशिक सरकारका विषयगत निकायहरूले यस्ता केही प्रोत्साहनका कार्यक्रमहरू सञ्चालनमा ल्याएका छन्। विशिष्ट नतिजामूलक कार्य सम्पादन गर्न गराउन प्रोत्साहनको व्यवस्था गर्दा थप प्रभावकारी कार्यान्वयन गराउन सकिन्छ।

## ४.९ स्रोत परिचालन गर्न गाउँपालिकाको समुदाय, गैह्रसरकारी क्षेत्र, निजी क्षेत्र, विकास साझेदार संस्था, प्रदेश सरकार र संघीय सरकारसँगको सम्बन्ध

नेपालको संघीय शासन प्रणाली परस्पर सहयोगमा आधारित संघीयता हो। संघ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित छ। सहभागितात्मक योजना निर्माण र कार्यान्वयन गर्न, जनसहभागिता जुटाउन समुदायको भूमिका रहन्छ। रोजगारी सृजना गर्न, गाउँपालिकाको आम्दानी बढाउन, सामाजिक काममा आर्थिक सहायता जुटाउन, निजी क्षेत्र तथा गैरसरकारी संस्थाको वस्तुस्थिति विवरण तयार गर्न, मध्यमकालीन खर्च संरचना तयार गर्न, आवधिक योजना तयार गर्न, ऐन कानुनजस्ता दस्तावेज तयार गर्न, कृषि ऋण तथा कृषि सामग्री बिक्री वितरण गर्न, सुपथ मूल्य पसल सञ्चालन गर्न, सूचना सम्प्रेषण गर्न अन्तरराष्ट्रिय आर्थिक र प्रविधिक सहयोग जुटाउन विकास साझेदारहरूको सहयोगी भूमिका रहन्छ।

त्यसैगरी, अनुगमन र मूल्याङ्कन गर्न, स्रोत वृद्धि गर्न, तालिम, सूचना प्राप्त गर्न मधेश प्रदेशको भूमिका रहन्छ भने स्रोत उपलब्ध गराउन, सामाजिक सुरक्षामा जोड दिन, तालिम प्राप्त जनशक्ति उपलब्ध गराउन, ऐन कानुन बनाउन, अन्तराष्ट्रिय समन्वय गराउन संघीय सरकारको प्रमुख भूमिका रहन्छ।

## ४.१० प्रस्तावित कार्य कार्यन्वयनको लागि अनुगमन तथा मूल्याङ्कनको व्यवस्था

विकासमा गरिएको लगानीको प्रतिफल मापन गर्ने र सेवाग्राहीको जीवनस्तरमा त्यसले पारेको असर तथा प्रभाव आङ्कलन गरी उत्तरदायित्व र जवाफदेहिता प्रवर्द्धन गर्न अनुगमन तथा मूल्याङ्कन आवश्यक छ। दिगो विकास लक्ष्य हासिल गर्न गाउँपालिकाले निम्नानुसारका अनुगमन तथा मूल्याङ्कनको व्यवस्था गर्नुपर्ने छः

(क) लक्ष्यअनुसारको प्रगति मापन गर्न गाउँपालिकाको क्षेत्राधिकार भित्रका विषयगत ऐन, कानुन, नियम, निर्देशिका, कार्यविधि निर्माण गर्दा अनुगमन तथा मूल्याङ्कनको व्यवस्था सहित निर्माण गर्ने;

(ख) आयोजना तथा कार्यक्रमको वर्गीकरण गरी प्राथमिकताअनुसार अनुगमन तथा मूल्याङ्कनको अवधि-मासिक, त्रैमासिक अथवा वार्षिक अन्तराल तय गर्ने;

(ग) नतिजामूलक अनुगमन र मूल्याङ्कन खाका तयार गरी प्रचलनमा ल्याउने, नतिजा मापनका सरल सूचक एवम् फारमहरूको प्रयोग गर्ने,

(घ) विकास योजना, नीति, कार्यक्रम तथा आयोजनाको प्रभावकार कार्यान्वयनमा अनुगमन योजना, नीति, कार्यक्रम तथा आयोजनाहरूमा लगानी तथा स्रोत साधनको प्रवाह समुचित ढङ्गले भएको छ कि छैन र कार्य तालिकाअनुसार क्रियाकलापहरूको कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्त भएको छ/छैन भनी विभिन्न शाखाका व्यवस्थापन वा व्यवस्थापनले तोकेका व्यक्ति तथा निकायबाट निरन्तर र अद्यावधिक रुपमा अनुगमन गर्ने;

(ङ) कार्यान्वयन गरिएका योजना, नीति, कार्यक्रम तथा आयोजनाहरू हालको समयमा के कति सान्दर्भिक लाभदायी र प्रभावकारी छन् तथा के कस्ता उपलब्धि एवम् प्रभावहरू हासिल भएका छन् भन्ने कुराको आन्तरिक र बाह्य मूल्याङ्कन कर्ताबाट उद्देश्यपूर्ण र व्यवस्थित तरिकाले लेखाजोखा गर्ने;

(च) विकास प्रक्रियाका सबै चरणमा नतिजा सुनिश्चित गर्ने, कार्यक्रम तर्जुमा, अनुगमन र मूल्याङ्कनलाई नतिजासँग आवद्ध गर्ने;

(छ) लगानी र क्रियाकलापलाई नतिजासँग आबद्ध गर्ने र हासिल भएका नतिजालाई शिक्षा लिई निर्णय गर्ने।

# अनुसूची- १

**स्थानीय तहका क्षेत्र अधिकार**

| स्थानीय तहको संवैधानिक अधिकार तथा कार्यदिशा (अनुसूची –८) | अधिकारको साझा सूची (अनुसूची –९) |
|---|---|
| • नगर प्रहरी | • खेलकुद र पत्रपत्रिका |
| • सहकारी संस्था | • स्वास्थ्य |
| • एफ.एम सञ्चालन | • विद्युत, खानेपानी तथा सिँचाई |
| • स्थानीय कर, सेवा शुल्क तथा दस्तुर | • कर, दस्तुर, दण्ड जरिवाना, रोयल्टी, सेवा शुल्क |
| • स्थानीय सेवा व्यवस्थापन | • वन, जङ्गल, वन्यजन्तु, चराचुरूङ्गी, जलउपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता |
| • स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन | • सामाजिक सुरक्षा र गरीवी निवारण |
| • स्थानीयस्तरका विकास आयोजना तथा परियोजना | • व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह दर्ता र तथ्याङ्क |
| • आधारभूत र माध्यमिक शिक्षा | • पूरातत्व, प्राचीन स्मारक र सङ्ग्रहालय |
| • आधारभूत स्वास्थ्य र सरसफाई | • सुकुम्बासी व्यवस्थापन |
| • स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण, र जैविक विविधता | • प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी |
| • स्थानीय सडक, ग्रामीण सडक र सिँचाई | • सवारी साधन अनुमति |
| • नगरसभा र मध्यस्थताको व्यवस्थापन | |
| • स्थानिय अभिलेख व्यवस्थापन | |
| • जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरण | |
| • कृषि तथा पशुपालन,कृषि उत्पादन , पशु स्वास्थ्य , सहकारी | |
| • जेष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन | |
| • बेरोजगारको तथ्याङ्क सङ्कलन | |
| • कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण | |
| • खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा | |
| • विपद् व्यवस्थापन | |
| • जलाधार, वन्यजन्तु , खानी तथा खनिज पदार्थको संरक्षण | |
| • भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास | |

# अनुसूची- २

**गाउँपालिका सञ्चालनसम्बन्धी संघ तथा प्रदेशले बनाएको कानुन, ऐन, नियम, तथा कार्यविधि**

| **संघीय कानुन, ऐन, नियमहरू** | |
|---|---|
| **ऐन** | **निर्देशिका/अध्यादेश** |
| • स्थानीय सरकार सञ्चालन ऐन, २०७४<br>• लेखापरीक्षण ऐन, २०७५<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन, २०६४<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४<br>• कर्मचारी समायोजन ऐन, २०७४<br>• सूचनाको हकसम्बन्धी ऐन,२०६४ | • गरिबसँग विश्वेश्वर कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६६<br>• स्थानीय शासन स्रोत पुस्तिका<br>• स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापनसम्बन्धी आदेश,२०७४ |
| **कार्यविधि** | **नियमावली** |
| • कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६<br>• नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका २०६३ सामाजिक सुरक्षा सञ्चालन कार्यविधि, २०७२ (संशोधन सहित)<br>• दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५—२०३०)<br>• राष्ट्रिय दीर्घकालीन सोच, २१०० तथा पन्ध्रौं राष्ट्रिय योजना (२०७६/७७-२०८१/८२) | • कर्मचारी समायोजन नियमावली २०७४<br>• निजामती सेवाका कर्मचारीहरूको आचरणसम्बन्धी नियमावली २०६५<br>• सूचनाको हकसम्बन्धी नियमावली |
| **मधेश प्रदेशका कानुन, ऐन, नियम** | |
| **ऐन** | **निर्देशिका** |
| • गाउँ तथा नगर सभाका सदस्पायहरूले पाउने सुविधाको सम्बन्धमा बनेको ऐन, २०७५ | • सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययितासम्बन्धी निर्देशिका, २०७५ |

# अनुसूची-३ः

**गाउँपालिका सञ्चालनसम्बन्धी गाउँपालिका आफैंले बनाएका कानुन, ऐन, नियम तथा कार्यविधि**

| ऐन | कार्यविधि |
|---|---|
| • जनप्रतिनिधि तथा कर्मचारी स्वास्थ्य उपचार कल्याण कोष सञ्चालन ऐन, २०७९ | • कृषक समूह गठन व्यवस्थापन तथा कार्यक्रम सञ्चालनसम्बन्धी नमुना कार्यविधि - २०७९<br>• परवानीपुर गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि -२०७९<br>• गाउँपालिका गाउँप्रहरी कार्यविधि -२०७९<br>• स्थानीय जनप्रतिनिधिहरू तथा कर्मचारीहरूले पाउने सुबिधासम्बन्धी कार्यविधि - २०७९<br>• स्थानीय तह वित्त ब्यबस्थापन कोष कार्यविधि -२०७९<br>• परवानीपुर गाउँपालिका आर्थिक सहायतासम्बन्धी कार्यविधि -२०७९<br>• घरजग्गा, कोठा, टहरा बहालमा लीनेसम्बन्धी कार्यविधि -२०७९<br>• परवानीपुर गाउँपालिकाको बजार व्यवस्थापन कार्यविधि, २०७९<br>• अध्यक्ष आवास कार्यक्रम सञ्चालनसम्बन्धी कार्यविधि,२०७९<br>• नगर सरसफाई कार्यविधि,२०७९ |
| **निर्देशिका** | **नियमावली** |
| | • शिक्षा नियमावली, २०७६ |

# अनुसूची-४

**दिगो विकास लक्ष्य स्थानीयकरण गर्न नेपाल सरकारले बनाएका रणनीति कार्यनीति दिग्दर्शन तथा स्रोत पुस्तिका**

| क. सं. | दस्तावेज |
|---|---|
| १ | दिगो विकास लक्ष्यहरू वर्तमान अवस्था र भावी मार्गचित्र: २०१६–२०३० |
| २ | दिगो विकास लक्ष्यहरू प्रगति मूल्याङ्कन प्रतिवेदन, २०१६-२०१९ |
| ३ | नेपाल मानव विकास प्रतिवेदन, |
| ४ | दिगो विकास लक्ष्य: आवश्यकता पहिचान, लागत अनुमान तथा वित्तीय रणनीति |
| ५ | नेपालमा COVID-१९ को सामाजिक-आर्थिक प्रभाव बारे अध्ययन |
| ६ | १५ औं योजनाको वित्तिय आवश्यकता ढाँचाको विकास |
| ७ | दिगो विकास लक्ष्य: स्थानीयकरण स्रोत पुस्तिका, २०७७ |
| ८ | स्थानीय सरकारको वार्षिक योजना तथा बजेट तर्जुमा हाते पुस्तिका (संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय नेपाल, २०७७) |
| ९ | दिगो विकास लक्ष्यको स्थानीयकरणसम्बन्धी प्रदेशस्तरीय अन्तरक्रियात्मक कार्यक्रमको प्रतिवेदन, (संघीय संसद, राष्ट्रिय सभा -दिगो विकास तथा सुशासन समिति, २०७६) |
| १० | स्थानीय तहको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगी स्रोत पुस्तिका, (संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय नेपाल, २०७९) |
| ११ | स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको साङ्केतीकरण स्रोत पुस्तिका, (संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय नेपाल, २०७९) |

# सन्दर्भसूची


| क्र.सं | सामाग्री |
|---|---|
| १ | सार्वजनिक खरिद पुनारावलोकन प्रतिवेदन,२०७५ |
| २ | सहकारी झलक, २०७७ |
| ३ | स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ |
| ४ | स्थानीय सरकारको वार्षिक योजना तथा बजेट तर्जुमा हाते पुस्तिका, २०७७ |
| ५ | दिगो विकास लक्ष्यको स्थानीयकरणसम्बन्धी प्रदेशस्तरीय अन्तरक्रियात्मक कार्यक्रमको प्रतिवेदन, २०७६ |
| ६ | न्यायिक समितिका असल अभ्यासहरू, नेपाल नगरपालिका संघ |
| ७ | नगरपालिकाको योजना तर्जुमा दिग्दर्शन (नमुना), २०७७, नेपाल नगरपालिका संघ |
| ८ | राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ |
| ९ | दिगो विकास लक्ष्य स्थानीयकरण स्रोत पुस्तिका, २०७७ |
| १० | दिगो विकास एजेण्डा २०३० र दिगो विकास लक्ष्यहरूबारे जानकारी पुस्तिका, २०७४ -गैरसरकारी संस्था महासंघ नेपाल |
| ११ | दिगो विकास लक्ष्य आवश्यकता पहिचान, लागत अनुमान तथा वित्तीय रणनीति, डिसेम्वर २०१७ - राष्ट्रिय योजना आयोग |
| १२ | विकास योजनाको अवधारणा, विकास क्रम र संवैधानिक एवम् कानूनी व्यवश्था, २०७४ - संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालय |
| १३ | संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ |
| १४ | स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरणसम्बन्धी निर्देशिका, २०७४ |
| १५ | स्थानीय तहको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगी स्रोत पुस्तिका, २०७९ |
| १६ | स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको साङ्केतीकरण स्रोत पुस्तिका, २०७९ |
| १७ | स्थानीय शासन श्रोत पुस्तिका, २०७४ |
| १८ | बजेट पुस्तिका २०७८-७९, परवानीपुर गाउँपालिका |
| १९ | पालिकाको मध्यमकालीन खर्च संरचना (आ.व. २०७९/८० - २०८१/८२) |
| २० | राष्ट्रिय योजना आयोग, २०१८ः दिगो विकास लक्ष्यको लागि आवश्यकता पहिचान र लगानी रणनीति, राष्ट्रिय योजना आयोग, काठमाडौं, नेपाल। |
| २१ | राष्ट्रिय मानव अधिकार आयोग, नेपालः संवाहक मानव अधिकार जर्नल, अङ्क २०, नेपालमा दिगो विकास लक्ष्य र मानव अधिकार - डा. गिरिधारी शर्मा पौडेल। |
| २२ | पालिकाद्वारा प्रकाशित ऐन, कानुन, नीति, नियम, कार्यविधि, नियमावली तथा अन्य दस्तावेजहरू |

प्रकाशकः
परवानीपुर गाँउपालिका
मधेश प्रदेश, बारा, परवानीपुर, लिपनी मल
फोनः (+९७७) ०५१-४१०१६३
इमेलः parwanipurgaunpalika@gmail.com
वेबः parwanipurmun.gov.np